दायित्व

(साहित्यिक मासिक)

विषय-सूची

सूचना	पेज नं.	स्रष्टा
कथा/लघुकथा		
सहिदका आँखाहरूमा	१५	हिरण्यकुमारी पाठक
द्विविधा	२१	रामप्रसाद पन्त
मन नपरेको मान्छे	३२	रासा
महिला हुनुको मज्जा	३५	केबि महर्जन
दुई लघुकथा	३५	डा. रवीन्द्र 'समीर'
अव्यक्त पीडा	४०	हरिप्रसाद भण्डारी
फुपू दिदी	५२	महादेव अधिकारी
शुभारम्भ	५५	भक्तकृष्ण 'साकार'
लेख/निबन्ध		
नवँलाउने फूल	२	डा. पद्म देवकोटा
सफा भएन	७	अच्युतरमण अधिकारी
यहाँको परिचय	२६	छायादत्त न्यौपाने 'बगर'
स्वाभिमान	२९	कृष्ण भण्डारी 'मुमुक्षु'
आधाआधि	३६	युवराज मैनाली
संस्मरण		
अप्रत्याशित	१०	पीताम्बरा उपाध्याय 'पीयूष'
समीक्षा/समालोचना		
मुक्तिनाथको 'बेलायततिरको झझल्को'	१८	मोहनबहादुर कायस्थ
'बमबहादुर श्रेष्ठ स्मृतिग्रन्थ' भित्रको स्मृति	२४	भागवत ढकाल
'भावनाका थुँगाहरूमा रमा शर्मा	३३	मुक्तिनाथ शर्मा
'परन्तु यौटै मूर्तिमा विराट्' गीतमा राष्ट्रिय चेतना	४३	जयन्ती रूपाखेती (पौडेल)
लक्ष्मी उप्रेतीको 'स्निग्ध अनुभूति': संक्षिप्त अध्ययन	४८	बाबुराम ओझा 'भाइ'

कविता/गीत/गजल

भवानी घिमिरे - १/ शान्तिनारायण श्रेष्ठ - ४/ देवीप्रसाद न्यौपाने 'धीर' - ४/ वासुदेव गुरागाईं - ५/ सुरेश 'प्राञ्जली' सापकोटा- ६/ नीलम कार्की 'नीहारिका' -८/ कृष्ण बाउसे - ९/ पुष्प अधिकारी 'अञ्जली' - ९/ चन्द्रप्रसाद न्यौपाने - १४/ कोशहरि निरौला - १४/ जीवनपानी - १७/ मनु ब्राजाकी - १७/ वसन्तराज अज्ञात - १७/ उज्ज्वल जीसी - २३/ गोपीकृष्ण खनाल - २५/ उदय 'अपेक्षा' - २८/ सुबि 'सुधा' आचार्य - २८/ पौडेल 'मधु' - २८/ कृष्ण अधिकारी 'चिन्तित' - २८/जोन खालिङ राई - ३१/ धनराज गिरी - ३८/ इन्दिरा 'इन्दु' - ३९/ अरूण खत्री 'नदी'- ४२/ शिला तिवारी - ४४/ उमा मिश्र - ४६

साथमा : *सम्पादकीय आलेख/सदस्यता परिचय/दायित्व बोल्छ । कृति परिक्रमा आदि ।*

कविता

कस्तो शुभकामना पठाउँ दानुकाका ?

❑ *भवानी घिमिरे*

यस पटक त दशैंको शुभकामना
पठाउं कि भन्ने लागेको थियो
कसरी पठाउं शुभकामना ?
मन निश्चुक भिजेको छ ।

कति कति आफन्तहरू आफ्ना कोमल हातमा
हतियार बोक्ने हिंडेका छन्
कति आफन्तहरू जङ्गल जङ्गल लड्दै भिडेका छन्
चाडपर्व पनि गन्न पाइएन
आफ्नो परम्परा संस्कृति पनि
आनन्दले मनाउन पाइएन ।

यस्तो अन्धकार बेलामा
कहाँ को भुटिंदै छन् कहाँ को लुटिंदै छन्
केही थाहा पाइएन
यस्तो बेलामा कसरी शुभकामना पठाउं ?

हिजै त हो, माइलाको भैंसी थला परेछ
त्यो खलाको खलै मरेछ
जुठेदाइको खेत यसपालि पनि
खोलाले बगाएको मुन्नुपर्‍यो
कस्तो अशुभ समाचार !

प्रकृतिले पनि जुठेको पेटमा लात हान्नुपरेको
रामबहादुरलाई आफ्नी छोरीको फिस तिर्न
हम्मे पर्‍यो ।
कठै जुनेलीले जून झैं चम्किनु पर्दथ्यो
तर उसले जाँचमा बस्नै पाइन
चारैतिर लथालिङ्ग छ
चारैतिर भताभुङ्ग छ
बैंस चढेजस्तै महँगी चढेको छ
बैंस बढेजस्तै महँगी बढेको छ
आफ्नै देशमा अर्काको फौज आएर अडेको छ ।

यो देश आफ्नो रहन्छ कि रहन्न दानुकाका ?
यस्तो बेलामा म तपाईंलाई कस्तो शुभकामना पठाउं ?
यस्तो अत्यासको बेला म तपाईंलाई
के शुभकामना पठाउं ?

□□□

निबन्ध

नवैलाउने फूल

❑ डा. पद्म देवकोटा

फूल सबैको लागि प्यारो छ । यसको रुप, रङ्ग र सुवासको त्रिवेणीमा मनमोहक सौन्दर्यको सल्सलाउँदो आकृतिले कसको हृदय नछोएको होला ? बगैंचामा झपक्क फुलेको बोटले हृदयको विषाद फाड्छ, झोक्राएको दिलमा उत्तेजना ल्याउँछ, पिरोला अशान्ति पगाल्छ, कठोरपना गाल्छ, शान्त चेहरामा मुस्कान भर्छ, जिन्दगीमा मीठास ल्याउँछ । यसैले त मानिसलाई फूलको चाहना चर्को हुन्छ । बगैंचामा फूल उमार्ने जमिनको अभावमा मानिसहरूले गमलामा फूलहरू घरको बरपर सिंगाछन् । फूल र बिरुवाले कोठा सजाउँछन् । यसको सम्झनाले हृदय सिंगार्दछन्, कविता बनाउँछन्, सिर्जना बहाउँछन् ।

तर प्यारा वस्तुहरू दुवै दिनका कहानी हुन् । हिजो फुलेको फूल आज प्रातःकालमा रातभरिको पानीले रुझेको दुवोको शैय्यामा उत्तानो छ । यसको रोगको उपचार छैन । यसको उडेको रङ्ग फिकिएर आउने छैन । यसको खस्किएको सौन्दर्य फेरि पुरानो रुपमा फर्किने छैन । कालचक्रको यो सबैभन्दा पुरानो र क्रुर सत्य नबुझेको जस्तो गर्नु मूर्खता हुन्छ ।

सत्यबोधले चोट लागेको बेला संवेदना वहला वा बुहुलाउला । त्यो त अर्कै कुरा हो । मानिसको जस्तो हृदय समस्त चराचरमा अरु कसको छ र ? हृदयमा कसैलाई पनि बसाल्नु दुःख निम्त्याउनु हो । हामी महर्षि यस कारणले बन्न सकिरहेका छैनौं कि हामी हृदयमा प्रेयलाई बसाल्छौं, श्रेयलाई होइन । यसैले त हामी दुःखी छौं । हामी त्यो क्षणिक फूलको यति गहिरो माया गर्छौं कि त्यसको अजरत्व र अमरत्व हाम्रो नपुंसक कामना बन्छ । हामीलाई चाहिएको छ कहिल्यै पनि नवैलाउने फूल । कहिल्यै पनि नमर्ने फूल, जसले सदाबहार लिएर हाम्रो जिन्दगीको मीठास भरिरहोस् ।

यस्तै कामनाले आदर्श जन्माउँछ, जसको मोहनीले जिन्दगीको गोरेटो भर्न थाल्दछ । नवैलाउने फूलको यस्तै लालचाले प्रकृति जित्ने चेष्टा जन्मायो । यस्तो चेष्टारत चेतना सहजै प्रकृतिको विरोधी थियो । प्रकृति उपर विजय हासिल गर्न मानिसले सर्वप्रथम अनुकरण गर्न सिक्यो । चरा उडेको देखेर वायुयान जन्मायो । गुरुत्वाकर्षणको उपहास गर्दै तारा टिप्न अकाङ्क्षियो । अनि, अनुकरणले शिल्प र शिल्पले कलाकारिता तर्फ उकास्दै कल्पनाको आश्रयमा जन्मिएको वस्तु र वस्तुसदृशको दोसाँधमा चेतना रुमल्लियो । रुखो यथार्थको दर्दनाक वास्तविकतावाट उम्किने प्रयासले आदर्शजडित मिथकहरू जन्मायो । अनि चेतनाको रुमलाइमा कल्पनाले थप प्रश्रय पायो । पागल चेतनाले पाषाणमा फूल देख्नु कल्पनाको कमाल मात्र होइन, प्रकृतिको वास्तविकता उपर चेतनाले पाएको चमत्कारिलो विजयको क्षण पनि हो । पत्थरको नमीठो साक्षोपना विरुद्ध उठेको चेतनाले कल्पनाको सहायता लिएर सिर्जिएको फूलको कोमलता हो ।

यसरी शुरु भएको बाह्य जगत् र चेतनाको आपसी विरोधमा मानिसहरूको फूलप्रतिको प्यार परिभाषित भएर आउँछ । हृदयको यही वास्तविकता बुझेर मानवसमाजमा व्यापार फस्टाउन शुरु गऱ्यो । कहिल्यै नवैलाउने फूलहरू बैठकमा सजिए । बेउलीका हातमा प्लाष्टिकले बेरिएर सस्नेह थम्याइए; शुभमुहूर्तहरू सिंगार्न

रुप, रङ्ग र आकृतिका विभिन्न मिश्रणमा गुच्छाहरू बाँधिए । यिनै गुच्छाहरू ती आदर्शका प्रतीक बनेका छन् जुन आदर्श यथार्थमा परिणत हुन कदापि सक्दैनन् । "तिमी पनि यी नवैलाउने गुच्छा जस्तै बन !" को आशीर्वाद संभावनाको अपेक्षा गर्दै सद्भावको रूपमा जतातते गुन्जिइरहेको छ । रानी शीबाको प्रश्न साधारण मानिसले सोध्न भुलिसकेको छ । सोलोमनका माहुरीहरू आफ्नै मीठासमा छन् । यहाँ त आन्तरिक सजावटका व्यापारी कलात्मक परिवेशमा के सक्कली, के नक्कली, सबै सत् र असत्को निर्मित किनारामा चेतनालाई छकाउन व्यस्त छन् । चेतना जति अल्मलियो कला उति गम्कियो, रुमानी भावहरू हृदयमा छचल्किएको मीठो अनुभवले उतिनै आनन्द दिलायो ।

दिन भित्रको यस्तो मीठो आन्दोलनमा नवैलाउने फूलहरूको ठूलो भूमिका हुन्छ । तर प्रकृति र कलाको हृदयसंगको सम्बन्ध के यति नै हो त ? जन्मदातालाई दुवै झगडालु सन्तान प्यारा भएमैं हृदयलाई दुवै प्रकृति र कलाको बेग्लाबेग्लै महत्व छ । कला र प्रकृति दुवैले मानवहृदयमा स्थान ओगटेका छन् । प्रकृतिको सामीप्यमा सहरको स्वाद खोज्नु र सहरको बीचमा प्रकृतिको संझनाले न्यासिनु लचीला मानवभावनाहरूका स्वभाव हुन् । प्रकृतिमुखी भावनाहरू प्रचुर सहरीकरणको वशमा कलाप्रेमी भएर निस्किएका उदाहरण ती नवैलाउने फूलहरू हुन्, जो आँखा छकाएर हृदय जिल्न सिपालु छन् ।

तर पनि अदृश्य देवतालाई नजर सामुन्ने ल्याउन हुङ्गा कुँदेर तृप्ती लिएको जस्तो मात्र हो यो आँखा छल्ने काम । न हुङ्गा देउता हो, न मानवनिर्मित सजावट फूल । दुवैमा प्रतिनिधित्वद्वारा स्थापित सत्यको भ्रम मात्र प्रतीत हुन गएको छ । प्रजातन्त्रको खेलजस्तो ! तर पनि दुवैले आत्मालाई सन्तोष दिलाइरहेका छन् । पीठो घोलेको पानीले शिशुलाई दूधको तृप्ती दिएझैं । हामी आफूले आफैलाई छकाइरहेका छौं, छकिनुको आनन्द लिएर । के यो आत्मासंग झुठो बोलेको हैन र ? यसबाट के थाहा हुन्छ भने साधारण अवस्थामा सत्य भन्दा आनन्द ठूलो मूल्य रहेछ ।

मूल्यको उलटपलटमा हरिशचन्द्रहरू एक्लिन्छन्, बृहस्पतिहरू झुठा स्थापित हुन्छन् । श्रेणीबद्ध संसार सत्यलाई आनन्दभन्दा उपल्लो खुड्किलामा राख्नु पाप हो । यसो गर्न खोज्ने व्यक्तिको आनन्द सधैंको निम्ति मेटिदिन्छ दुनियाले र भन्छ, "हामी जस्तो बन ! दुई दिनको जिन्दगी मोजमज्जामा बिताउनु बुद्धिमानी हो । आनन्द दिने सत्य मात्र स्वीकार । नीतोसत्य नबोल, त्यसले तिमी शत्रुता मात्र कमाउने छौ ।" व्यक्तिवादी दुनियाँको यही सन्देश छ । समाजवादी दुनियाँ सत्यको बढी कदर गर्छ । उ भन्छ, "सत्यले पापीलाई मात्र डाम्छ । धर्मात्माहरूले सत्य त्याग्दैनन् । आनन्दको निम्ति सत्य त्याग्नु शठपना हो ।" जहाँ सामूहिक हितको कुरा आउँछ, त्यहाँ व्यक्ति बिलाउनै पर्छ ।

बादहरू विचार र तर्कका कुरा भए । सहज र स्वस्फुर्त संवेदनाहरू मानिसका सबभन्दा गहिरा सत्य हुन् । हामीलाई कृत्रिम वस्तुले त्यत्तिकै आनन्द दिलाउन सक्छ, जति कि प्राकृतिकले । तर त्यसबेला हामी झुक्किएकै हुनुपर्छ । तब फूलमा सुवासको कमी भइनै हाल्छ । कपडाको, धागोको, प्लाष्टिकको खयोपनातिर सचेत भएर नवैलाउने फूलहरूको मजा लिन गाह्रो पर्छ । झुक्किनुको मीठासमा उठेको चर्को "आहा !" सत्य छ । यस क्षणमा वस्तु र वस्तुसदृश यसरी घोलिएका हुन्छन् कि कल्पना र यथार्थमा भेद हुँदैन । हुङ्गा र फूल यौटै बनेझैं प्लाष्टिक वा कपडा र फूल यौटै बनेको हुन्छ । यस क्षणमा चेतना समेत चेतनाविरोधी बनेको हुन्छ । किनभने चेतनाले सत्य टिप्न चुकेको हुन्छ ।

चेतनानै चेतनाविरोधी बनेको क्षणमा कल्पनाले अरु उँचाई लिएको हुन्छ । वस्तुको यथार्थ र इहलौकिकतामा दृष्टिभ्रम र दीव्य परलौकिकता पाएर आतुर र आश्चर्यले स्तब्ध

भएर सौन्दर्यको मोहिनीमा फस्नु चेतनाको सामर्थ्य हैन । चेतना त विवेकशील हुन्छ । नक्कली फूललाई हेरेर सक्कली हो भनी झुकिएको वेलामा जस्तै यहाँ पनि चेतनाले वस्तुलाई वस्तुसदृश अनुभव गरिरहेको हुन्छ । अद्भुतको प्रभावमा सक्कलीलाई सक्कली होइन कि भन्ने ठान्नु नक्कलीलाई सक्कली ठान्नुभन्दा फरक प्रक्रियाको नभए तापनि रुमानी कविहरूले यसलाई माथिल्ला कोटीको आनन्द ठम्याएका छन् । यस्तै ठान्ने र ठम्याउने क्रममा सुन र फलामका, ठोस र तरलका, पाषाण र फूलका अन्तर छन् । बहेका र बहुलाएका चेतनाका पनि अन्तर छन् ।

तर चेतनाविरोधी चेतना पनि चेतना नै हो । चेतना कहिले उल्टिन्छ, कहिले सुल्टिन्छ । समुद्रको जस्तै तरलता लिएर कहिले छर्चाल्किन्छ र कहिले भाटामा उकालो लाग्छ । समुद्रको ज्वारभाटामा जस्तै चेतनामा चञ्चलता छ । समग्रमा यी दुवै क्षणका मीठासमा जिन्दगी चलिरहेको छ । बोध र भ्रमको संगममा ज्ञान टल्किन्छ । इतिहास र मिथकको संगममा समाज तरङ्गिन्छ । भ्रम र यथार्थको संगममा चेतना सल्बलाइरहन्छ । नक्कली र सक्कलीको संगममा आनन्द पैदा भइरहन्छ । हामीलाई त्यो नवैलाउने फूल त्यत्तिकै आवश्यक छ जति कि वगैचाको सुवासिलो फूल । त्यसैले हामी एक अकोंलाई सुसज्जित गुच्छाहरू उपहार दिन्छौं र भन्छौं, "तिमी पनि यो जस्तै कहिल्यै पनि नवैलाए ! सुगन्ध नभए पनि हाम्रो जिन्दगीमा आनन्द वर्षाउन नछाडे ।" यसमै हाम्रो जीवनको स्वाद छ ।

- देवकोटा सदन, मैतीदेवी

भदौ ७, २०६२

गीत

खान मीठो घिरम्ला त ...

❑ *शान्तिनारायण श्रेष्ठ*

खान मीठो घिरम्ला त हेर्दा राम्रो लौका
यो मनको धोको पोल्ने कैले आउला मौका ।
हेर्दा राम्रो हिमचुली
वस्न राम्रो फाँट
फाँटमा बसी रम्न पाए
हुन्थ्यो अर्कै छाँट ।

मीठो तर ज्यादै चिसो
झारखोलाको पानी
पानी जस्तै चिसो रैछ
तिम्रो पनि बानी ।

तिम्रो काया बिसाउने
बरको शीतल छायाँ
त्यै छायाँमा बसी लगाउँ
हामीले चोखो मायाँ ।

- कुश्माबजार, पर्वत

गजल

❑ *देवीप्रसाद न्यौपाने 'धीर'*

मायालुको बाटो आज रात भयो नि,
पिरतीको नसा पनि मात भयो नि ।

पर्खी बसें कैयौं दिन सडक छेउमा,
तड्पिएको पथिकसित बात भयो नि ।

माया लाउँदाखेरि मैले खा'को कसम,
वल्ल थाहा पाएं वर्ष सात भयो नि ।

पिरतीको बास्ना पनि फैलिएझैं लाग्यो,
पत्र हेर्दा बाक्साभरि खात भयो नि ।

तिमीसँग भेट हुँदा भोक हुँदैन,
एकान्तको बोली मलाई भात भयो नि ।

- सिद्धार्थनगर-३, रूपन्देही

कविता

पैसा ?

❑ वासुदेव गुरागाईं

कुरा गरौं कि पैसाको सबको मनको कुरो
टाढिन कोही मान्दैनन् सुन्नमा धनको कुरो
पाटा छन् दुई पैसाका गाह्रो बुझ्नु र चिन्नु छ
दुवै पाटा बुझीजांची असली पक्ष बिन्नु छ ॥१॥

के राम्रो हुन्छ पैसाले के नराम्रो पनि बुझौं
सबै हुंदा हुंदै पैसा सबै हैन पनि बुझौं
मुखमा रामको बोली खल्तीमा धारिलो छुरा
पैसाका लागिमा कैल्यै नगर्नु सुन यो कुरा ॥२॥

केलाउं यसका पक्ष विपक्ष के कसो भनी
ठण्डा दिमागले सोचौं पैसा के हो कसो भनी
के कस्ता काम पैसाले लोकमा हुन्छ त्यो पनि
जानेमा दूध वा पानी छुट्टिन्छ सहजै अनि ॥३॥

बने राष्ट्रपति पैसा मुख्य मन्त्री बने पनि
होनहार प्रजातन्त्री राजा-रङ्ग जुने पनि
पैसाको खेल हो मित्री मूल्यमा माथि वा तल
राजनीति सबै उस्तै पैसै निम्ति छ खलबल ॥४॥

स्रोत हेरिन्न पैसाको कुकर्मी वा सुकर्मी हो
रवाफी धाक हेरिन्छ दृष्टिदोष समाजको
डांको ठूलो छ पैसाको पैसावाल फुरुङ्ङ छ
संसारै किनुं भैं गर्छ पैसाहीन जुरुङ्ङ छ ॥५॥

मान्छे उम्लिन्छ पैसैले पैसैले बढ्छ छुकछुकी
पैसैले झगडा बढ्छ पैसैले गर्छ छुकछुकी
टांसिन्छ मित्र पैसैले पैसैले पर भारदछ
छरछिमेकी सबै पैसा पैसैले तर लाग्दछ ॥६॥

दुलहा बिक्छ पैसामै बेचिन्छे दुलही पनि
मोलतोल सबै पैसा देखिन्न तर क्यै पनि
धर्मपुत्र बने पैसा अपुताली परे पनि
गुरुक्क उठ्छ पैसाले बम्हनालै ढले पनि ॥७॥

नाता जोडिन्छ पैसैले पैसैमा घरघडेरी छ
मान्छे जोखिन्छ पैसैले पैसा छैन खडेरी छ
शिक्षा बेचिन्छ पैसैले पैसैले न्याय पर्दछ
पैसाले नहुने के छ पैसैले सब गर्दछ ॥८॥

मान्छे बिग्रन्छ पैसैले पैसैले गर्छ उन्नति
तलमाथि सबै पैसा पैसैले गर्छ जे जति
मनोमालिन्य पैसैले पैसैले झगडा पनि
मिलापत्र पनि गर्छ पैसैले तगडा बनी ॥९॥

बालवृद्ध सबै पैसा पैसामै दङ्ग पर्दछन्
पैसा नपाउंदा छिट्टै अनेकौं रङ्ग भर्दछन्
लक्ष्मी पूजिन्छ पैसामै पैसामै रम्दछन् शिव
देव, दानव वा मान्छे पैसामै झुम्दछन् सब ॥१०॥

पार्टी चल्दछ पैसैले पैसैले गर्छ एकता
कार्यकर्ता बिछोडिन्छन् पैसैले को कता कता
पैसैमा नोकरी मिल्छ पैसैमा माल वा कर
मन्त्री, सासद वा ढाके पैसैको गर्दछन् चर ॥११॥

मान्छे मारिन्छ पैसैले पैसैले ज्यूंदछन् कति
देशै फुट्दछ पैसाले युद्धग्रस्त अझै कति
हतियार सबै पैसा दान-दातव्य जे पनि
राम्रो हो कि नराम्रो हो पैसाको दृश्य जीवनी ॥१२॥

जुवा खेलिन्छ पैसैमा पैसैमा गणिकाहरु
निर्लज्ज भै नजिकिन्छन् यत्रतत्र खुरुखुरु
भट्टी चल्दछ पैसामै हाहा विश्व गराउँछ
स्वर्ग-पाताल जोडिन्छ पैसै दूरी घटाउँछ ॥१३॥

पैसा तानिन्छ पैसैले कला जाने अपार छ
नजाने दुःख पैसैले बिघ्नबाधा हजार छ
साधु-सन्त सबै पैसा पैसामै हुन्छ छट्पट
माता-पिता, पति-पत्नी पैसामै हुन्छ खट्पट ॥१४॥

जादुगरी छ पैसाको यत्रतत्र सबैतिर
नहुँदा छट्पटी हुन्छ दिनरात निरन्तर
बैगुनी र गुनी पैसा हुँदा र नहुँदा पनि
समान रुपले चल्ने वातावरण छैन नि ॥१५॥

पैसा साथ हुनेभन्दा नहुने बढी दुक्क छन्
भकारी धनको कस्ने दिनरात सशङ्क छन्
यस्तो सशङ्की वस्तुको पनि छाडिन सङ्गत
साथमा नहुँदा पैसा बरु जोगिन हुर्मत ॥१६॥

पैसामै छ भने हुन्छ ब्रम्हाण्डीय धरातल
र पनि त्यसकै निम्ति नगरौं बढी तल्तल
दौडने कोही छन् बाटो नछेकौं जे गरुन् गरुन्
पैसाकै लागिमा बाँचुन् अथवा त्यसमै मरुन् ॥१७॥

जाँदैन साथमा पैसा हावा छ्वास्स उडेपछि
सकिन्छ जीव मासिन्छ यमराज घुसेपछि
बुझी सम्पूर्ण यी पक्ष पैसा सत्कर्ममा धर
सुकर्म गर पैसाले सुनामको बनोस् घर ॥१८॥

□□□

क्वान्टम् मान्छे र मिथक पीडाहरु

❑ सुरेश प्राञ्जली सापकोटा

न्यूक्लियस गर्भमा जमेका मान्छेहरू
अभिसप्त, आकाश ओडेर
चेतना बाँच्नु अघि
मस्तिष्क हराएर उदाङ्गिएको शहर
राता क्लोनहरू छचल्किदै
पिडा उदाइरहन्छ
अमिला मनका अभ्यन्तरहरू भरि ।

क्वान्टम् अस्तित्वका ढिक्काहरू
बारुद जमेका टेष्टट्यूब भित्र
सिम्फोनिक मुटुका जिजीविषाहरू उचालिएर
प्रयोग इतिहास - इतिहास प्रयोग
परिक्षण गरिरहन्छु - म,
मिथक मान्छे र प्रिक्का डि.एन.ए.का
रेसाहरू भएर ।

शहर-बुद्धका इलेक्ट्रोनहरू पिएर
धमिलो चेतना बाँचिरहँदा
म, तिमी गएको बाटोभरि आँखा सुताएर
घाम पखिरहँदा
सखारै, अखबारले मस्तिष्क हिर्काउँछ
"राता नीदहरू निदाइ सक्यौ रे तिमी !"
खबरका बेखबर पंक्तिहरूसँगै

- *स्याङ्जा*

⊙ *विश्वका युवाहरूलाई मेरा तीनवटा सन्देशहरु छन् - परिश्रम, परिश्रम, परिश्रम ।* - **विश्मार्क**

⊙ *शत्रुको हँसाइभन्दा मित्रको आँखातराई राम्रो हुन्छ ।* - **नेपाली उखान**

⊙ *थोरै पढ्नु- धेरै सोच्नु, कम बोल्नु- धेरै सुन्नु बुद्धिमान् बन्ने उपाय हुन् ।*

- **रविन्द्रनाथ टैगोर**

⊙ *सबैखाले सामाजिक परिवर्तनहरु आर्थिक शक्तिबाटै निर्धारित हुन्छन् ।* - **कार्लमार्क्स**

लेख

सफा भएन

❑ *अच्युतरमण अधिकारी*

प्रकृति बिग्रिएको छ, विकृति थिग्रिएको छ। स्वीकृति छैन, परिस्कृति पनि भएन। तब त यहाँ सफा भएन। सफा भएन, के ? स्वास, गति, मति र संगति केही नै सफा भएन। र त, यहाँ स्वास्थ्य संयोजनमा रहेन। स्वास्थ्य संयोजनमा तरहनु साह्रै नै ठूलो दुर्भाग्य हो। यो दुर्भाग्य जीवनको लागि साह्रै नराम्रो कुरा हो। जीवन पायो स्वास्थ्य पाएन भने त्यस अभागीका लागि के पो रह्यो र यहाँ ? अभाग अभागै हो सहभाग सौभाग्य हो। सफा भए, स्वास्थ्य भए सहभागको पनि भागिदार भइहाल्छ मान्छे। मान्छेको मान्छे मान्छेका स्वास्थ्यमा सञ्चालित भए त्यसबाट केही हुन पनि त सक्छ नि ! मान्छेभित्र मान्छे छ, उसको हाँसेको जीवन छ अनि त ऊ कति भाग्यमानी हुन्छ होला त ! भाग्यको रेखा जीवन हो, जीवनको चौतारी स्वास्थ्य हो। त्यसैले त स्वस्थ जीवनको मूल्य नै विशेष हुन्छ। स्वस्थ जीवन सौभाग्य हो। स्वस्थ जीवन सर्वाधार हो र विशेष कर्मको फलाधार हो। जीवन कर्ममा तलागे सधैं अस्वस्थ रहने सम्भावना हुन्छ।

सफा भएन, के ? विश्वास ! विश्वासले नटेकेको भूमि कर्मभूमि नै बन्न सक्तैन। विश्वासले साथ नदिएको जीवन करीब करीब जिउँदो मूर्दा नै भइदिन्छ। आस्थाले देख्छ, विश्वासले टेक्छ अनि जीवन कर्ममा मुस्कुराउँछ। विश्वास आधार हो, कर्म व्यवहार हो, जीवन संसारलाई सुम्सुमाउने धरोहर हो। पाएको जीवन छामेर बाँच्नु सौभाग्य हो तर केले छाम्ने त ? प्रश्न अगाडि तेसिन्छ। छाम्नु कर्मले हो, थाम्नु मर्म बुझेर हो। थामेर मात्र हुँदैन जीवन, यसलाई राम्री छामेर, सुम्सुम्याएर थुम्थुम्याउने कर्म नै गर्नुपर्दछ। कर्ममा हाँसेको जीवनको मर्म हुन्छ र अन्तरहृदयलाई राम्री धुन्छ। अन्तरहृदय सफा राख्ने उपायमा कर्मभन्दा अर्को उपाय नै छैन त ! किन मान्छे फोहोरी हुन्छ ? किन नाला नालामा गएर मुन्टो गाडेर तल नै झर्छ ? यस्ता प्रश्नहरूको जवाफ पनि स्पष्टै छ - अकर्मण्यता ! कर्मगतिमा नलागेको मति कर्म विश्वासमा टेक्न पाउँदैन। त्यसपछि अकर्मण्यता बढेर जान्छ अनि जीवनले स्वतः गति नै हार खान्छ। त्यसैले त जीवन सफा पनि हुँदैन नि ! अनि सफा भएन भनेर मात्र के गर्नु र !

आफू त आफैंमा हुन्छ नि ! आफूलाई सफा आफैंले त राख्छ। आफू सफा नरहे संसारको सफाइ थाहै हुँदैन। कालो विश्वासमा सेतो संसार हुँदैन। सेतो र सफा केही हेर्नुछ र यसका लागि कहीं जानुछ भने पहिले आफूलाई प्रयोग गर्नुपर्छ। त्यो प्रयोग पनि कर्मबाट गर्नुपर्छ। कर्म प्रयोगले समबाट बचाउने मात्र होइन मर्मको यथार्थ पनि प्रदर्शन गर्दछ। कर्म नै धर्म हो र यही नै ठूलो सौभाग्य पनि हो भन्ने कुराको मर्म बुझेका व्यक्तिले जीवनलाई वास्तविक रूपमा चिनेका हुन्छन्। कर्ममा विश्वास भए जीवन पलाउँछ तर कर्मभित्र अति गर्व छ भने त्यसले जीवनलाई जलाउँछ। पलाउने जीवनले केही फलाउँछ तर जलाउने जीवनले भविष्यलाई समेत मैल्याउँछ। सौभाग्यलाई पारिवाट वारितिरको संयोजनमा ल्याउने साँधु जीवन हो। जीवन सफा भए असल कर्ममा लाग्दछ। यदि त्यस्तो नभए कुकर्मतिर दौडिन पनि सक्तछ। त्यसैले त जीवन सफा रहने प्रक्रिया पनि याद गर्नैपर्छ नि !

सफा हृदय सही संस्कारबाट बनेको हुन्छ। सफा हुन सफा नै हुनैपर्छ। आफू सफा भए त संसारै सफा देखिन्छ। आफूले आफूलाई बनाउने आफ्नै शैली हो। त्यो संस्कारको भन्सार पार गर्दै यस व्यवहारमा आइपुग्दा। स्वीकृतिमूलक संस्कारबाट पारगत हुँदै अघिबढेको यथार्थले आफ्नु कर्मलाई परिष्कारमा पुऱ्याउँछ र अग्रिम कर्मगतिलाई सफा र स्वस्थ बनाउँछ।

कर्मगतिले सुमतिलाई बढाउँछ तर कुकर्म गतिले कुमतिलाई प्रोत्साहित गर्छ, बढाउँछ र अझ बढाउँछ पनि। कसैले काम गऱ्यो, त्यो आश्चर्यको कुरा होइन। तर फुलेफलेको देखिने कामभित्र पनि विषादियुक्त कीटाणुहरू सञ्चित रहन्छन् भने त्यो उसका संस्कारले त्यसो गराएको मान्नुपर्दछ। अस्वस्थ जीवन वातावरणले तयार हुन्छ तर अस्वस्थ संस्कार उसको पुस्तौ अघिदेखिको चारित्रिक हीनताबाट बनेको हुन्छ। पहिलाले उसैलाई मात्र खाइदिन्छ भने दोस्रोले कुल परम्परालाई नै बिनाश गर्दछ। मानिस सफा हुँदैन अभिमानले पनि अभिमान कसैको अपमानका लागि र आफूभित्रको विशेषाग्नि सम्झेको विषाग्नि प्रयोगका लागि प्रदर्शित हुन्छ तर त्यसले उसलाई र उसैको वंशलाई खाइदिन्छ। अनि जीवन सफा भयो त ?

सफा भएन, हुँदैन ! सही गति र सुमति सफाइको यथार्थ प्रीति हो। सही गतिमा त कर्मगति नै मुख्य हो। कर्मगतिमा पनि अभिमानको वायुयान सञ्चालित भयो भने रावण गतिमा पुग्दछ मान्छे। धिचुवा र थिचुवालाई स्वस्थ बनाउन र सफा राख्न शायद पशुपतिनाथले पनि सम्भव छ भनी स्वीकार नगलान् कि ! अस्वस्थ मानसिकता जीवनको सबैभन्दा ठूलो अभिशाप हो। त्यो त्यसैगरी बटारिँदै चोइटिँदै गएपछि सफाइ र स्वस्थताको सम्भावना झनै विनष्ट भएर जान्छ। स्वस्थता मानसिकतामा पहिलो निर्भर त्यसपछि धीरतामा। धैर्य धारणाको सफल मार्ग हो। त्यसलाई स्वस्थ मानसिकताले औषधि गर्छ। त्यसैले जे गर्नुपर्छ पहिले मानसिक स्वस्थताबाटै अघि बढ्नुपर्छ। अस्वस्थ मानसिकता आपराधिक कर्मको आधार पनि न बन्न सक्छ नि ! त्यसैले आजको यो तरुण संसार अस्वस्थ मानसिकतामा अघि बढिरहेछ। यसमा अभिमानको अभियानबाट जे जस्तो काम भएको पाइन्छ, जस्तो उडान देखिन्छ त्यसले गर्दा यो संसार सफा भएन। मानिसको मानसिकता सफा भएन त्यसैले संसार सफा रहेन। अस्तु

- *पद्मकन्या क्याम्पस*

कविता

मृत्यु

❑ *नीलम कार्की 'नीहारिका'*

म सूर्य बनी
झलमल्ल उदाएको बेला
तिमी आएर मऱ्यौ
तृष्णा तिमी अस्ताइदियौ
म सहर्ष अस्ताइदिएँ ।

जब म, अस्ताइसकेको थिएँ
तिमीले भऱ्यौ
हामीलाई तिम्रो औंधी खाँचो छ
तिमी पुनः उदाउनुपर्छ
म उदाइदिएँ
म एक जिन्दगी बाँचेको बेला ।

तिमीले भऱ्यौ
लाखौं जीन्दगीका निम्ति
तिम्रो एक मृत्यु खाँचो छ
तिमी हाम्रो लागि मरिदिनुपर्छ
म इच्छा मृत्यु मरिदिएँ ।

अब मेरो मृत्युपछि
अलाप विलाप गर्दै तिमीहरू भन्दैछौ
भुल भयो तिम्रो मृत्यु होइन जीवन चाहिन्छ
तिमी बाँच्नुपर्छ ।

बाँचेर पो मर्न सजिलो थियो
तिमीनै भन
मरेर म कसरी बाँचुँ ?

□□□

⊙ *युद्धमा बेला विवेक छायाँमा पर्छ ।* - **अज्ञात**

⊙ *ईश्वर पूजाको होइन, प्रेमको भोको छन् ।* - ***स्वामी दयानन्द***

कविता

बादलका टुक्राटुक्रामा जीवनको छटा

❑ *कृष्ण बाउसे*

नासो फिर्ता गरिसकेपछिको
हलुङ्गो मनका साथ
मन्दमन्द मुस्कान छरिरहेका डे-ब्लाक
र, केही गनुंछ को गम्भीर मुद्रामा
आकाशभरी छाइरहेका नेल्सन मन्डेला
मेरो आकाश मण्डलमा
आज देख्दै छु म
यी आँखाहरू भरी ।

तिनका खोलिएका मुट्ठी
तिनकै हिंडाइका टकटक
अनि तिनकै उदार र सहृदयी आवाज
नवयुगकी सानी राजकुमारीको चिहाचिहाँ
कताकता मण्डलाको आकृति कोर्दा
हो कि हो कि झैं पोतिएका रङहरू
र, आकाशको अधिकांश क्षेत्रफलमा
टुटु, बिन्ती र ग्रेसाहरूलाई नचाउँदै
आफैं पनि नाचिरहेका उनैका प्रतिबिम्बहरू ।

गाना-बजानाहरू
जुलुसमा निस्केका लस्करहरू
बाटो खन्न या खोरिया फाड्न व्यस्त
गतिमान् हातहरू ।

हेर्दाहेर्दै हेर्दाहेर्दै
सारा आकाश नै मुस्कानमा डुबेको
पानी पनुंअघिको आकाश
मन्डेलाको अनुहार
बादलका टुक्राटाक्रीमा अङ्कित जीवनको छटा ।

अहा !
आकाशमा फुर्तीसाथ नाचिरहेका को हुन् ती ?
सेरेना विलियम्स आहिस नगर है !
मुख्य अतिथिको आसनमा अरु कसैलाई देखेर
कोफी अन्नान पनि छक्क नपर है ।
ए माइकल ज्याक्सन ! माइकल ज्याक्सन !
चुप लागिदेऊ तिमी पनि एकैछिन
अकैं कालो मोती चम्किरहेछ यसबेला
आकाश थकाएर गाउँदै अर्थपूर्ण गीत ।
हो, कालोको महिमा दर्शाइरहेछ
मेरो आकाशको बादलले यसबेला
गाउँदै थोपा थोपा पानी भएर जीवनको गीत
गाउँदै थोपा थोपा पानी भएर जीवनको गीत ।

❑❑❑

गजल

❑ *पुष्प अधिकारी 'अञ्जली'*

जीवनदेखि जीवन हारिरहेँछु साथी
साउन भदौ आँखाबाट झारिरहेँछु साथी ।

देश भित्र आफै यहाँ बिरानो भएँछु कि
अपनत्व मानवताको मारिरहेँछु साथी ।

आफन्तै आफन्तको भीडमा पनि एक्लै छु
कस्तो दुर्दशा हरे ! देशमा जुठो बारिरहेँछु साथी ।

कति सुन्दर स्वच्छ शान्त, स्निग्ध थियो नेपाल
विगतलाई आगतमा नै उधारिरहेँछु साथी

जीवन देखि आगतमा नै उधारिरहेँछु साथी
साउन भदौ आगतमा नै उधारिरहेँछु साथी ।

- भरतपुर- १०, चितवन

संस्मरण

अप्रत्याशित

❑ पीताम्बरा उपाध्याय 'पीयूष'

नेपाल सांस्कृतिक र भौगोलिक विविधतायुक्त प्रकृतिको अनुपम कृपा प्राप्त सुन्दरतम देश हो भन्ने कुरा सहरी क्षेत्रबाट पाँच छ किलोमिटर बाहिर खुला ग्रामीण क्षेत्रमा पुग्ने बित्तिकै प्रमाणित हुन्छ । नेपालगञ्जको व्यस्त बजारबाट अन्दाजी तीस कोश टाढा राजीगाउँ पुग्दासम्मको मार्गमा प्रकृतिको जुन विविध रुपको दर्शन भयो त्यसले हृदयलाई नै अभिभूत तुल्याई दियो । खुला फाँट, पारिजातको सुगन्धले गम्कंको वन, दयौराली डाँडाको चुनौतीपूर्ण उकालो, त्यहाँ पुगेपछि देखिने चारैतिरको सुरम्य दृश्यावलि, शितल समीरको मनप्राण तृप्त गराउने स्पर्श, सबै नै अलौकिक थिए । शरीर सान्त भए पनि त्यस यात्राबाट प्राप्त अनुभूतिले मनलाई उल्लसित तुल्याई दिएका थिए । चौरालीबाट झर्दाको अनुभव झन् आफ्नै किसिमको थियो । हामी चारजनाको टोली बिहानको एघार बजे नदीको किनारामा पुगी केही बेरको विश्राम र खानपिनको व्यवस्थामा लाग्यो । चौराली फेदीको होटलमा खानाको लागि भनेर हामी बबैको उलँदो धारको अवलोकन गर्न लाग्दा त्यहींबाट सुखेत जाने बाटो छुट्टिन्छ । हामीलाई भने बबै तरेर जङ्गलको बीचबाट जाने बाटो समाई झण्डै दश कोश पर राजीगाउँ पुग्नुथियो । खाना खाई छोटो विश्रामपछि डुङ्गाद्वारा बबै तरेर हामी लक्ष्यतिर लाग्यौं ।

हाम्रो लक्ष्य राजीगाउँ थियो । विकासको मूलधारबाट छुट्टिएर माछा मार्नु र नदी पार गरिदिनुलाई नै मुख्य पेशा तुल्याएर बसोबास गरेका राजीजातिको सामाजिक एवं आर्थिक स्थितिको अध्ययन गर्नका साथै तिनलाई आधुनिक विकास क्षेत्रमा ब्युँझाउने उद्देश्यले हाम्रो टोली महिना दिन ती गाउँमा बिताउने जमर्कोमा थियो । वनको बीचबाट गएको केही दुरुहबाटो हिंडेर अँध्यारो छिपिएपछि मात्र हामी पूर्वनिश्चित वासस्थानमा पुग्यौं । हाम्रो उद्देश्यसित पूर्ण परिचित दशरथ राजीको घरमा हाम्रो बासको व्यवस्था गरिएको पूर्व जानकारी हामीले पाइसकेका थियौं ।

दशरथ राजीको घर खोज्न गाह्रो भएन । कारण आँगनमा नै उनी गाउँका प्रधान भूतपूर्व मेजर, मुखिया मास्टर साहेब र अन्य व्यक्ति समेत भई हाम्रो प्रतीक्षामा थिए । भलाकुसारी र छोटो परिचयपछि हामी भोलि भेट्ने निधो गरी निश्चित ठाउँमा बास बस्ने गर्यौं । खाने बेलामा दशरथले आफ्ना दुई श्रीमती र तीन केटाकेटीको परिचय पनि गराए । दशरथले मलाइ पहिलेदेखि नै दिदी भन्ने गरेकाले उनका श्रीमतीहरूले मलाई अमाज्यू र केटाकेटीहरूले फुपूको साइनो लगाए । मलाई माइतमा पुगेजस्तै रमाइलो लाग्यो । हाम्रो टोलीका दुई पुरुषसदस्यलाई चाहिँ पाहुनाघरमा र शेष हामी दुई महिलालाई आफ्नै घरमा बस्ने व्यवस्था गरे ।

दशरथका दुई श्रीमतीको नाम कौशल्या र यशोदा थियो । जेठी कौशल्या अर्की अलि पाकी र यशोदा अठ्ठाइस तीस वर्षकी युवती थिए । सुत्नुभन्दा अघि मकै यशोदालाई स्नान र शौचको व्यवस्था बारे सोधें । उनले स्नानका लागि गाउँको छेउमा बग्ने खोलामा नै जानुपर्ने बताइन् र भोलिपल्ट सबै हामीलाई खोला देखाउन संगै लान पनि भनिन् । हामीले त्यहीं ठहर गर्यौं ।

दिनभरिको यात्राले हामी प्रशस्त थाकेका थियौं । आफ्नै घरमा सुतेजस्तै ढुक्कले सुत्न पाउँदा मस्त निदाएछौं पनि । मिर्मिरे उज्यालोमा हामी ब्युँझँदा यशोदा हामीलाई पर्खिरहेकी रहिछन् । हतपत हामी उनका पछि लाग्यौं । गाउँमा सारै

पातलो बस्ती थियो फाटफुट घरहरू र खेतका बीचबाट गएको बाटोमा दुवैतिर घना वन थियो । झण्डै आधा कोश हिँडेपछि हामी खोलामा पुग्यौं ।

वनको बीचमा बगेको खोला एकान्तमा पन्छीको विविध सङ्गीत र शीतल जल स्पर्शको दिव्य आनन्द बिर्दै हामीले एक घण्टाको समय त्यहाँ बितायौं । सम्पूर्ण थकाई मेट्नुको साथै नयाँ उर्जा प्राप्त भएको अनुभव भयो । हामी दुई पानीबाट निस्केर लुगा फेरी हिँड्न तयार भयौं । तर यशोदाले भने स्नान गरिनन् । मैले आग्रह गर्दा पनि मानिन् एक गाग्रो स्वच्छ जल लिएर उनी हिँड्न तयार भइन् । हामी बसेको स्थान पुग्दा हामीलाई भेट्ने मानिसहरू आइसके छन् ।

हामी घर भित्र नपसी आँगनमै बस्यौं । दुईचार व्यक्ति अझै आएपछि हामीले हाम्रो यात्राका दुई उद्देश्य बारे स्पष्ट गऱ्यौं । चार सदस्य मध्ये दुई जनाले बरिपरिको सामाजिक एवं आर्थिक रितिस्थितिको अध्ययन गर्ने, घर घरमा गई अन्तर्वार्ता लिने र शेष दुई जनाले तालिम कक्षा सञ्चालन गर्ने भूतपूर्व मेजर मास्टर साहेब मुखिया साहेब र दशरथले पनि दुई टोलीको साथमा रहेर सहयोग गर्ने निधो भयो । त्यहाँ उपस्थित व्यक्तिहरूले गाउँका समस्याहरूबारे बताए । कृषि राम्रो नहुनु, तरकारी खेती नहुनु, सरकारद्वारा स्कूल खोलेर पनि छात्रहरू नआउनु आदि समस्या धेरै थिए । तर मैले समस्या अर्को देखें । त्यहाँ भेला र छलफलमा हामी दुई बाहेक महिलाको सहभागिता नहुनु । घरको ढोकाबाट र भ्यालबाट पनि महिलाहरूले चिहाउँथे । तर बाहिर आगनमा आउँदैनथे ।

कक्षा सञ्चालनको ठाउँ, समय, नाम दर्ता आदि सबै कुराको निधो गरी अध्ययन दल प्रस्थान गर्ने समय समेत भोलिको लागि निधो गरी मध्यान्हमा हामी खाना खाने र अपरान्हमा गाउँ घुम्ने दुवै दल सँगै जाने पनि निर्णय भयो र हामीले भेला सक्यौं ।

खाना खाँदा मैले यसोदालाई नियालेर हेरें । पातको छाँट परेको जीउ, सहज स्निग्ध प्रसाधन रहित आकर्षक अनुहार, भावपूर्ण आँखा र अपेक्षाकृत शान्त प्रवृत्ति उनको व्यक्तित्वको विशेषता थियो । उनको शान्त प्रवृत्ति र ज्यादै कम बोल्ने बानीले मलाई ज्यादै प्रभावित तुल्यायो । उनी ठट्टा गर्नु न परै जाओस् अरुले गरेको ठट्टामा हाँस्न समेत हाँस्दिन थिइन् । खाने बेलामा बढी कुरा र कही ठट्टा पनि कौशल्यासित भयो । कौशल्याले नै भनिन् गाउँका केही महिलाहरू हजुरहरूलाई भेट्न बसेका छन् भनेपछि हामी दुई महिलाहरू तिनीहरू बसेको कोठामा गयौं । कौशल्या हामीसित आइन् तर यसोदा आइनन् । बोलाउँदा पनि धन्दा गर्नुछ भनिन् ।

महिलाहरूलाई मुख्य जिज्ञासा हामी महिलाहरूले भनेका कुरा गाउँका सबै गण्यमान्यले चाख दिएर सुनेको र मानेको विषयमा रहेछ । यौटी महिलाले स्पष्ट जिज्ञासा राखिन् । हामीले भनेको कुरा लोग्ने र छोराले पनि सुन्दैनन् तर तपैंहरूले बोलेको त्यस्तो चाख लिएर सने अनि भनेजस्तो पनि गर्न तयार भए । किन त्यस्तो भयो ?

मैले प्रति प्रश्न गरें "तपाईंले गरेका कुरा लोग्ने छोराले सुन्दैनन् ?"

उत्तर आयो - "उही त हो नि घर गृहस्थीका कुरा झैंझगडाका कुरा नन्द अमाजुका कुरा लुगा गहनाको कुरा हामीले गर्ने कुरा यिनै त हुन् ।"

उही कुरा वा उस्तै कुरा घरी घरी भनेपछि चाख लाग्दैन । त्यसैले सुन्दैनन् होला चाख लाग्ने खालका कुरा गर्नुहोस् त हेरौं सुन्छन् वा सुन्दैनन् । मैले भनें ।

"त्यस्ता कुरा के हुन् ?" अर्की के प्रश्न गरिन् ।

हो त्यस्तै कुरा तपैंहरूलाई र गाउँका सबैलाई भन्नका लागि त हामी आएको छौं । हामी तपाईंका कुरा पनि सुन्नेछौं, अनि हामीले जानेका कुरा पनि भन्नेछौं । भोलि एघार बजे तपाईंहरू सबै र अरु आउन खोज्नेलाई समेत लिएर आउनुहोस् । मैले भनें ।

त्यहाँ भेला भएका सबैले सहमति जनाए । हामी छुट्टियौं । तर मेरो मन भने यसोदाको गम्भीर प्रवृत्तिप्रति नै जिज्ञासु रही रह्यो ।

हाम्रो दलले अध्ययन र प्रशिक्षण दुवै कार्य स्थानीय व्यक्तिका सहयोगबाट राम्रोसित नै आरम्भ गऱ्यो । साँझमा दुवैदल साथ भै बसी देखापरेको समस्याबारे छलफल गर्ने र आफूलाई प्राप्त जानकारीको आदान प्रदान पनि गर्थ्यौं । प्रशिक्षण कक्षामा महिला र पुरुषहरूलाई एकै कक्षामा बसाउँदा महिलाहरू कम बोल्ने गरेको निर्धक्क भएर आफ्नो समस्या राख्न नसकेको देखेर हामीले छुट्टाछुट्टै कक्षाको सञ्चालन गरायौं । दुवै बर्गले हाकिमप्रति निकै चाख लिए । सात दिनपछि नै स्कूलमा विद्यार्थीहरू ३१ जना भर्ना भएका र पहिलो पटक सातजना छात्राको पनि नाम लेखाएको रिपोर्ट मास्टर साहेबले दिनुभएकोले हामी झन् उत्साहित भयौं ।

सबै कार्य सहजता पूर्वक सके तापनि यसोदाप्रतिको मेरो जिज्ञासा भने शान्त हुनसकेको थिएन । उनी महिला कक्षामा पनि यदाकदा मात्र आउथिन् र बोल्दिनथिन् । केही सोधेमा संक्षिप्त उत्तर भने दिन्थिन् । धेरैजसो समय उनी घर खेतको काममा नै लागिरहन्थिन् । प्रत्येक बिहान स्नान गर्न भने उनी हामीसितै जान्थिन्, अनि पानीको गाग्रो बोकेर स्नान नगरिकनै फर्किन्थिन् ।

यसोदाको असहज गाम्भीर्यले मलाई भित्रभित्रै पिरोलिरह्यो ।

भौगोलिक स्थिति, संस्कृति, प्राकृतिक परिवेश आदिमा जतिसुकै विभेद वा अन्तर भए पनि मानवीय मन अन्ततोगत्वा समान हुन्छ भन्ने मेरो धारणा थियो । विभिन्न देशका महिलाहरूले व्यक्त गरेका अन्तर्व्यथामा पनि मूलतः समान मानवीय तत्व र चिन्तन रहेको प्रशस्त प्रमाण मैले आफ्नो अनुभवद्वारा बटुलेकी थिएँ । यसोदाको गम्भीरताको कारण पनि नारीको सामान्य चिन्तनदेखि परै छन् भन्ने मलाई दृढ विश्वास थियो । तर उनको अन्तर्व्यथासित परिचित हुने अवसर भने मैले पाउन सकिनँ ।

सामान्य अवलोकनबाट के स्पष्ट हुन्थ्यो भने यशोदा दशरथकी कान्छी पत्नी हुन् । तर जेठी कौशल्या र कान्छी यसोदाको पारिवारिक स्थिति र मर्यादामा निकै फरक देखिन्थ्यो । कौशल्यामा सन्तुष्ट गृहिणीका भाव र अधिकार सम्पन्नता देखिन्थ्यो भने यसोदा आज्ञाकारिणी सहयोगिनी मात्र प्रतीत हुन्थिन् । राख्न धरन खरखटन सबै कौशल्याको चल्दथ्यो । तर अचम्मको कुरा त्यो स्थितिप्रति असन्तुष्टि भने यसोदामा देखिँदैनथ्यो । ज्यादै कर्तव्यपरायण भएर उनी घर र खेतीको काममा व्यस्त रहन्थिन् ।

गाउँमा बसेका दुई हप्तापछि छिमेककी महिलाबाट ज्ञात भयो कि दशरथ र यसोदाको विवाह प्रेम विवाह थियो । आफ्नो पूर्वपतिलाई स्वेच्छाले छोडेर उनले तीन सन्तानको पिता दशरथसित चार वर्षअघि कौशल्याको अनुमतिबाट नै विवाह गरेकी थिइन् । त्यस विवाहमा कौशल्याले कुनै विरोध नजनाई गाउँ घरकी बहिनीको रुपमा यसोदालाई भित्र्याएकी थिइन् । अहिले पनि दुवैको सम्बन्धमा कुनै कटुता देखिँदैनथ्यो । खेत खलिहानको काम यसोदालाई सुम्पेर कौशल्या हुक्क नै देखिन्थिन् । कतै केही गुनासो बाहिर देखिँदैनथ्यो । मानवीय सम्बन्धको यो समीकरण बुझ्न मलाई निकै नै हम्मे पऱ्यो ।

गाउँ पुगेको अठारौं दिन मेरी साथी रुघाले ग्रस्त भई स्नान गर्न खोला नजाने हुनुभयो । जसोदा र म मात्र अलि छिटो घरबाट निस्कियौं । एउटा रुख मनि बसेर मैले यसोदालाई पनि बस्न अनुरोध गरें । गाउँको सुन्दर दृश्यको वर्णन गरेर मैले जसोदालाई सोधें -

यसोदा तिमी यस गाउँबाट बाहिर अरु बस्ती र सहरमा गएकी छौ ?

"छैन अमाज्यू ! यस गाउँदेखि ७ कोश टाढा मेरो माइती गाउँ नौमूले छ । त्यसदेखि पर कहीं पनि गएकी छैन । बिहेपछि माइती घर पनि गएकी छैन ।" उनले सरल स्वरमा भनिन् ।

मैले आत्मीयभाव देखाएर फेरि प्रश्न गरें-

"एउटा कुरा सोध्छु नराम्रो नमान है !

उनले केही नबोली स्वीकृतिमा शिर हल्लाइन् । मैले सोधें- के तिमीलाई माइतीले नै दोस्री श्रीमतीको रूपमा दिएका कि तिमीले आफ्नै

इच्छाले दशरथकी दोस्री पत्नी हुन मन्जुरी दिएकी ? मेरा कुरा सुनेर उनी केहीबेर बोलिनन् । निकै बेरपछि भनिन् -

"मेरो बिवाह मेरो आफ्नै इच्छाले अर्कै श्याम भन्ने केटोसित भएको थियो । तर बेहुली भएर उसको घरमा भित्रिएको भोलिपल्ट माइत गएपछि म त्यस घरमा फर्किन । त्यसको वर्षदिनपछि हामी दुवैका प्रेम बिवाह भयो । कौशल्या दिदीले हामीलाई आसिक दिएर भित्र्याउनु भयो । अनि हुनखाने घर देखेर माइतीले पनि विरोध गरेनन् । तर फेरि बोलाएका पनि छैनन् र म माइती घरमा गएकी पनि छैन । यसोदाको स्वरमा कुनै उतारचढाव थिएन । दुःखको संकेत पनि थिएन ।

मैले प्रश्न गरिहालें-

"के श्यामलाई तिमीले बिवाहभन्दा पहिले चिनेकी थियौ ?"

उनले भनिन्- चिन्नेकी थिएँ । मेलापातमा र बनीबुतो गर्न हामी धेरै पटकसँगै हुन्थ्यौं ।

मेरा माइती धनी किसान थिएनन् । माछा मार्ने र बनी गर्ने हाम्रो काम थियो । श्यामका बाबुआमा थिएनन् । ऊ पनि बनी नै गर्थ्यो । अनि दोहोरी राम्रो गाउँथ्यो । हाम्रो मन मिल्यो अनि माइतीले पनि टीकाटालो गरी बिहे गरिदिए ।

मेरो कुतुहल अझै साम्य भएन । मैले फेरि प्रश्न गरें -

"अनि मिलेको लोग्नेलाई एक रात मै छोडेर किन माइत गएकी त ? दशरथकी दोस्री पत्नी र कौशल्याको सौता हुनुभन्दा श्यामकी एकलौटी जहान भएर बस्न राम्रो थिएन र ?

मेरो प्रश्नले उनलाई मर्माहत तुल्यायो । आँखा डबडबायो, अनि केहीबेर चुप लागेपछि बोलिन् ।

"अमाज्यू ! मानिसको मन अनौठो हुनेरहेछ । श्याम गरीब थियो । ऊसित बसी बनीबुतो गरेर गृहस्थी जिन्दगी बिताउने रहर मेरो थियो, तर त्यो हुन सकेन । श्यामले मेरो माइती घरबाट तीन कोश टाढा आफ्नो घरमा लाग्यो । चिया खाजाका कुनै व्यवस्था थिएन । उसले मलाई उतिनै खेर छिमेकको घरमा गएर भाँडा माझ्ने र घरबूढीले दिएको खाजा चिउरा दुईजनालाई पुग्नेगरी मागेर ल्याउन भन्यो । बिहेको दिनै अर्काको घरमा माग्न जान पर्दा मेरो मन ज्यादै काटियो । काम गर्न म डराउँदिन । यहाँ पनि प्रशस्त काम गर्छु, तर यहाँ मागेर खान पर्दैन । नयाँ बेहुलीलाई माग्न पठाउने लोग्नेमाथि धिक्कार चल्यो । घरकी बजुले पनि तरकारी चिउरा दिंदा त्यसै भनिन् । अनि त श्यामलाई त्यै चिउरा खान दिएर म भोलिपल्ट हिडें । बर्ष दिन त्यसै बसें । अनि दशरथसित भेट भयो । उनले आफ्नो फालिएको घरगृहस्थी सम्हाल्न मेरो हात मागे । म यहाँ सुखी छु । काम गरेर खान्छु । माग्न पर्दैन ।

जसोदा चुप लागिन् । मेरो मन भने स्तब्ध भयो । नारी मनको यो आयाम मेरोलागि नौलो थियो । सरल अशिक्षित ग्रामीण नारीको यति गहीरो चिन्तन र अभिव्यक्ति तथा जीवनप्रतिको दृष्टिकोण मेरा लागि अप्रत्याशित थियो ।

एक वचन पनि बोल्न नसकेर स्तब्ध स्थितिमै म उठें, अनि खोलातिर लागें । छिटै नुहाएर मन सम्हालिएपछि मैले यसोदालाई नुहाउनका लागि अनुरोध गरें । यसपल्ट उनले दिएको उत्तर झन् अप्रत्याशित थियो ।

"अमाज्यू म राति अँध्यारोमा एक्ली आएर नुहाउँछु । किनकि नुहाएर फर्ने अर्को लुगा मसित छैन । लोग्नेलाई र कौशल्या दिदीलाई त्यो थाहा छैन । उनीहरूसित पनि लुगा माग्न मलाई मन लाग्दैन । तीन चार दिनमा लुगा खोलेर धुन्छु, अनि त्यही लगाएर घर फर्किन्छु ।

आज सम्झिन्छु यशोदाका कुरा मनमा खोपिए छन् । उनको अप्रत्याशित चिन्तन सहित यसोदा मेरो मनमा अझै छिन् र जीवन भरी रहने छिन् ।

महिना दिनपछि प्रशिक्षण र सांस्कृतिक विविधताको अध्ययन गरी हाम्रो दल फर्कियो । यस यात्राले नारी चिन्तनको अप्रत्याशित आयाम पनि खोलिदिएको थियो । त्यो अनुभव अमूल्य छ ।

□□□

कविता

मोती तिमी प्रेरणा

❑ चन्द्रप्रसाद न्यौपाने

मोतीराम युवा र जांगर तिमी संघर्ष भाषा तिमी
मोती राष्ट्र विभूति उज्ज्वल तिमी नेपाल तारा तिमी
निम्दैनौ कहिल्यै प्रकाश छरियो भै भानुरामायण
तिमा काव्य सशक्त शिल्प खंदिला शृंगार क्या कञ्चन !

नेपाली इतिहासमा अमर भै साहित्य आकाशमा
तारा राष्ट्रविभूति कर्म पथमा छौ चम्किला हे मन !
भाषा, सिर्जनका कलात्म पथका हाम्रा तिमी प्रेरणा
सानैमा प्रतिभा धुरन्धर तिमी मर्दैन त्यो भावना ।

भाषासेवक भानुपुत्र पहिलो छापा तिमी प्रेशका
चम्की फुत्त निभ्यौ विचित्र प्रतिभा यौटा भयौ देशका
के हो अद्भुत शक्ति कर्म जसको भो हिम्मती जोशीलो
मोती अद्भुत हौ तिमी जगतका त्यस्तो अरु को भयो ?

पाएं अदभुत तीसबर्ष वयमै संघर्ष भाषासित
क्या ! बेजोड तिमी प्रशान्त प्रतिभा संभ्रान्त आलोकित
बाँच्यौ राष्ट्रविभूति भैकन सधैं त्यस्तै नमूना बनूं
वाचा यो पनि गछुं मार्ग म लिउं आश्चर्य लौ क्यै गरुं ।

प्यारा सज्जनपुत्र भाषिकपिता भाषा रहेसम्म यो
बाँच्नेछौ प्रतिभा तिमी हृदयमा तारा बनी देशको
तिम्रा निम्ती म गाउं कीर्तन यही मेरो नमस्कार छ
यौटा सज्जन भानुपुत्र-प्रतिभा मोती तिमी, धन्य छ ।

❑❑❑

गजल

❑ कोशहरि निरौला

फूल जस्तै क्षणिक भै नसुके भो जिन्दगी
सदा पीडा वेदनाले नदुखे भो जिन्दगी ।

सिर्जनशील भै स्वाभिमानमा बाँच्न पाए लाख
विवेक बेची दायां बायां नचुके भो जिन्दगी ।

मरे पछि संगसंगै लानु के नै छ र ?
राष्ट्रलाई भार भनी नचुके भो जिन्दगी ।

नदी जस्तै निरन्तर गतिशील बगिरहे,
उर्जाहीन ताल जस्तै नरुके भो जिन्दगी ।

दुनियालाई प्रवाहित गर्ने सन्देश एउटै,
सत्य निम्ति अविचलित नझुके भो जिन्दगी ।

- कुशभिर - ९, ओखलढुङ्गा

कथा

सहिदका आँस्याहरुमा

❑ हिरण्यकुमारी पाठक

धेरै दिन भयो मैले त्यो मानिसलाई सहिदगेटको सामु सुतिरहेको देखेको छु। कार्यवश टेम्पोमा त्यसतर्फ भएर जाँदा जहिले पनि सहिदहरूतर्फ मुख फर्काएर अलि अलि घुँडा मारेर सुतिरहेको देख्छु। लुगा पनि मैलो कहिले नधोएको जस्तो हात खुट्टा पनि फोहोर मैलो, कपाल पनि जिङ्गरिङ्ग परेको मानौं महिनौं भयो ननुहाएको। त्यो बाटो भएर जाँदा त्यो दृश्य आँखाले खोजिहाल्छ र देखेपछि किन होला को होला त्यो मानिस, किन त्यसरी अलपत्र परेको हो ? आदि प्रश्न मेरो मनस्थितिमा जहिले पनि सलबलाई रहन्छ। एकदिन त अति नै भयो म यौटा जरुरी काम लिएर न्यूरोड जान लागेको थिएं त्यही बाटो भएर पुनः त्यो मान्छे त्यसैगरी लडिरहेको देख्दा मलाई किन हो किन एकपटक गएर कुरा गर्न मन लाग्यो। खै के आकर्षणले हो म टेम्पोबाट झट्ट ओर्लें र त्यसतर्फ लम्कें। धेरै बूढो पनि ऊ भएको छैन, जस्तै सडकमा लम्पसार परेको छ आज ऊ। सायद धेरै थकै लागेछ क्यारे। म छेउमा पुगेको देखेर यसो मलाई हेऱ्यो। म खिस्स हाँसी दिएं। ऊ पनि हाँसी दियो। मलाई के सोधूँ के सोधूँ जस्तो लाग्यो न रिसाउने पो हो कि ? तिमीलाई केको चासो भनेर कराऱ्यो भने त बीच सडकमा तमासा खडा हुन्छ। अर्काको व्यक्तिगत मामिलामा छेउ न टुप्पासँग केको चासो राख्नु बिथ्यामा भन्ने पनि आयो मनमा। तर सधैं देखिरहने त्यो मानवप्रति किन हो कता-कता मोह पनि उत्पन्न भइरहेछ, यसरी एक्लो जीवन त्यो पनि बेवारिस जस्तै बिताउनुको तात्पर्य के हो त ? हुनत यस संसारमा यसरी एक्लो जीवन बिताई यसरी सडकलाई आफ्नै पेवा बनाई सुतिरहने पनि कति छन् कति। तर पनि यसको बारेमा केही जान्ने उत्सुकताले मलाई रोक्न सकेन। म यता उता हेर्दै थिएं, एउटा ऊ जस्तै मैलो पाइन्ट र इस्टकोट लगाएको मानिस आएर ऊ नगिचै बस्यो र चुरोटको ठूटो उसलाई दिएर माया गऱ्यो। मलाई पुलुक्क हेऱ्यो मानौं त्यहाँ उभिनुको अर्थ के हो, मनशाय के हो बुझ्न होला। उसका आँखामा अनेकौं प्रश्नहरू थिएभने सडकलाई ओछ्यान बनाउनेको अनुहारमा निश्चल शान्त र चुरोटले आनन्दित गराएझैं थियो। उसलाई केही वास्ता थिएन। ऊ शून्य आकाशमा एकटक हेर्दै चुरोटको संसारमा डुबुल्की मार्दै थियो।

म यसो सहिदगेटको बारमा अडेस लगाउँदै उसको साथीलाई सोध्छु -

"हैन ! उहाँ को हुनुहुन्छ ? सधैंजस्तो म उहाँलाई यतै देख्छु।"

"किन र के को चासो तपाईंलाई। के तपाईंको साइनो पर्छ ?"

"हैन, हैन ! सधैं यहीं यसरी सुतेको देख्दा मलाई अचम्म लाग्यो र केही मद्दत गर्न सक्छु कि भनी यसो सोधेको। तपाईं उसको को नि ?"

"म उसको कोही पनि हैन। ज्यालामा काम गरिखाने हामी त्यस बेलाको साथी अरु कोही हैन।"

"ए त्यसो भए उहाँको कोही छैन।"

"किन नहुनु नि सुन्नुहुन्छ उहाँको व्यथा कथा" ?

"त्यही जान्न त म यहाँ छेउ उभिएकी नि।"

" लौ सुन्नुस् त। उहाँको नाम भक्तबहादुर, घर रामेछाप रामेछापको उहाँ हुनेखाने घर परिवार भएको मानिस। तर दैव लागेपछि के गर्नु ?"

उनी मलाई उसको कुरामा चासो लाग्यो र सोधें-

"अनि के भयो त दाइ उहाँलाई"

"अं हामी एकै गाउँका हौं। मैले उहाँको खेतबारी धेरै कमाएको थिएं। उहाँको दुई भाइ छोरा छन्। परिवार राम्रो र सम्पन्न थियो। हामीलाई पनि मद्दत मिल्थ्यो। छोराहरू ठूला हुँदै

गए, एस.एल.सी. पास भएपछि सहरतिर पढ्न आए, भक्तले गाउँमा भर मजदूर, खेती गरेर छोराछोरीको पढाईलाई धान्यो । पछि गएर पाल्ने यिनै हुन्, यीनलाई केको दुःख दिनु भन्दै आम्दानी जति सहरमा छोरालाई पठाई आफ्नो जीवन दुखमा नै बिताउँदै थियो । श्रीमतीलाई आश्वासन दिंदै भविष्यमा छोराहरूको कमाई खाने सपना देखाउँथ्यो ।"

एकै छिन उनी चुप लागे, मलाई हतार थियो आगाडिको कुरा सुन्न, "अनि के भयो त दाइ अनि के भयो " ?

"ए...अनि एक दिन भक्तेको गाउँमा हुरी बतास चलेझैं गरी दुवै छोराहरू गाउँमा आए । छोराहरू आएको देख्दा बुढाबुढी दुवै दङ्ग परे । गाउँ भरीकालाई छोराले पढेको ठूलो भएको बखान गर्दै हिंडे धक्कू लगाए, मख्ख परे । छोराहरूले दुई तीन दिनपछि बिस्तारै आफू आउनाको कारण सुनाए ।

"हेर्नुस् बुबा-आमा ! अब हामीले यति पढिहाल्यौं, यो भन्दा धेरै पढ्न र ठूलो मानिस बन्न अमेरिका जानुपर्छ त्यसकारण पैसाको बन्दोबस्त गरिदिनुभएमा अमेरिकामा पढ्न जान्छौं । पढेपछि त यस्तो पैसा कति फल्छ, फल्छ । एकै वर्षमा अहिले तपाईले दिएको चौगुना बनाएर पठाउँछौं । अहिलेलाई जे गरेर भए पनि खेतै बेचेर भए पनि दिनुस् । एकै वर्षमा खेत फेरि जोड्ने पैसा हामी पठाउँछौं ।" आदि इत्यादि अनेकौं कुरा गरि प्रलोभनमा पारी दुवैले बाबु-आमाको मन जित्न सफल भए । त्यस रात बुढाबुढीले सोचे -

"होत नि, हाम्रो पनि को छ, यिनैका लागि हो । अहिले दिए पनि पछि दिए पनि । आखिर पाल्ने यिनै हुन् । के गर्ने त ए बुढी ! खेत बेचेर दिने हैन त ?"

दुवैका सरसल्लाहमा छोराहरूको उन्नति हुन्छ भने खेत बेच्ने निर्णय भयो ।

भोलिपल्ट बिहानै भक्तबहादुर गाउँघरका ठूलाबडाका घरमा गएर खेत बेच्ने भाउ मिलाएर आए । खेतको रकमले नपुग हुने पैसा उनले आफू बसेको घर साहूकहाँ बन्धक राखेर छोराहरूको इच्छा पुऱ्याए । छोराहरू दुवैजना बाबु-आमालाई अमेरिका लाने र थुप्रो पैसा कमाई यो भन्दा पनि धेरै सम्पत्ति जोड्ने सपना बोकाएर बिदेशिए ।

दिन बित्दै गए, महिना बित्दै गए र वर्षहरू पनि बिते । दुवै छोराहरूको कुनै चिठीपत्र, रकम खबर केही आएन । भक्तबहादुर र श्रीमती सुक्दै गए साहुको ऋण तिर्न नसकेर । साहूको चाकरी गर्दागर्दै बुढी एकदिन कहिले नउठ्ने गरी ओछ्यान परिन् र मुक्ति पाइन् । घर आँगन, खेत अर्काकै भए पछि र बुढी पनि नभएपछि भक्तबहादुर र म काठमाडौं झरेम् दैवको लिला हेर्न । केही समय त दुवैले स-सानो काम गरी खायौं तर उसलाई ठूलो चोट लागे छ मनमा । कमाएको पैसाले र-बसी खान थाल्यो । शरीर जीर्ण भैसकेको छ । छोराहरूको स्वार्थीपनले मन एकोरिएको छ र केही कुरामा पनि चासो छैन । आज २५-२६ वर्ष भइसक्यो छोराहरू नभएपछि अब के र कस्का निम्ति बाँच्नु भन्छन् र यिनै सहिदहरूसँग एक्लै कुरा गरिरहन्छन् । कुनै दिन मैसँग भारी बोक्न जान्छन् । दिन भरि बेस्सरी काम गर्छन् र दुई तीन दिनसम्म फेरि यस्तैगरि सुतिरहन्छन् । अब उनी कसैको वास्ता र आशा राख्दैनन् । सिर्फ सहिदहरूका आँखा हेरी टोलाइरहन्छन् र तिनैसँग आफ्ना मनका व्यथा पोखिरहन्छन् । यही हो भक्तबहादुरको कथा दिदी ।"

म झसङ्ग भएं जीउ नै रोमाञ्चकारी भयो । आजकलका पढेलेखेका युवाहरूलाई विदेशप्रतिको मोह र त्यसबाट आफ्नो घर देशप्रति उत्पन्न भएको वितृष्णाले आज देशका कुना कन्दरामा यसरी कति अलपत्र परेका होलान् भन्ने सम्झेर मलाई नरमाइलो लाग्यो । कति स्वार्थी हुँदा रहेछन् मानिस, आफ्नै जन्मदातासँग छल गर्ने, एक रत्ति भर पनि माया नपलाउने यस्ता सन्तान त हुनुभन्दा नहुनु नै वेश भन्ने भारी मनले म न्यूरोडतर्फ लागें । पर पुगेपछि एकै छिन पुनः मलाई भक्तबहादुरलाई हेर्न मन लाग्यो । पछाडि फर्कें भक्तको आँखा सहिदहरू पट्टि नै थियो । उनी निश्चिन्त भई चुरोटको धुवाँ उडाउँदै जीवनका अकल्पनिक व्यथालाई आत्मसात् गरि-रहेका थिए, भने सहिदका आँखाहरू एकटक मलाई निहारिरहेझैं लाग्यो । म फटाफट न्यूरोडतर्फ लागें, कहाली लाग्दो समयसँग छुट्टिन ।

□□□

गजल

❑ जीवनपानी

थुँगा-थुँगा फूलहरू सबै झरेर गए,
मेरी पुतली पनि बगैंचा सरेर गए ।

'सुनामी'को छाल पस्यो हृदयको केन्द्रमा
गल्यांम्गुर्लुम् मनका ताज ढलेर गए ।

उद्देश्य खानु थिएन बाँच्नु थियो खाएर
सुकेका पात झैं इच्छाहरू जलेर गए ।

हिंड-हिंड सरी हिंड छाल्नैनौ भन्नेहरू
नदी किनारमा एक्लै छाई तरेर गए ।

ब्रह्मा, विष्णु, महेश्वर निदाएको मौका पारी
आकाश खस्छ टिप है तारा भनेर गए ।

गाँस, बास, कपास सबै हामी हौं भन्नेले,
सुरसाको भुँडी आफ्नै भरेर गए ।

– *स्याङ्जा, हाल कलङ्की*

गजल

❑ मनु ब्राजाकी

बजारको घुडाचोमा चिन्न पनि बिसिंएछ
आफूलाई पसलबाट किन्न पनि बिसिंएछ ।

मित्र हो यो, शत्रु हो त्यो भन्ने कुरा पढेपछि
पढाउने गुरुसँग हिन्न पनि बिसिंएछ ।

मगजका तानाबाना चुँडिएर गएपछि
मुटु जोर्ने धागोलाई छिन्न पनि बिसिंएछ ।

ढिकी-जाँतो गर्ने चेली सुसाएर भन्छे अब,
धुनलाई अन्नसँग पिन्न पनि बिसिंएछ ।

साहूजीको ढोकासामु हातजोरी उभिया छु,
दिन्छु पनि बिसिंएछ, दिन्न पनि बिसिंएछ ।

जता हेर्यो सिङ्-जुरो पलाएका साँढेहरू,
'मनु' होला अरुभन्दा भिन्न पनि बिसिंएछ ।

– *मीनभवन, काठमाडौं*

गीत

❑ वसन्तराज अज्ञात

उनको नजरमा मैले आफूलाई हराई दिएँ
सुन्दर सुन्दर रूपमा आफूलाई लुटाई दिएँ ।

कोही फूलको कुरा गर्छन् कोही गर्छन् जूनको
तर म त सधैं सधैं कुरा गर्छु उनको
उनको केशराशी माझ आफूलाई लुकाई दिएँ
सुन्दर सुन्दर रूपमा आफूलाई लुटाई दिएँ ।

वासन्ती यौवन उनको, गुलाबी मुहार सधैं
मग्न हुन्छु म त मोहनी बोलीमा झनै
फेवामा माछापुच्छे भई आफूलाई डुबाई दिएँ
सुन्दर सुन्दर रूपमा आफूलाई लुटाई दिएँ ॥

– *दोबेला, बोटाङ्ग*

समीक्षा

मुक्तिनाथको बेलायततिरको झम्झल्को: एक झलक

❑ मोहनबहादुर कायस्थ

भाग्यमा लेखिएको कुरो अकाट्य भइपरि आउँछ। भावीले छैठीको दिन यसै केही लेखेको हुँदैन। यो हिन्दू विश्वास हो। भनिरहनु पनि पर्दैन, तर केही व्यक्तिहरू यसलाई हँसी उडाउँछन्। परन्तुमा तिनै-तिनै पनि यसै कुरालाई विश्वास गर्न पुग्छन्। ढोंगी ज्योतिषले बिचरी इल्या भट्टराइलाई विदेश भ्रमण वर्जित देखाए, तर उनी पौरखी श्रीमान्को बलबुतामा बेलायत गई रमाइन् अनि अनुभवको संगालो 'लफबराको वरपर' वर्णनात्मक निबन्ध लेखिछाडिन्।

साहित्यकार मुक्तिनाथ शर्मा सानै उमेरमा विद्या अभ्यास अपुरो छाडी सहायक स्तरको सरकारी जागिर खान पुगे २०१८ सालतिर। शुद्ध गाउँको वातावरणमा जन्मे-हुर्केका मुक्तिजी सर्वोदय हाइस्कुलका छात्र थिए भने त्यसै ठाउँको खुमरुकमा १९९६ मा जन्मेका थिए। तर उनी अध्ययनको खोजीमा तड्पिएका सर्जक थिए। वास्तवमा बाटोघाटोदेखि विकासको कुनै पूर्वाधार नभएको तत्कालीन राणाका पालामा जन्मेका मुक्तिको के नै भविष्य कोरिएको थियो होला र ? लख काटी भन्न पनि सकिन्छ। उमेर चढे पनि पढ्ने क्रम समयमा हुन नपाउनु विडम्बना हो त्यस बेलाको नेपाल। भनूँ, १९९६ मा जन्मेर पनि शिक्षाको ज्योति बल्न-बल्न मुक्तिमा छिर्न पुग्यो २००८ सालतिर। अनि एस.एल.सी. २०१८ मा गरी जागिरे बन्न पुगे। किन नभनूँ एउटा ग्रामीण क्षेत्रको बोली हो, वेदना हो यो। पढ्नुपर्ने, जागिर गर्नुपर्ने, आर्थिक भार वहन गर्नुपर्ने र स्वावलम्बी बनी देखाउनुपर्ने जोसुकै गाउँलेका बोली हुन् यी, अबाध्य एवम् अपाच्य शब्दहरू।

मुक्तिजीले राणाकालीन समय राम्रो बुझेका अनि २००७ देखि २०१६ सम्मको राजनीतिक उथलपुथल राम्रैसंग बुझेका छन् र त्योभन्दा पनि बढी २०१७ साल पौष १ गतेको घटनाले उनमा साह्रै चोट परेको छ। प्रजातान्त्रिक स्कूल दुराडाँडाले सिकाएका पाठकहरू त्यतिबेला नष्ट भए अनि कुइनाको बलले पत्थर नफुट्ने ज्ञानले जागिर खाई अध्ययन सँगै लाने प्रयास गरे। जागिरको दौरान धेरै-धेरै सरकारी कार्यक्षेत्रमा पञ्चायती गतिमा यिनी हिँडे र आर्थिक भार बोकी दक्ष लेखापालक बने। जुन निवृत्त भएपछि श्री शेर बहादुर के.सी. संगको सहलेखनमा पुस्तक निकाले - 'नेपालको आर्थिक प्रशासन : एक अनुभव'। यस्तै श्री कलाधार काफ्लेको सहलेखनमा अर्को पुस्तक नेपालमा ग्रामीण विकासको अवधारणा लेखे सुधार गर्ने परि पाटीसंग। तर विचारधाराहरू भने सरकारले अनुसरण गरेका छैनन्।

यिनले मनाङ, डोल्पा, हुम्लालगायतका दुर्गम क्षेत्रदेखि सुगम स्थानमा बसी पञ्चायत राजमा दुःखसुख बाँडे र एउटा साँच्चिकै ग्रामीण परिवेशको घटना उद्धृत गरी 'विद्रोह' (खण्डकाव्य) २०५५ फागुनमा गीतिशैलीमा र अनेकन् छन्द समाती प्रस्तुत गरे मुक्तिजीले। भूमिका लेख्ने कवि मोदनाथ प्रश्रितजीले मुक्तिको 'विद्रोह'ले सामाजिक चित्रण गरेको प्रस्टयाइदिए। यसरी विस्तारै साहित्य क्षेत्रमा कलम चलाए, सिकारु बन्दै गए। राजकाज चलाउँदै अनुभूतिहरू सँगाल्दै-सँगाल्दै निरन्तर अगाडि बढिर हे, फलस्वरुप निम्न पुस्तकहरू निस्के मुक्तिका-

१. काठमाडौंदेखि लन्डनसम्म (यात्रासंस्मरण), २०५७ श्रावण
२. सर्वोदय (ऐतिहासिक गीतिकाव्य), २०५९ चैत्र
३. श्रीमद्भागवतभित्रका केही प्रसङ्ग, २०६० फागुन
४. श्रीमद्भागवतगीता (नेपाली भावानुवाद), २०६१ आश्विन

५. पानी र नानी (बालगीतिकाव्य), २०६१

६. बेलायततिरको झझल्को (दैनिकबाट), २०६२, श्रावण

अन्य प्रकाशित पुस्तक उल्लिखित भइसके तीन थान र 'युगसंवाद' सप्ताहिकमा नियमित स्तम्भकार छँदैछन् र निकै चुट्किला, घतलाग्दा प्रसङ्गहरू साहित्य समाजमा पस्कन्छन् मुक्ति।

'सर्वोदय' (ऐतिहासिक गीतिकाव्य, २०५९) मा सर्वोदय उच्च माध्यमिक स्कूलको उत्थान र क्रमशः प्रगति भएको, दुःखकष्ट भोगेको र श्रमदान गरेका उल्लेख्य व्यक्तिहरूको नामकरण गरेका छन् एकातिर भने अर्कातर्फ २०१८ सालदेखि उक्त स्कूलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्नेहरूको एक-एक नामकरण गरेको हुनाले यो 'सर्वोदय' उत्कृष्ट ऐतिहासिक दस्तावेज प्रमाणित भएको छ।

ब्राह्मणकुलका श्री मुक्तिनाथ गीतको प्रसङ्गमा डुबेका छन् यिनका गीतासम्बन्धी लेखहरू विभिन्न पत्रपत्रिकामा छापिएका छन् र यिनले संगालेर निकालेका हुन् श्रीमद्भागवतभित्रका केही प्रसङ्ग भने गीताकै अर्को पुस्तक श्रीमद्भागवतगीता (नेपाली भावानुवाद) उनी लन्डनमा केही दिन बस्दा लेखेको उदाहरणीय प्रस्तुति हो।

पानी र नानी -बालगीतिकाव्य) हाँसौं-हाँसौं गरी चित्रमय देखिन्छ र बालबालिकालाई पढ्-पढ् बनाइएको हुँदा स्कूल-स्कूलमा बिक्दोछ भने यो सानो पुस्तक बालसाहित्यको अनुसूचिमा समावेश भएको सुखद अवसर छ।

मेरो लेखन लन्डन भ्रमणसँग आबद्ध छ। मुक्तिजीले गाउँघरबाट काठमाडौं आउँदा कत्रो नयाँ नौलो अनुभव गरेका थिए भने आज समयको दौरानमा छोराछोरी हुर्काए, पढाए र उनै छोराद्वय आज लन्डनमा आवासीय भएका छन् - शैलेन्द्र र शेखर। दुवै विवाहित छन् र तेस्रो पुस्ताका नाति-नातिनाहरू भएका छन्। आवासकै कुरा गर्दा मुक्तिजीलाई धनी-धनाढ्य होटल एभरेस्ट प्रशासनले कति दुःख हिडराख्यो यो आफैंमा ठूलो ग्लानीको कहानी छ। आखिर मानिसले बलेकै आगो ताप्ने हुँदा निमुखा मुक्तिका पछि आफ्नै भनाउँदा मानिसहरू पनि भएनन् र नै चोट खप्न अन्य कतै ओत लाग्नुपर्ने भयो। यस्तै २०४६ सालको परिवर्तनपछिको सरकारले पनि नयाँ नियम निकाली निजामती क्षेत्रमा झापाको मसाहाती आतङ्ककै गरी तीइस वर्ष स्थायी नोकरी वा अन्ठाउन्न वर्ष उमेर जुन जे छ सो अनुसार कर्मचारीहरूलाई अवकाश दिई आतङ्क मच्चाएकै बेला मुक्तिजीले निजामती सेवाबाट सीधै मुक्ति पाए। यो आकस्मिक घटना, दैवी प्रकोप, भुइँचालो, हावा, हुरी, असिना, आगजनी इत्यादिभन्दा कठोर भवितव्य भयो मुक्तिजीमा। भुल्न नसकिने विडम्बना भयो - छातीमाथि ढुङ्गा राखी हाँस्नुपर्‍या छ भन्न करै लाग्यो मुक्तिजीमा। गोली लागेकी घाइते बघिनीझैं क्रोधित हुन पुगे। सहायक स्तरबाट बढुवा भई उपसचिवबाट खस्नुपर्दा जीवनभरको सरकारी सिन्दूर साठी वर्ष नपुग्दै तत्कालीन बहत्तर वर्षीय प्रधानमन्त्री गिरिजाका पालामा खोसिन गयो। न्यायसेवामा पैंसट्ठी वर्ष र शिक्षण पेसामा बिसट्ठी वर्ष अद्यावधि कायम छ र नेताको उमेर चित्रगुप्तको हातमा छ।

यसपछिको निवृत्त जीवन साँचो मानेमा दिक्दारिले बितिरह्यो तर पुत्रद्वय आजको चरमचुलीमा पुग्लान् भन्ने कमै सोचेका थिए मुक्तिदम्पतीले। तर पुर्‍पुरोमा जे-जस्तो लेखिएको हुन्छ, कसैले मेट्न सक्दैन। कति सत्य वचन हो यो। यसै प्रसङ्गमा उहाँ जो सरकारी कामकाजमा धेरै जिल्ला घुमे तर विदेश घुमेका पटक्कै थिएनन्। आज लन्डनमा तेस्रो पटक घुम्न पुगेको 'लन्डनको झझल्को' लेखी नेपाली साहित्य समाजमा धेरै गुन लगाएका छन्। यात्रासंस्मरण अब एक होइन दुई भए -

१. काठमाडौंदेखि लन्डनसम्म (२०५७ श्रावण)

२. बेलायततिरका झझल्का (२०६२)

सरकारी कामकाजमा विदेश घुम्दा के मात्र फ्री हुँदैन ? बस्न ठूला होटल, डलरखेती, घुमघाम, गाडी इत्यादी। मजा नै अर्को - आफ्नो केही जादैन। आउने-जाने, खाने, डुल्ने एवम् प्रशिक्षण वा सेमिनर, सभा-सम्मेलन जतातत्तै उज्यालो पक्ष मात्र। विडम्बना एउटै आफ्नो उम्मेदवारी चयन हुनुपर्‍यो, जसलाई फरिया नातादेखि अनेक गाता फेर्नु अवश्य पर्‍यो होला। मुक्तिजीको भने छोराद्वयको पसिनाको कमाइबाट

मुक्तिदम्पती जाने-आउने तारतम्य आफ्नै बहसभित्र पऱ्यो । जहाँ जे गरे पनि स्वविवेकले कमाएको धन पोख्ने हुँदा पनि उत्साहित भई साहित्यिक जगत्लाई भ्रमणको महत्वबारे प्रकाश पार्नुभयो जुन सरकारी सवारमा मोजबाहेक अन्य यस्ता उक्तिहरू विरलै निस्केका हुँदा हुन् । गर्वको कुरा हो, एउटा मानसिक पीडाबाट उन्मुक्त भए मुक्ति अनि निस्के सूक्ति ।

वास्तविक कुरा हो - नदेखेका कुरा देख्दा अचम्म लाग्नु । काठमाडौंके भनूँ फोहोरमैला, पिउने पानीको अभाव, दुर्गन्धित सडक, भत्के-बिग्रका पुल, कुलेसा, पुराना गाडीको धुवाँ, फोहोर, धुलो-मैलो, साँघुरो सडक, ठेलमठेल भीड, जताततै मगन्ते पसल, भीख माग्ने, जीर्ण पाटी-पौवा, अव्यवस्थित चोक, सडक इत्यादिदेखि दिक्क भएका मुक्तिजी लन्डनजस्तो विकसित ठाउँमा पुग्नु, सचित्र श्रीमतीसहित हेर्नु, देख्नु यो भन्दा स्वर्गीय आनन्द कहाँ पाउनु उनले । उता छोराद्वय, बुहारीद्वय र नाति-नातिनाहरू यिनका पारिवारिक सम्बन्धमा भएका आफन्तहरू, लन्डन पुगेका ऐरेगैरे श्रमजीवी, बुद्धिजीवी, व्यावसायिक नेपालीहरू देखेर मुक्तिजी भुतुक्क हुन्छन् । अनि जहाँ-जहाँ पुगेर हेर्छन्, अध्ययनभन्दा बढी 'आँखो देखा हाल' बटुलेर नेपाल फर्केका छन् । अनि बेलायतका झझल्काहरू किन अनुभूत नहोस् त्यस मुक्तिक्षेत्रमा । किताबमा प्रायोजक आफ्नै छोरा-कमो सहमति हो ।

काठमाडौंको धरहरा, सिंहदरबार, छाउनी, स्वयम्भू, बौद्ध, पशुपति, गुह्येश्वरी, कृष्णमन्दिर, भक्तपुर, दत्तात्रय, न्यातपौ, दरबार स्क्वायर इत्यादि हेरेर गाउँलेहरू कण्ठमुग्ध हुने देख्दादेख्दै मुक्तिजी लन्डनका नामी-नामी ठाउँ हेर्दै, त्यहाँका दृश्यहरू चिरफार गर्दै, फोटो क्यामेरामा कैद गर्दै व्यवस्थित सडक र यातायात देखेर, भोगेर किन गर्व नगरुन् झझल्काहरूबाट । आफन्तसँग भलाकुसारी, मित्रहरूसँग चिनजान र भेटघाट, छिमेकीको कुशल र सभ्य व्यवहार बिर्सने कुरै भएन । जताततै सफा-सुग्घर, सानो फूलबारी, सूचनापाटी, सभ्य समाज, देशी-विदेशी जननताहरू । यहाँ नेपालमा लन्डनमाजस्तै सभ्य भइदिए के नेपाल सानो ? भन्ने गर्व हुन्थ्यो होला । तर यस्तो भएन । यहाँ सडेगलेका धेरै असन्तुष्टिहरू भरिएका छन् जहाँदेखि त्यहाँसम्म ।

मुक्तिजीमा राष्ट्रप्रेम प्रशस्त पाइन्छ । प्रा.डा.वासुदेव त्रिपाठी, देवी सुवेदी एवम् राजनीतिज्ञ सूर्यप्रसाद श्रेष्ठले मुक्तिजीलाई मुक्तकण्ठले प्रशंसा गरेका छन् यात्रासंस्मरणमा । मुक्तिजी वास्तवमा साधारण व्यक्ति हुन् र पीडित पनि तर हेर्न-देख्न पाएपछि निबन्धकार पनि । हुनपुग्दो रहेछ- जहाँ राम त्यहीं अयोध्या भनेझैं ।

किताबमा फोटो चित्रहरू समावेश गरेकाले पनि भ्रमण एउटा नियोजित यात्रा भएको पाइन्छ । राष्ट्रप्रेमको झझल्को 'मन काठमाडौंमा तन लन्डनमा' ले सोझै बोल्छ । छोराका मित्रहरूको फोटो उस्तै देख्न पाइन्छ । लन्डन बिबाहघर जस्तै सिंगारिएको पाए मुक्तिले भने सेक्सपियरको जन्मथलो हेरे मुक्तिले । बेलायतमा हिन्दू र हिन्दू मन्दिरहरू देखी छक्क परे उनी । प्रथम पटक बेलायत जाँदाको भन्दा पछि बेलायत जाँदाको घटनाक्रम, दृश्यवर्णन र भलाकुसारी अदम्य साहसिक छन् । छोरा-बुहारी दुवै कार्यव्यवस्थामा संलग्न हुनेहुँदा मात्र छुट्टीको दिन घुम्नेडुल्ने गरी लन्डनका प्रायः सबै प्रमुख सहर एवम् ऐतिहासिक स्थलको भ्रमण 'बेलायतितिरका झझल्का'मा परेका छन् । पढ्दा पनि आफै लन्डन हिँडिरहेको झझल्कोको रनक आउँछ । ग्रिनविच पार्क पढ्दा झनै-झनै पढूँ-पढूँ हुन्छ । ब्रिटिस लाइब्रेरी दर्शन गरे, तर चर्चा वर्णन गर्न भ्याएनन् ।

'माइतीको कुकुर पनि प्यारो' कहावत भएझैं मुक्तिजीले सर्वोदयका पुराना छात्रा टुका छेत्री ब्रिटिस नागरिक भई ब्रिटिस इन्जिनियरकी पत्नी भएकासँग प्रसङ्गवश भेट गर्न पुगे । टुका कति रमाइन् होला उस बेला । टुका स्यान्डवेलसँगका मीठा कुराहरू समावेश छन् । इल्या भट्टराईको 'लफबरा बरपर', शशीकला मानन्धरको 'उज्यालो लन्डन', जल्ल थीगु लँपु नेवारीमा, बेलाइतिर बरालिँदा, मुक्तिको लन्डन वर्णन; लन्डन जानेका लागि मनरगे दिशानिर्देश हुन्छ । पुस्तक पढ्ने सोख हुनेलाई कति प्यारो हुने हो लन्डनको कथाव्यथा !

□□□

कथा

द्विविधा

❑ रामप्रसाद पन्त

म निरास र दिग्दार भएर झोक्किरहेको बेला ती महिला प्रवेश गरेकी थिइन् र मेरो ध्यान तिनैतर्फ मोडिएको थियो।

अहा ! नया रुपवती रहिछन् त ! म त एकछिन हेरेको हेर्‍यै भएँछु।

कुर्सीमा बसेपछि उनले सँगै अर्को कुर्सीका बसेर टेबुलमाथि फाइल पल्टाइरहेकी सखीलाई भनेकी थिइन्- 'तँ त गहनस्, मैले त खाइदिएँ, स्वादिलो र हेछ। त्यसपछि उनी हाँसेकी थिइन् - दन्तपङ्क्ति देखाएर।

मेरो मन भन्दैथियो - 'स्वादिलो खाँदिरहिछौ र त मानिस पनि स्वादली भएकी रहिछौ नि'

साँच्चै नै कसैको त शारीरिक सुगठन यति मिलेको हुन्छ कि - इर्ष्या लाग्छ, बरु आइमाई नै हुनुपर्छ भने पनि भइदिउँ।

उमेरले ४०-४५ को सामञ्जस्य राख्ने उनी गोरो वर्णकी थिइन्। उचाइमा सामान्य नेपाली नारीकद भन्दा बढी, न त्यति मोटी न त्यति दुब्ली, सुपुष्ट लाम्चो र हँसिलो अनुहार उनका बाह्य गुणहरू थिए।

मेरो मन प्रश्न गर्दै थियो - तिमी सुगारिका केसीका दिदी हौ कि आमा ! जवानीमा तिमीले नेपाल सुन्दरी प्रतियोगितामा भाग लियौ कि लिइनौ ? मलाई थाहा छैन, मिसेस नेपालमा त भाग लिनुपर्ने हो, मेरो नजरमा नपरेर हो कि भाग नलिएको हो ! मैले तिमो अनुहारको झलक पाउँदिनँ। अब यस्तो प्रतियोगिता हुन्छ कि हुन्न ! हुने जानकारी पनि मलाई छैन। हुन्छ भने तिमीले पनि भाग लिनुपर्छ ! लियौ भने बाह्य सुन्दरताले तिमो नाम पहिलो वा दोस्रो नम्बरमा कसो नपर्ला !

भित्री सुन्दरता त मैले के थाहा पाउनु !

म कल्पनाको आलोकमा डुबेँछु। मेरा नजरहरू उनको हावभाव र कटाक्षमा आमोद प्रमोद गरिर हेछन्। म मनमनै प्रश्न गरिहेँछु - मुखै खोलेर मनको कुरा ओकलें भने के होला ? के तिमी राम्री छौ भन्न पाउँदिनँ र मैले ! राम्री छौ भन्दैमा उनले आपत्ति जनाउनुपर्ने कारण पो के छ र ?

'तपाईंको के काम थियो होला ?' उल्टै उताबाट आएको यस प्रश्नले म झस्क भएँ।

मेरा आँखा कतिबिधि खनिन पुगेछन् - त्यो चन्द्रकान्ति मुहारमा - सुन्दरताको सोदाहरणीय रुप चन्द्रमा माथि त कलङ्कको दाग हुन्छ भन्थे तर यस चन्द्रकान्ति मुहारमा दाग कतै केही किन देखिँदैन ?

हो, म झस्कँ र उत्तर खोजें। किनभने म तत्काल जवाफ दिने अवस्थामा रहिनछु। पहिले मैले आफैलाई खोजें र ठीक ठाउँमा स्थापित गराइसकेपछि मात्र उत्तर दिएँ -

'एउटा चिठीको पखाई छ, कम्प्युटर मेन खाजाको खोजीमा बेखबर छन्।'

उनले मेरो कुरा बुझिन्, मेरो भाव बुझिन्, मेरो मर्का बुझिन् सायद ! र, समवेत भइन् ससँग - 'हो, टाइम यस्तै परेछ, ऊ खाजा खान निस्किएको छ, आउँदै होला। 'धेरै पर्खनु पर्‍यो कि तपाईंलाई ?' उनले मेरो अप्ठ्यारोप्रति सामीप्यता देखाइन्। अघि हाकिमको धारमा र पछि कम्प्युटरमेनको मारमा परेको मलाई यति बोलेर कमसेकम ढाढस त दिइन् अरु केही नदिए पनि।

हुन पनि मैले मागेकै के थिएँ र दिने मञ्जुर गरुन् बिचरीले ! एउटा हाकिम गम्म फुलेर घुम्ने कुर्सीमा हल्लिएको छ, अर्कोतिर कारिन्दा पत्र आएमा छाप लगाएर चलानी बुकमा चढाएर धम्याइदिने जिम्मा लिएर ढल्किएको छ। नाम समाजकल्याणको, काम पनि समाज कल्याणको, तर ढीलासुस्ती र हेलचेक्रयाईको बेहद सन्निपात !

समयमा काम गर्न सकिँदैन भने समय तोकेर आउन भन्नु किन ? प्रशासन किन यसरी बिग्रिँदैछ ! सुशासनको रट लगाएर सर्वसाधारणको हुर्मत किन लिइन्छ ?

यी सबै प्रश्नहरूलाई अन्तर्गर्भमै राखेर मैले उनको सुरिलो सुमधुर वाणीको सम्मान गरें र आगमनको प्रयोजन पेश गरें ।

अब भने मलाई पखाँइले गलाउन सकेन, निन्द्राले पलपल निमिलित गराउन सकेन । मेरो आँखाको प्यास, मेरो कानको आवाज, मेरो अनुहारको उदास मेरो अन्तस्तलको आहत र मेरो मनको छटपटीले एकछिनको लागि भए पनि विश्राम लिए ।

स्वतःस्फुर्त उल्लास र प्रफुल्ल बहावमा म दिगम्बर बनें, मेरा लोचन औंधि रमाए । त्यस अनुहार मा हिमाल चम्क्यो, त्यस पोसाक र शृङ्गारमा सुवासको महक चल्यो । मेरो मन पुलकित भयो- जब उनी र म बीच सौन्दर्यालाप हुन थाल्यो ।

अब समयको बारले गाल्न कान्ति पनि सकेन मलाई ।

यसैबीच एउटा खग्रास देखियो- जसरी सूर्यको प्रकाशकिरण सीधा पृथ्वीमा पर्दा चन्द्रमामा छायाँ पर्छ । र, कलङ्क देखिन्छ ।

कम्तीमा आधा शताब्दी खाएको दाढी कपाल मेतै फुलेको एउटा मानवपिण्ड कोठा भित्र पसेर त्यसै सौन्दर्य कलशका अगाडि टेबुलमा कागजपत्रको फाइल राख्दै हाम्रो संलापमा ब्रेक लगायो ।

हिँड्ने बेलामा उसले जे बोल्यो, त्यसले हाम्रो विषयको प्रवाह रोक्यो, बदल्यो र सोल्लास विराम पनि लियो ।

भन्यो - 'दिदी ! यति काम गरिदिनुस्, म पर्सि आउँछु ।'

उनीले समर्थन् जनाइन् - 'एकचोटी फोन गरेर आउनुहोला ।'

ऊ ढोकाबाट बाहिरिएपछि कोठामा हुने सबैको ओठमा मुस्कानका तरङ्गहरू देखिए । सबैभन्दा पहिले हाकिमले मुख खोल्यो - 'क्या हो रमाजी ! तपाईलाई त मैले त्यस्तै चालिसको हाराहारी ठानेको थिएँ, साठी वर्षे बूढाकी पनि दिदी भइसक्नु भएछ नि ।

त्यसपछि मात्र मैले तिनको नाम रमा रहेछ भन्ने थाहा पाएँ र मैले पनि हाकिमको भनाइमा सही थापें - 'त्यही त !'

तर रमाका मुहारमा कुनै खिन्नताबोध वा आभासका रेखाहरू कोरिएनन् । भनिन्- 'मलाई त ठीकै लाग्छ लोग्ने मान्छेले दिदी भनिदिएको ।'

अचम्म ..... !

मैले थपें - "केटी मानिसहरूले त कम उमेर की र राम्री भनिदिए खुसीले पुलकित हुन्छन्, प्रशन्नताबोध गर्छन् भन्ने पो सुनेको थिएँ र त्यस्तै भनुभूत गरेको थिएँ । तपाईले त .....!

'होइन, मलाई त्यस्तो लाग्दैन र धेरै नारीहरूले आफूलाई बहिनी भनेको मन पराउँदैनन् पनि । उनले भनिन् ।

मलाई जिज्ञासा लाग्यो - 'के त्यस्तो पनि हुन्छ र ?'

'हुन्छ, सत्य यही हो' - उनले जोड दिइन् । र, थपिन् - 'मलाई त कसैले बहिनी भनिदियो भने हेपेको जस्तो लाग्छ- भन्नेमाथि पनि रिस उठ्छ । मेरो विचारमा मलाई जस्तै अरुलाई पनि हुन्छ होला, हुनुपर्छ। सत्य यही हो ।

'अनि केटा मानिसहरू आफूप्रतिको सोचाइ कस्तो राख्छन् जस्तो लाग्छ तपाईको विचारमा ? मैले प्रश्न गरें ।

'उनीहरू पनि आफूलाई भाइ भनेको बढी मन पराउँछन्' - उनीले जवाफ दिइन् ।

उनको कुरा सुनेपछि म आफू भ्रमित छु कि उनी सतही कुरा गर्दैछिन भन्ने खुट्याउनै सकिनँ । तर बहिर्गामी त्यस बुद्धपुरुषलाई चाहिँ मनमनै धन्यवाद दिएँ - 'भाग्यवान् पुरुष ! तैले यी नारीको भावना अनुकूल बोलिछस् अन्यथा श्राप पाउने थिइस् ।'

यस भनाइले मेरो मन छोयो, मस्तिष्क छोयो, हृदय छोयो र शरीरको नसा नसामा छोयो । र, मेरो अनिर्णित मन बहकिरह्यो । मनमा द्विविधा भइनै रह्यो- 'के म अहिलेसम्म भुलभुलैयामा थिएँ ! गलत सोचाइको शिकार थिएँ, एकोहोरो परंपरागत रुढीतन्त्रले ग्रस्त थिएँ र आफूसमान वा कम उमेरका नारीहरूलाई 'बहिनी' सम्बोधन गर्थें । साँच्चै समाजमा के यस्तो परिवर्तन आइसकेको छ ? के उनी सही थिइन् ? र, सम्पूर्ण महिलाजगत्को प्रतिनिधित्व गर्दै थिइन् ?

□□□

कविता

सङ्कल्प गरौं - परेवाहरू ब्युँताउने

❑ उज्ज्वल जी.सी.

लुम्बिनी आकाशमा-
गोलाबारुदका धूवाँहरु खेलाउँदै
मृत्यूले शान्ति निलेको देख्दा
बोधिवृक्षको छहारीमा
ओत लागेका बथान परेवाहरु
अन्धकार त्रास घुर्दै
इन्तु न चिन्तु छन्
वर्षौंदेखि बक्दै थिए तिनीहरु-
हामीले,
मातृभूमिको अस्मितामाथि
भुत्ती खेल्यौ रे !
अनेपाली हंसाउँदै
नेपाल भुल्यौ रे !
हो,हिजो-
हिमाल,पहाड,तराईभरि
भातृत्वको मखमली हेर्दै
गौरवले चुलिएको सगरमाथा
आज
टुहुरा र विधवाको चित्कारले
होचिदैछ रे !
तातो आँसुको ज्वालामुखीभित्र
सप्तकोशी सुक्दैछ रे !
त्यसैले भाइ,
विखण्डनको यो आँधीमा-
पुर्खाको एकीकरण ब्यूँझाउँदै
राष्ट्रियता र सद्भाव जगाउँदै
सोरठी,घाटु,देउडा.....
आदि आदि खेलौं हामी
शुभसाइतको घडा लिँदै
बसेका छन् चौतारीमा
पुत्रशोकले निर्लिप्त आँखाहरु पुछ्दै
बुढी आमैहरु.....
पितृशोक ओठमा हँसाउँदै
अबोध नानीहरु.....
अनि,
थालीमा सप्तरङ्गी टीका सजाउँदै
अभागी दिदीबहिनीहरु....
त्यसैले,आऊ !
हत्केलामा बुद्ध अङ्काउँदै
वैमनष्यका विषवृक्ष ढलाउँदै
मृत्यूसन्त्रासमाथि
विश्वासको सयपत्री फुलाउँदै
हामी एउटा सङ्कल्प गरौं
एकताको शङ्खध्वनिले-
परेवाहरु ब्युँताउने !

- नुवाकोट,हाल काठमाडौं ।

⊙ धन त्यसको होइन, जो सँग छ, धन त त्यसको हो जसले उपयोग गर्नसक्छ ।
- फ्रयाङ्कलिन

⊙ पुरुषमा नारीका गुण आउनसके त्यसलाई महात्मा भन्नुपर्दछ । - प्रेमचन्द

⊙ पत्थरलाई काट्न र धुलो पार्न त सकिन्छ तर दबाउन सकिन्न । - रूसो

⊙ कुराले होइन, कामबाट मात्र स्वर्ग प्रुग्न सकिन्छ । - हेनरी

समीक्षा

'बमबहादुर श्रेष्ठ स्मृतिग्रन्थ' मित्रको स्मृति

❑ भागवत ढकाल

विश्व फराकिलो तस्वीर हो । त्यसभित्रका ससाना तस्वीरका रुपमा राष्ट्र र अझ सूक्ष्मदृश्य लिएर विविध समाज देखापर्छन्, तर ती ससाना सामाजिक झिल्का भित्र युगले जन्माएका महापुरुषको यदि जन्म र कर्मस्थल भइदियो भने भविष्यमा ती स्थल चिर स्मरणीय बन्न पुग्दछन् । हो, इलामको बरबोटेले पनि यस्तै प्रतिभालाई समयक्रममा जन्माएको छ र आफ्नै गरिमा अभिवृद्धि गरेको छ, यसै पङ्क्तिमा पर्ने व्यक्तित्व हुन् समाजसेवी बमबहादुर श्रेष्ठ ।

व्यक्तिले हुनत आफूलाई सामाजिक प्रतिष्ठा दिलाउनका लागि पनि कतिपय कार्य गर्दा हुन् तर कतिपय निस्वार्थ समाजसेवालाई नै आफ्नो जीवन र गन्तव्य ठान्छन् । यसै दोस्रो पंक्तिका व्यक्तिहरूको, संस्मरण नै कालान्तरसम्म समाजले गरिरहन्छ, स्मृतिसभाको आयोजना गरेर, स्मृतिग्रन्थ निकालेर, कुनै पुरस्कार र प्रतिष्ठान गठन गरेर आदि आदि ।

हो बमबहादुर श्रेष्ठ आफ्नो समाजसेवाका माध्यमबाट इलाम बरबोटेमा मात्र पक्कै सीमित छैनन्, उनको जिवनी र व्यक्तित्व विभिन्न व्यक्तिका संस्मरण बनेर आज विभिन्न व्यक्तिका हातमा विचरण गरिरहेका छन् । यसैक्रममा दायित्व वाङ्मय प्रतिष्ठानलाई पनि बमबहादुर स्मृतिग्रन्थ समीक्षार्थ उपलब्ध भएको छ ।

चार खण्डमा विभक्त यस विवेच्य कृतिमा बमबहादुरको संक्षिप्त जीवनवृत्त र पारिवारिक पहिचानको रेखाचित्रलाई पहिलो खण्डमा समेटिएको छ भने दोस्रो खण्डमा विभिन्न २१ जना विद्वान् लेखकहरूका संस्मरणात्मक लेखहरूले स्थान पाएका छन् । धर्म, सांस्कृतिक, पारिवारिक सम्बन्ध, सामाजिक सहकार्य आदिमा श्रेष्ठसँगैको सान्निध्यता प्राप्तगरेका ती गहन लेखहरूले वास्तवमै बमबहादुर को हुन् ? के हुन् ? विचार भावना र उद्देश्य कस्ता थिए ? यावत् पक्षको उद्घाटन गरिएको छ । तेस्रो खण्डमा बमबहादुर ले प्राप्तगरेका पदक तक्मा प्रमाणपत्र, उनका सामाजिक क्रियाकलाप, शोकपुस्तकामा हस्ताक्षर गर्ने ३५६ जनाको नामावली, सिधा ल्याउनेको नामावली आदि पक्षलाई समेटिएको छ । चौथो खण्डमा ३५ वटा तस्वीरहरूलाई स्थान दिइएको छ, जहाँ सामाजिक गतिविधिमा श्रेष्ठको सलग्नतालाई औंल्याउने र पारिवारिक सरचनालाई चिनाउने तस्वीरहरू छन् ।

यसरी चार भागमा आकर्षक आवरणमा प्रस्तुत गरिएको समीक्षा कृति केवल बमबहादुर श्रेष्ठका आफन्तजनसँगै मात्र सीमित रहनु हुँदैन । उनको कर्तव्यनिष्ठ व्यक्तित्व मिलनसार चरित्र, इष्टमित्रसंगको आत्मीयसम्बन्ध, उनका सामाजिक गतिविधिहरू, उनले गरेका विकास निर्माणका कार्यहरू समाजका विभिन्न व्यक्ति र समूहसंग पुग्नु जरुरी छ । डा.स्वामी प्रपन्नाचार्यको शुभकामना सहित बमबहादुर श्रेष्ठ स्मृतिग्रन्थ प्रकाशन समितिबाट २०६१ सालमा प्रथम प्रकाशित यस कृतिले व्यक्तित्व पक्षलाई छलङ्ग पारेको भए पनि उनका वैचारिक पक्ष र समाजसेवाका अन्य विविध पक्षलाई उद्घाटन गर्ने अन्य सामग्रीहरू समेत समय समयमा प्रकाशित हुँदै जानुपर्ने आवश्यकता देखिन्छ । कृतिलाई विभिन्न सामग्रीको संयोजनका माध्यमबाट रोचक र आकर्षक बुझाउने सम्पादक अवश्य बधाईका पात्र बनेका छन् । आउँदा दिनमा पनि समाजमा लुकेका यस्तै अन्य व्यक्तित्वको उद्घाटनमा यो प्रतिष्ठान सक्रिय र गतिशील हुन सकोस् भन्ने शुभेच्छा साथ यी दुई शब्द यही विश्राम गर्दछु ।

❑❑❑

कविता

देवकोटा

❑ गोपीकृष्ण खनाल

तिम्रा साहित्यिक छहारीमा ओत लाग्ने रहरमा छु,
तिम्रा साहित्यिक स्पर्शको काखमा रम्ने रहरमा छु,
देवकोटा ! एकपल्ट साहित्यिक चर्चा गर्ने इच्छामा छु,
गुरुभेटी राखेर भए पनि एकपल्ट इतिहास केलाउने जमर्कोमा छु ।

साहित्यको सीमा-रेखा हुँदैन भन्ने विश्वासमा छु,
साहित्यिक वाद र अपवादको भुँवरीबाट अलगिएको छु,
वादबिना बाँच्नै सकिदैन भन्नेसंग जुहारी खेल्न तयार छु,
त्यसैले भनिदेऊ देवकोटा ! म ठिक छु कि बेठिक छु ?

मनभरि पीर र व्यथा बोकेका हामी थुप्रै छौं,
हामी तिम्रो अभावमा भट्किएर तड्पिरहेका छौं,
राजनीतिक हावासँगै यो वायुमण्डलमा मडारिन्छौं,
कहिले भोक कविता, आयाम र लीला लेखनमा विभाजित छौं ।

आफ्नो-आफ्नो डम्फू बजाउँदै भूईफुट्टा भएका छौं,
कोही उत्तरी ध्रुव र दक्षिणी ध्रुव हुँदै प्रगतिशील भएका छौं,
कोही सगरमाथा चढ्ने लहडमा, कोही खुट्टा तान्ने तरखरमा छौं,
हामी सगरमाथाको बुई चढ्नेहरू भूईमा न भाँडामा भएका छौं ।

मतीको सराप परेको यो देशमा छली-कुकर्मी प्रोत्साहित छौं,
परोपकारी, स्वाभिमानी, दानी सबै पाखण्डी भएका छौं,
साँच्चै ज्यालामा नमिलेका कुल्ली जस्तै साहित्यिक हामी छौं,
पाञ्चायन, पञ्चतत्व, पञ्चशील र प्रगतिशील भन्न थालेका छौं ।

हामी कोही भानु, देवकोटा, लेखनाथ बचाउन लागेका छौं,
हामी भित्रै लेनिन, खुस्चेव र लुम्यूनको भक्तिभावमा व्यस्त छौं,
कोही उलंदो खहरेसंगै किन आफै बग्न थालेका छौं,
कोही किन हो ? लक्षहीन मूर्धन्य शून्य टोलाई बसेका छौं ।

त्यसैले महाकवि देवकोटा ! आऊ एकपल्ट छलफल गरौं,
साहित्यका नाममा मनपरी गर्नेहरूमाफ परिचर्चा गरौं,
आफ्नै अस्तित्वमा बाँच्नु ठिक हो कि होइन ? किनारा लगाऔं,
देवकोटा ! आऊ, तिम्रै जन्मदिनमा साहित्यिक उत्सव मनाऔं ।

देवकोटा ! आऊ, तिम्रो स्मृतिमा स्थापित शालीक हेर्न आऊ,
खुला आकाशको शालीकमा चराले विष्ट्याएको हेर्न आऊ,
तिम्रा नाममा चन्दा उठाउनेहरूको चरित्र चिहाउन आऊ
साँच्चै लक्ष्मीपूजाका दिन ओठेभक्तिको रमिता हेर्न आऊ ।
देवकोटा साँच्चै रमिता हेर्न आऊ !!

- अनारमनी-४, झापा

निबन्ध

यहाँको परिचय !

❑ छायादत्त न्यौपाने 'बगट'

यहाँको परिचय ? तपाईले ठीक प्रश्न गर्नुभो । तपाई मेरो परिचय जान्न चाहनुहुन्छ भने सुन्नुहोस्, 'म' भनेको म हुँ । म पुर्खाको नामबाट परिचय दिन चाहन्न । मेरो व्यवहारले परिचय देओस् भन्ने चाहन्छु । मेरो कामले देओस् । एउटै समाजमा बसेर जीवन बिताउनुपर्ने हुँदा तपाईंले परिचयको लागि गर्नुभएको प्रश्न स्वभाविक हो । आपसको चिनाजानीले व्यवहार सजिलो पार्छ त्यसैले म यसको स्वागत गर्छु तर बेलिबिस्तारले परिचयसम्बन्धी प्रवचन दिन मेरो क्षमताले पुग्दैन । म दुई चार शब्दमा सानो पचिरय दिएर तपाईंको स्नेह जोगाइराख्ने कोसिस गर्छु है त !

म आकारले अलि सानो छु तर चुच्चे छु । नाम चलेको तिखे भनेको म हुँ । अलिकति अवसर पाउँदैमा आफ्नो छाप छाडेर तपाईलाई समेत विरुप पार्न पछि पर्दिनँ । खाने, पोख्ने र पोखिने चनमते कार्यकर्तामध्ये मेरो नाम आउँछ । स्वयं खान नसक्ने भए तापनि तपाईंको मद्दतले खानपिन पछि सुकिलो तन्नामा खेल्न पाउँदा फुरुक्क हुने मेरो बानी छ । पराई हातमा नाच्न म आनाकानी गर्दिनँ र रातदिनको श्रमले थाकेको अभिनय गर्ने व्यक्तित्व पनि म होइन । मेरो स्वभाव शीतल छहारीमा रमाउने र बादल वर्षा र चर्को घाम सहन नसक्ने खालको छ । म काटिएँ आँधिएँ भने सानोतिनो भए पनि दुर्घटना निम्त्याउँछु, तर तपाई नतर्सनुहोस्, म भूत होइन है, म मुख च्यात्ने र भुँडी फुलाउने खन्चुवा पनि होइन नि ।

हो म चन्चल छु, चन्चलता नै मेरो विशेषता हो । घरव्यवहार, खेल मैदान तथा भाषा, कला र संस्कृतिका फाँटमा रमाउने मेरो स्वभावले माथिल्लो स्थान पाएको छ । जीवन जगत्का घुम्ती र मोडहरू छिचोल्दै प्राकृतिक सौन्दर्य, मेलापात, चौतारीका मर्यादाको ख्याल गर्दै म परम्पराको संरक्षण लिन चाहन्छु । नयाँ नयाँ प्रतिभाहरूको अपेक्षा गर्नु मेरो उद्देश्य हो । म लेक, बेसी, तराई र सहर बजारको रमाइलोमा स्वतःस्फूर्त अभिव्यक्तिमा पुष्टिएको हुन्छु । मेरो अर्को ताजा उद्देश्य प्रकृतिमा स्वच्छ विचार मिसाउनु हो, मानवीय संवेदनाको जतन गर्नु हो । मेरो मेरो ठहर छ । आनन्दस्थल र तपाईको लागि अडिलो कोसेली पनि यही बन्छ भने म घरनीतिदेखि राजनीति सम्म विस्तारित छु । विज्ञान मेरो प्रिय क्षेत्र हो । साहित्य मनोरञ्जनस्थल हो ।

मेरा सामु विडम्बनाहरू छन्, ती भिन्नै रुपमा आउँछन् । मेरो विचरण गर्ने स्वतन्त्रता नै लुटिन्छ । अनिच्छा धुलोमैलो र दुर्गन्धमा जाकिएर थुपै सरल निश्छल हृदयमा चोट पुऱ्याई आत्मीयताको हत्या हुन पुग्छ मबाट । स्नेह र मानवीयताको ठाउँमा यो र त्यो, यस्तो र त्यस्तो, सानो र ठूलो, तँ जाबो र म ठूलो जस्तो गाँठो भारीले थिचोमिचो पार्ने खिया परेको व्यवहारलाई हतियार बनाई अस्तित्वमै कलङ्क थपिन्छ । यी भाँती भाँतीका दानवीय प्रवृतिको बीउ र विसङ्गतिहरूको जगै निर्मूल पार्न बनेको मेरो उद्देश्यलाई विपरि- त दिशामा घचेट्ने परम्पराको विकास हुँदै आएको छ । यो म र मेरा अनुयायीहरूको लागि दुःखको कुरा हो । मलाई बाध्यताको डोरी कस्दै विचलित मनस्थितिले अँध्यारो ठाउँमा पुऱ्याएर आनन्दित हुनेहरूले बसाएको यस रीतभित्र देउरालीको यात्रा र नक्कली हाँसोबाट आफू जोगिन कर लागेको छ । म यस्तै प्रयास गर्छु । यी विपन्नताहरू तपाईंका लागि खासै महत्वका नहुन सक्छन्, तर नबिर्सिदिनुपर्ने कुरा के हो भने म आफै केही पनि होइन । त्यसो भएर पनि तपाईंको चोखो विचार सहृदयताको मलाई खाँचो छ । लगन, इमानसमेतको साथ चाहिएको छ ।

झुत्रे-झाम्रे तथा नाम चलेका सभ्यहरू एउटै बेन्चमा राखेर व्यावहारिक सभ्यता, आपसी सौहाद्रता, मैत्रीपूर्ण स्वभावको खोजीमा थुप्रै भोटा र वसन्तहरू हिनामिना भइसके । उपलब्धि शून्य भएको छ। जनमानसको स्तुत्य भावनालाई तपाईको दलबलसहितको दाह्रा किटाइले तसांउने गरेको छ । मसहित मेरा हिमायतीहरूको समुचित संरक्षण तथा सम्मानित भएको खुसीले बुकुंसी मार्दै सामाजिक उन्नतिको वकालत गर्नेहरूले लिईआएको आनन्द नै तपाई चेतनशीलहरूले मेरो दुरुपयोग गरी हराइदिनुभएको छ ।

सज्जनहरूद्वारा पालना गरिने मानवमूल्य पुस्तकमा थन्काएर आफ्नो दुनो सोझ्याउने गरी प्रयोगमा ल्याएको विविधताले खोलाखोल्सा हुँदै दौडाउँदै 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने नामुद भनाइलाई चरितार्थ गरेको छ । मेरो भनाई सुन्नुहुन्छ भने कान समाई छानामा, घाँटी समाई आँटीमा, टुप्पी समाई भट्टीमा पुऱ्याउनेहरूको चपेटामा चेपिने पत्र एकोहोरो चलनद्वारा रत्यौली र गुडगुच्चे खेल समेतको सदस्य म आफ्नै रहरले भएको होइन । सानै आकारमा लुकिरहेको मेरो बाध्यता बुझिदिनुस्, महासय ! स्वार्थका पुजारीहरू र खुडारीहरू मलाई जथाभावी उपयोग गर्छन् । म मन कुँडाएर दुई थोपा आँसु चुहाउनबाहेक केही गर्न सक्षम छैन । विवशताको डोरीले जता डोऱ्याउँछ उतैतिर घुम्छु ।

म थरगोत्रावली, घरघरान र जहानपरिवारका सम्बन्धमा केही जानकारी दिन सक्तिनँ, क्षमा गर्नुहोला । म जति बोल्छु, मेरो निजी गन्थन बोल्दैछ । आधुनिक ब्रह्माको आविष्कारले गर्दा वैज्ञानिक कारखानाबाट मेरो प्रादुर्भाव भएको हो । मेरो प्रयोगका लागि औंलाहरू, अलिकति रङ्गीत झोल, थोरै कागत र फराकिलो विवेकको आवश्यकता पर्दछ । म अनुशासन र गम्भीर विचारको हिमायती हुँ । तर ढुकुटीमा थन्काइ राख्ने सम्पत्ति होइन । सानो फुच्चे आफ्नै परिचय थाहा नभएको अधबैंसो भन्नुभए स्वीकार छ । तर बरालिएका जुंघेहरूको कान समातेर बाटो देखाउने मेरो हैसियतको ख्याल तपाईले गरेकै हुनुपर्छ । भन्नुहोला, अनुहार न दनुवार मुखचाहीँ कत्रो ओडार । तपाई स्वतन्त्र हुनुहुन्छ भन्नुहोस् ।

मेरो पहुँचको कुरा हो भने सुन्नुहोस् । राष्ट्राध्यक्ष, मन्त्रीगण, न्यायधीश तथा बौद्धिक समूहदेखि तल घाँसपाते जीवनका खेलाडी र गाईवस्तुका साथ हिँड्ने मुसारेसम्म एक रुपमा रहेको छ । म एउटै काम, ठाउँ र व्यवहारमा आई प्रिय भएको छु । स्वरुप र आकारप्रकारको कुरा स्वय तपाईले जान्नु, सुन्नु, देख्नु र भोग्नु भएकै रङ्गहरू र सानो चुच्चे आकारमा रहेको छु । गम्भीर चिन्तन, नरम स्वभाव मेरा निजीपन हुन । सिङ पुच्छर गाँसेर बरपर फैलाउनुछ भने पनि तपाईको आन्तरिक मामिलामा मेरो हस्तक्षेप छैन । सानाठूला तथा बालवृद्ध सबैलाई स्नेहको एकरुपताले कर्तव्यपथमा डोऱ्याउने मेरो लगामको अस्तित्व आदेश पालकमै सीमित नभई आदेशकको दायित्व पनि उत्तिकै सक्रियताकासाथ निर्वाह गराउने सन्देशवाहक पनि म नै हुँ । मेरो प्रयोग जति धेरै गर्नुहुन्छ, तपाई सबल र योग्य बन्दै जानुहुन्छ ।

अँ, तपाईले साँच्चुभएको गोप्य कोसेली मेरो निजत्वले पुष्टिएको विषम भावना बिसेर यो कालमुखे पुन्टेलाई मित्र सम्झने भए आउनुस् । विश्वासिलो प्रतिस्पर्धात्मक जीवन पद्धतिको गोरेटो हुँदै राजपथदेखि समुद्री लहरको पौडीखेलमा सहभागी बनौं । आजभोलि हुने आकाशको भ्रमण सम्भव बनाउने र गगनचुम्बी महल सिर्गानें कलाकार म हुँ भनेर चिनाजानी गरे मलाई पुग्छ । कुनै पनि वस्तुको अभाव नभएको दावी गर्ने रहर मलाई छैन तर तपाईले देख्नुभएको भौतिक सम्पन्नतामा मेरो साइनो भने गाँसिएको छ, नबिर्सिनुहोला ।

अन्त्यमा, म तीन अक्षरे 'कलम' को छोटो मीठो परिचय यसैलाई मान्नु हुन बिन्ती चढाउँछु। 'यहाँको परिचय' भन्ने प्रश्नको यसभन्दा बढी उत्तर दिन अहिले म समर्थ छैन । यहाँको मायाले अवसर प्रदान गर्दै गए परिचय पनि समयसापेक्ष बनाउँदै लैजाउँला है ! अस्तु ।

- हुवास - ८, पर्वत

गजल

❑ उदय 'अपेक्षा'

गाउँ बेसी पाखाहरू रुदै होलान् आज यहाँ
झुटो बोल्ने मान्छे चोखो हुँदै होलान् आज यहाँ ।

ससार आज दानवताको खेल हुँदा खेरी
जीन्दगीलाई आँसुले धुँदै होलान् आज यहाँ ।

महलमा उभिनेले झुपडीलाई थुकिदिन्छन्
झूप्राका महलहरू रुदै होलान् आज यहाँ ।

हाँस्ने मान्छे हौसेर नै खुसी क्षण बिताउँछन्
आँसु झार्ने मान्छे आँसु धुँदै होलान् आज यहाँ ।

- पाँचथर

गजल

❑ सुबि 'सुधा' आचार्य

मेरो हजुर मदेखि नै रिसाउनु हुन्छ किन ?
माया भित्र धुकिंलाई मिसाउनु हुन्छ किन ?

तन मन धन नै सुम्पीसकें हजुरको आलिङ्गनमा
पबित्र सम्बन्धलाई शंकाले चिसाउनु हुन्छ किन ?

मानिस हो मान्छेलाई नै घर व्यवहारको बोझ हुन्छ
समाधि नै सारा बोझ बिसाउनु हुन्छ किन ?

मेरो हजुर मदेखि नै रिसाउनु हुन्छ किन ?
माया भित्र धुकिंलाई मिसाउनु हुन्छ किन ?

- ललितपुर

गजल

❑ पौडेल 'मधु'

नभुल्किदेऊ जून तिमी, नउदाऊ ताराहरू,
निशा मात्रै मेरी- उषा-सन्ध्या गालपाराहरू ।

खोजे पनि समीप हुन, अपी सारा आफुलाई ,
बिरानो भै दिन्छन् किन ? आफ्नै भाइचाराहरू ।

प्रारब्ध पो यस्तो हो कि, नियति नै यस्तो भनुं ?
नशा भन्दा नयनबाट बग्छन् खुनका धाराहरू ।

भासैभास, काँडैकाँडा, कदमपिच्छे ठेसै-ठेस,
यस्तै होला हिँड्ने बाटो, म झैं कर्महाराहरू ।

खतै पनि सयौं पुगे, चोट कति लागे होलान्,
सह्यो त्यो त 'मधु' थियो गलांन् खै के प्याराहरू ।

- पर्वत

गजल

❑ कृष्ण अधिकारी 'चिन्तित'

बगिगयो यौवनको छाल समाउन सकिएन
कुशलता देखाएर नाम कमाउन सकिएन ।

निकट आउन संकोच मानी कता म हराएंछु
छचल्किएको प्रीत समेटी जमाउन सकिएन ।

एकान्तमा डराइ बसें समय त्यसै बितिगयो
मनसुन गरी पुनः म्याद थमाउन सकिएन ।

समयको गति सँगै आफू बग्न विफल भइयो
मिहेनत त्यसै खेर गयो रमाउन सकिएन ।

अभिनयको भ्रममा परी इसारा नै बुझिएन
अन्जानवश आसय पनि ठमाउन सकिएन ।

- कृष्णपुर चितवन

निबन्ध

स्वाभिमान

❑ कृष्ण भण्डारी 'मुमुक्षु'

आज नेपाली स्वभिमानमाथि धेरै प्रश्नचिन्हहरू लागेकोले हाम्रो राष्ट्रियता कान्तिहीन बन्नपुरेको छ। समाजमा सेवा, त्याग र निर्माणको लहर सेलाएको छ। घुस, कमिसन, अनुदान र कानूनलाई फेटा गुताई ठग्ने प्रवृत्ति मौलाएकै छ। देशको उन्नतिका निम्ति महिदको उत्सर्ग अहिले बेसरम स्वाथान्धताको चरम खेलका लागि मात्र भएको छ। जनताको अमूल्य भोट माथि बुट बफार्ने र नैतिकता भेडाको मासुझैं मोलमोलाइमा बिकेको छ। रातारात करोडपति बनाइदिने र बन्नेहरू निलज्ज जिउँदा मान्छे बनेका छन्। एड्स लागेका र वेश्यावृत्तिमा लागेकालाई खोजी खोजी न्याय दिने बहस सुनिन्छ। को जिउँदै काटियो, कतिजनाले बहादुरीसाथ गरि खाने देशभक्तलाई सफलतासाथ मारे। कसैले समवेदनाका आंसु बगाएका छन्। कसैले मारिएका प्रति अलिकति पनि साहानुभूति दिंदैनन्। सोझा जनताको आवाज सुन्ने र उनीहरूलाई गुहार दिने निकायको नितान्त अभाव छ। धर्मको धरो च्यात्नेदेखि संस्कृतिका देवता बेच्नेसम्म कानुनी संरक्षणमा मोटाएका छन्, खलबल छ घर-घरमा। रहादानी, किन्ने लामजस्तै असीम राष्ट्रिय वर्चस्व विदेशतिर निखनिएको छ। मान, मर्यादा र जीवनबोधको प्रायः अनिकाल देखिन्छ। यस्तो बिचल्ली बेधक हेर्नुले र सङ्कोच तमान्नुले हामीलाई विवेकशून्य जीव घोषित पार्नेछ। त्यसैले समयको गर्तमा डुब्नु अगावै चेतना सल्काउने अठोट लिई भविष्यलाई स्वर्णिम तुल्याउन गम्भीर चिन्तन गर्नुपरेको छ।

सागरमाथाको काखमा बस्ने नेपालीहरू परोपकारमा लड्न सक्छन्, शान्तिसेनामा होमिन सक्छन् र वीर हुन्छन् भने आफ्नो देशको स्वाभिमानको रक्षामा लागेर, सुल्तान् त। भौतिक उन्नतिद्वारा हिंसा र विभाजनलाई उराल्नेहरूले बुद्धको अहिंसालाई कायरताको अस्त्र नठानून् शालीग्राम शिल्पका अचंक आर्यहरू बौद्धिक उच्छ्वास र गर्जनको मर्दन गर्न बेर गलान् र। एउटा निरङ्कुश तानाशाह जन्माउन सोझासाझा मानिस काटेर आफ्नो स्वतन्त्रता समेत गुमाउने राज्य व्यवस्थाको लागि फेरि जनताले राजनीति गर्नु ठीक छ त!

आफ्नो देशको धुरिमा विदेशी नेताको झण्डा राखेर हाम्रो आत्माले सम्मान कदापि पाउँदैन। एउटा जिन्दगीको परं सुखमन्दा लाखौं जिन्दगीको विश्वासप्राप्त दुःख अतुलनीय सुख बन्छ। अब पराधीन अर्थशास्त्रको परिभाषाले मेरो भोको पेट भरिंदैन। मेरो नाङ्गो आँगमा उपदानका लुगा होइन आफ्नै उद्योगको कपडा र सम्मान चाहिन्छ। धर्तीको आशीर्वाद माग्छु मैले।

वीर पुर्खाको महायात्राको पदचाप अगाडि बढाउछु मैले। अहिलेका बेगिन्ती व्यथा र भत्के, भासिएका इमानलाई पुनः सञ्जीवनी प्रदान गर्न नेपाली शिर ठाडो भएको छ। मनोहरी श्वेतहिमाल लेक, बेसी र तराईसँगै उभिएको प्रकृति नै मेरो राष्ट्रिय झण्डा हो। म सहन्न कुहिएको विश्वास र विचार तुहिएका मान्छेहरूलाई। "आफ्नो देश आफ्नो भाषा सीप बढाऊ अनुदान हटाऊ" भन्ने नयाँ चेतना फैलाई म बाँच्छु अनि 'सत्यं शिव सुन्दरम्' मेरो आदर्श।

समयको पहाड नाघ्दै उज्यालो पहाड भरि छापिएको छ। बोट- बनस्पतिमा नयाँ पालुवाले ठाँट थपेको छ। न्यायमाथि सिंगौरी खेल्ने साधुको खोल च्यातिएको छ। बर्दीको आडमा आतङ्क

ओढेर भित्रिएको मसान अब न्यायको पाइगामुनि धसिएर मर्छ । कोकोहोलो रोदन र रुवावासी मच्चाउँदै गरीब जनताको इल्लीबिल्ली पार्ने पैसाका टट्टु ब्यांसाहरू प्राणदण्डको दिन पनि पर्ख । लोखर्के झैं बतासिने हुलिया स्यालहरू पनि तह लाग्नेछन् । बौलाहा कुकुरले झैं टोक्ने राक्षसहरूलाई एउटै खोरमा थुनेर गधाको गोबर ख्याउने साहस विधानले गनुपर्छ । प्रजातन्त्र तुहाउन रगत बेच्नेहरू जनतन्त्र ल्याउन रगत प्युनेहरू र मासंल ल लगाउन रगत मास्नेहरूको दम्भ दर्प र दरकारको जुँगा उखेली घाँटीमा जुँगाको नाइरो (नारा) बाँधुपर्छ । शोषितलाई लड्ने धाप दिएर आफु लुक्दै हिड्ने नेताको सक्कली आदर्श पर्दाफास भएको छ । र, हुनुपर्दछ । ढुङ्गा र मुढाले निरपराध नागरिकलाई मार्ने बेगुनाह शुद्धिगुम भएका बतासेहरू साँध लगाऊ आफ्नै हसिया र हतियारहरूमा अनि काट आफ्नै हात , खुट्टा र टाउकोलाई । सक्छौ दूषित खुन निखार अनि आत्मालाई सोध त्यहाँ तिमी बुद्ध नारायण के देख्छौ । आस्था चहन्याएपछि आखाँमा पट्टि लाग्दो रै'छ । भरोशाको लट्ठी भाँच्चिएपछि यात्राको लक्ष पनि सिकुडिन्छ । घोडो फुटेपछि स्वर पनि सेलाउँछ । इन्जन बिग्रेपछि ब्रेकको पनि भर गुम्छ । भाग्य नचिनेपछि जीवन पनि शत्रु बन्छ । स्वास्थ्यको ख्याल नगरेपछि मृत्यु पनि पाहुना बनेर आउँछ । गरीखान छाडेपछि बुद्धिमा पनि खिया लाग्छ । मान्छेले मान्छेको हृदय लुकेपछि यो पनि हिंस्रक-पशुबन्दोरै'छ । अब मन माटोमा रोपेर तन सिर्जनामा जोतेर आफ्नै खर्कको बालीले आँटी भर्न र आँतको बिश्वासले निधारमा टीका लगाउन परेको छ । भोकले खरिएका चिचिला सन्तानको ओठमा हाँसो छर्न र अजिङ्गरे जाडो छल्ने भाग्ने तुन्ने सियो आफैले बनाउनुपरेको छ । धुरीको बलो बालेर खरानीको टीका नलगाई काँढे स्याउलाको छानोमुनि पक्वान्नको मीठो वास्ना छर्न परेको छ । तर शब्दका बारुदले बिच्केको बिकासलाई कामको छाता ओढाई मामको बन्दोबस्त दिलाउनु छ । छातीको महिषासुरलाई बानेर ज्ञानको देवता खोज्न अब कुनै साइतले रोक्ने छैन । कुनै कानुनले धाक दिने छैन ।

सम्पूर्ण समस्याको गाँठो फकाउने एक मात्र चाँचो शिक्षा हो । शिक्षालाई प्राणधर्मी र पारदशी बनाउनु आजको पहिलो दायित्व हो । नेपाली आकाशमा शिक्षालाई राजनीतिको बृत्तभन्दा माथि पुग्न दिइएको छैन । शिक्षाविद्हरूले स्वअस्तित्वलाई राष्ट्रिय अस्तित्वमा विलयन गर्न नसकेको तीतोसत्य पनि हो यो । विश्वविद्यालयको एउटा रामो वार्षिक पात्रोसम्म बन्न नसक्नुले योजनाकार र प्राज्ञहरूको अकर्मण्यता पनि देखिन्छ । पाठ्यपुस्तकका लेखकको आचरणतिर हेर्यो भने धज्जीपूर्ण हुन पनि सक्छ । पाठ्य विषयको छनोटमा १०० वर्ष पछिसम्मको दीर्घ सोच आएको छैन । तर जे भएको छ सबै अनुपयुक्त होइन अपूर्ण चाहिँ पक्का भएको छ । गतिशील समाजको आकाङ्क्षा र मानसिक समृद्धिको समयसापेक्ष प्रयोग देख्न चाहनु साध्य नै नभए पनि आसाध्य हुनसक्छ । सवरण गर्नुपर्ने उपलब्धि र निराकरण गर्नुपर्ने वर्जित विषयमा यथासक्य विवेचन हुनुपर्छ । ज्ञान र अज्ञानको पार्थक्य नरहे समाज लक्षविहीन हिँडेको बुझिन्छ । आर्षहरूका आप्तवाक्य र कर्तव्यनिष्ठ व्यक्तिको संज्ञानात्मक विचार प्रगतिमूलक ठान्नुपर्छ । ऐनामा आधुनिक सोचलाई हेरेपछि समयको लम्बाई र चौडाइ नाप्नुपर्छ । विशुद्ध साङ्गितिक भाषा सांस्कृतिक मनोमन्थनद्वारा नौनीरुपी कल्याण अर्थमा व्यञ्जित हुनु नि:सन्देह वर्तमानको आलोक हो ।

बेरोजगार हातहरू कमका हुन् र ती हातहरूको शक्ति जुक्तिविहीन जूवा, तास र अयोग्य प्राणीको अभिवादनमा टुट्दा मेरो मस्तिष्कमा कम्प आउँछ । नागरिकता पाउनेले राष्ट्रिय झण्डाको गरिमा त जान्ने पर्छ साथमा साँझ बिहानको भात दालको मूल्य पनि कमाउनुपर्छ । कार्यक्षमताको सङ्टमा राजीनामा भन्दा पराधीन

लघुकथा

मन नपरेको मान्छे

❑ दासा

'खूब ठुलो पल्टिनुपर्ने । कहिल्यै चिनेजस्तो नगर्ने । मलाई पटक्कै मन पर्दैन त्यो मान्छे।' - यस्तै-यस्तै कुराहरु गर्थ्यो ऊ ।

'त्यस्तो होइन होला ! उहाँका आँखा अलिक कमजोर छन् । देख्नु भएन होला ! भट्ट केहि भनिहाल्नु हुन्न ।'

-म उसलाई सम्झाउने गर्थें । तर पनि ,उसको सोचाइमा परिवर्तन आएको थिएन ।

□□□

एक दिन उहाँको अभिनन्दन समितिमा ऊ पनि सदस्य रहेको समचार एउटा अखवारमा पढे र तत्क्षण फोन -सपर्कित भएँ-

-'हेलो !'

-'हेलो !'

-'बधाइ छ !'

-'केको बधाइ ? '

-'अभिनन्दन समितिमा रहेकोमा ।'

-'ए.....त्यो त .....। त्यत्तिकै

□□□

बाटोमा हिँडिरहेको थिए । एक मित्रले जबर्जस्ती लिएर गए , र सदस्य बनाइदिए के गरुँ !'

' तिमी त उहाँलाई मन नपराउने मान्छे !'

'हुन त हो । तैपनि, कर मरे । बस्नु पऱ्यो, बसें ।'

-' ल त , पछि भेटुँला !'

-' हवस् !' □□□

उहाँको भव्य अभिनन्दन भयो । सम्पूर्ण साहित्यकार तथा साहित्यानुरागीहरु अफुल्लित भए । ऊ पनि हर्षित नै देखिन्थ्यो । मैले सोचे- अब भने उसको मन परिवर्तन भएछ । □□□

उहाँको सम्मानमा एउटा अभिनन्दन -ग्रन्थ पनि निकाल्ने निक्यौल भयो । ग्रन्थको सम्पादन गर्ने जिम्मा पनि उसैलाई दिइयो । उसले सहर्ष त्यो जिम्मेवारी स्वीकार गऱ्यो, कारण त्यहाँ अरुभन्दा पनि अर्थको प्राधान्य थियो । □□□

ग्रन्थ प्रकाशनमा आयो । विमोचित भयो । प्रचार प्रसार भयो ।

त्यसमा उसले सम्पादकीय लेखेको रहेछ -

'मन नपरेको मान्छे ' शीर्षकमा । आद्योपान्त पढे मैले । त्यहाँ उल्लेखित विवरण सत्य लागेनन् मलाई । यी कुरा मैले अभिनन्दित व्यक्तित्वलाई बताएँ । उहाँले पनि दुःख व्यक्त गर्नुभयो ।

मलाई लाग्दथ्यो -'लेखक इमान्दार हुनुपर्छ ।

सत्य -तथ्य लेख्न सक्नुपर्छ ।'

□□□

एक दिन उहाँले मलाई सोध्नुभायो -"भाइ, त्यो फटाहालाई पैसा दिनुपर्छ ?'

- 'कसलाई ?'

- त्यही -मेरो सम्पादक भनाउँदोलाई .....।'

- 'ए ... त्यसलाई ! पारिश्रमिक त दिनुपर्ला नि !'

- .....।

- .....।

उसले उचित पारिश्रमिक पायो । खुसी भयो ऊ ।तर ,अझै पनि ऊ आफ्ना मनलाई मानिसहरुमा उहाँको नाम लिन्छ रे ! □□□

म दुविधाग्रस्त छु । मन पर्नु र मन नपर्नु बीचको भिन्नता के होला ! कुनै दिन उसलाई भेटेको खण्डमा । अक्सर सडक -पेटिनिरै भेटिन्छ ऊ। सोध्नुपर्ला भनी पर्खिबसेको छु । म यति बेला ।

□□□

- २०६१/१२/२९/२

समीक्षा

'भावनाका थुँगाहरू'मा रमा शर्मा

❑ मुक्तिनाथ शर्मा

नेपाली साहित्य जगतमा चर्चित नाम हो- रमा शर्मा । नारी साहित्यकारहरूका बीचमा सारै चर्चित हुनुहुन्छ रमाजी । यस्तो देख्दा भन्न मन लाग्छ उहाँ युगकी अग्रणी हुनुहुन्छ । उहाँ त्रिभुवन विश्वविद्यालय अन्तर्गतको रत्नराज्यलक्ष्मी क्याम्पसमा सह-प्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ । यो उहाँको जाँगिरे पहिचान हो । सो बाहेक उहाँलाई हामी चिन्न सक्दछौं- उहाँ नेपाल शिक्षा परिषद् की सदस्य-सचिव हुनुहुन्छ । अन्य यस्तै विविध सामाजिक शैक्षिक र साहित्यिक संगठनहरूमा कतै सचिव, कतै सदस्य, सम्पादक तथा सल्लाहकार भएर काम गर्ने गरेको पाइन्छ । त्यसरी क्याम्पसमा अध्यापन कार्यमा व्यस्त हुँदाहुँदै पनि सो बाहेक संघ संस्थामा सेवा पुऱ्याएर पनि उहाँ साहित्य साधनामा त्यत्तिकै व्यस्त देखिनुहुन्छ । लाग्छ उहाँ निष्क्रिय कहिल्यै बस्दै बस्नुहुन्न । काम मै लाग्नुहुन्छ । यो पनि शुभकार्यमा मात्र । त्यसैले उहाँको कदर गर्ने गर्दछ समाजले । उहाँले समाजबाट विविध किसिमका पुरस्कार प्राप्त गरिसक्नुभएको छ । यो उहाँको कमाई हो । उहाँलाई अर्को दृष्टिबाट पनि हेर्ने गर्छन् मानिसहरू । उहाँ नेपाली भाषा र साहित्यमा आजीवन खटेका विद्वान् स्व. गोपाल पाण्डे 'असिम' की पुत्रीरत्न पनि हुनुहुन्छ । यताबाट पनि इज्जत उठेको छ उहाँको । यसरी जसरी हेर्दा पनि उच्चस्तरकी रमा शर्माको बोलिचाली रहनसहन साधारण र सरल छ ।

मेरो त झन् कुरा अर्कै छ । म हर समय श्रद्धावनत हुन्छु उहाँसँग । किनभने म उहाँका पूज्य पिता स्व. गोपाल पाण्डेको छाव पनि हुँ । मसँग केही संस्मरण छन् गोपाल पाण्डे गुरुसँगका । म त वास्तविक गुरु मान्थें उहाँलाई । अतः उहाँकी सुपुत्री रमा शर्मालाई देख्नासाथ स्वर्गीय गुरुको याद आउँछ, भावुक हुन्छु । देखिरहन बोलिरहन पाउँ रमा दिदीसँग जस्तो हुन्छ । उमेरको हिसाबकिताब खोतल्दा म जोठो पनि हुनसक्छु । तर मैले त्यसो गरेको छैन, गर्दिनं । किन भने दिदी भनेर श्रद्धा चढाउँदा नै म रमाउने गर्दछु । अतः म लेख्न लागेको छु दिदी रमा शर्माको पुस्तक भावनाका थुँगाहरूको विषयमा ।

विक्रम संवत् २०६२ असोज २ गते मेरा निम्ति शुभ दिन थियो सायद । त्यो दिन दिदी रमा शर्मासँग भेट भयो । उहाँले मलाई एउटा पुस्तक दिनुभयो । पहिले मैले पुस्तक हेरिन । दिदीले तिहारमा टीका लगाएर टाउकामा सिउरी दिएको हरियो दुबोसहित बरको पातमा बेरिएको सूर्यमुखी फूलको थुँगा सम्झें कृतकृत्य भएँ । एक छिनपछि पुस्तक पल्टाएर हेरें, पुस्तकको नाम रहेछ "भावनाका थुँगाहरू" ।

यो पुस्तक २०६२ भानुजयन्तीको शुभ मुहुर्तमा नेपाली साहित्यजगतमा अवतरण भएको रहेछ । यसमा रमा शर्माका छरिएर रहेका समय समयका प्रकाशित लेखरचनालाई सङ्कलन गरी पुस्तकको रुप दिइएको रहेछ । त्यो देखेपछि मेरा मनमा आयो रमा शर्माको रुप । रमा जीवन यात्रामा जता जता जानुभयो त्यताबाट नयाँ नयाँ भावना बटुलेर ल्याउनु भयो । फुर्सदमा लेख माग्नेहरूलाई दिनुभयो उनीहरूले छापे । ती लेख रचना समाजमा छरिए । छरिएका लेख रचना बटुलबाटुल गरेर पुस्तकको रुपमा आयो ।

रमा शर्माको यस पुस्तकमा भएका भावनाका थुँगाहरू सबै एकै खालका छैनन् । कुनै मन लोभ्याउने सुन्दर र रङ्गीचङ्गी छन् भने कुनै फुङ्ग उडेका नसुहाउँदा सेता पनि छन् र लोभलाग्दा छन् भन्न पनि सकिँदैन ती थुँगालाई । अर्थात् ओइलाएर झरेका थुँगा हुन् ती । किनभने

त्यही विरह वेदनालाई उहाँले दुई खण्डमा बाँड्नु भएको देखिन आउँछ। खण्ड 'क' मा शुभकामनाका तीन शब्द, नेपाली भाषासेवी पारसमणि प्रधान हुँदै लाटो होइन बाठोसाथीसम्म सोह्रओटा आलेख अर्थात् भावना छन् । ती कसैको प्रशंसा कसैको प्रसस्ति र कसैलाई बधाई दिने उद्देश्यमा रचिएका र छापिएका छन् । यसरी हेर्दा यी लेखहरूबाट बनेको खण्डका शुभसूचक छ । शुभसूचक लेख लेखेर रमाउनु भएको देखिन्छ रमा शर्मा जी !

खण्ड 'ख' श्रद्धाञ्जली रहेको छ । यहाँ सर्वप्रथम आउँछ महानन्द सापकोटा महानिन्द्रामा स्मृति मात्र बाँकी हुँदै श्रद्धासुमनसम्म २१ (एक्काइस) लेख रहेकाछन् । यो खण्ड वास्तवमा रुने रुवाउने खण्ड हो भने हुन्छ । त्यस्तै भए पनि लेख्नैपर्ने रहेछ । हाम्रो समाज कुनै कुनै कुरामा कस्तो विश्वास गर्नेगर्छ भने कुनै विषय बिसेर हाँस्नु भन्दा सम्झेर रुन वेश हुन्छ । हो, यो खण्डका लेखहरू सम्झिसम्झी रुन तयार पारिएको खण्ड हो ।

"भावनाका थुँगाहरू"मा जे जति लेख छन् तिनलाई सारै गम्भीरतापूर्वक लेख्नुभएको छ साहित्यकारले । कहीँ कतै व्यवधान आउँदैन र बुझ्न गाह्रो पनि छैन । भाषा सरल छ र मान्छेको अर्थात् पाठकको मनलाई छुने खालको छ । रमाजीले साहित्ययात्रामा शिखर चुम्नेछि उहाँसँग लेखरचना माग्नेहरू देखिए । नदिइ सुख नपाउने भएपछि लेख्नुभयो । यसरी लेखे पनि झारा टार्ने हिसाबले लेख्नुभएन । तसर्थ जे भन्न खोजिएको हो त्यो ऐनाजस्तै छलङ्ग हुनेभयो । यस्तो हुनु साहित्यकारको सफलता हो ।

रमा शर्मांजीको पुस्तक 'भावानाका थुँगाहरु' भित्र भएका केही वाक्यांशहरू राखिदिंदा पाठकहरूलाई अवश्य रमाइलो लाग्छ । तसर्थ केही हेरौं ।

'.... यसरी नेपाल बाहिर रहेर पनि नेपाली भाषाको श्रीवृद्धिका निमित्त निरन्तर प्रयत्नशील पारसमणि प्रधानलाई नेपाली भाषा जगत्ले साच्चिकै पारसमणिका रूपमा पाएको छ ।' (पृष्ठ १०)

'..... कमलमणि दीक्षित नेपाली वाङ्मयका सुपरिचित व्यक्तित्व हुनुहुन्छ । पहेलेखेका कुनै व्यक्तिले पनि उहाँको नाम नसुनेको होला भन्ने मलाई लाग्दैन । उहाँका कार्यहरू भाषासेवाका जल्दावल्दा नमूना हुन् ।' (पृष्ठ ५२)

' .....यिनै शब्दका साथ उदारमना तथा पितभक्त स्वर्गीय माधवराज खनालज्यूमा हार्दिक श्रद्धा व्यक्त गर्दछु ।' (पृष्ठ ९५)

'..... सामवेदको समेत गहन अध्ययन गर्नुभएका नेपाल प्रकाण्डविद्वान् शिक्षासेवी अज्ञातशत्रु व्यक्तित्वका धनी, राष्ट्रहितका लागि क्रान्तिकारी मार्ग अवलम्बन गर्ने साहसिला व्यक्ति तथा सर्वमान्य गुरु तीर्थप्रसाद ढुङ्गानाज्यूमा यिनै उद्गारका श्रद्धापुष्प अर्पण गर्दछु ।' (पृष्ठ १२०)

"भावनाका थुँगाहरू" भित्र रमा शर्माका लेख मात्र पनि छैनन् । त्यहाँ अर्को खण्ड पनि छ । त्यो खण्ड भनेको भूमिका खण्ड हो । जहाँ चार वटा लेख छन् । यहाँ पनि सारै उच्चस्तरका भावना रहेका छन् । जो वर्णन नगरि नहुने खालका छन् र पठनोपयोगी छन् । यस खण्डमा राष्ट्रकवि माधव घिमिरेको भनाइ छ । "यी थुँगाहरू निश्चल भावनाको रसले भरिएका र सदाशयको सुगन्धले मगमगाएका छन् । यसको अध्ययनबाट साहित्यिक आनन्द त पाइन्छ नै यसका साथै भाषा र साहित्यको सेवा र सिर्जनाका निम्ति प्रोत्साहन र प्रेरणा पनि प्राप्त हुन्छ । सद्भावनामा बोलिने सबै वचनहरू सुमन हुन्छन् । यस्ता सुमन बर्साउने विदुषी रमाप्रति हार्दिक धन्यवाद ।"

यति लेखिसकेपछि मैले लेख्नै पर्ने बाँकी कुरा पनि छ । त्यो के भने वास्तवमा रमा शर्मा नेपाली भाषा साहित्य र संस्कृति भन्दा हुरुक्कै हुन खोज्ने महामना पिताकी सुपुत्री भएका कारण उहाँ पनि ठ्याक्कै उस्तै हुनुभएको छ । यसैले होला उहाँका लेख रचना एवं पुस्तकहरू पनि समाजमा गहिरो सन्देश दिने खालका हुन्छन् । यो पुस्तक जस्तै छ । उहाँको शरीरको कद जस्तै छोटा छोटा लेख वा भावनाका तरङ्ग छन् । तर रमाजीको उच्च विचार भएजस्तै गहिरो रहस्य बोकेका छन् ती तरङ्गहरूले । यसका लागि र-माजीलाई हार्दिक धन्यवाद दिनैपर्दछ ।

□□□

लघुकथा

महिला हुनुको मज्जा

❑ केबि. महर्जन

महिलाको मधुर कण्ठ, कोमलपन, सहनशीलता, दयालु स्वभाव जस्ता गुणले मोहित भएर एकजना भद्रपुरुष भगवान्‌संग प्रार्थना गर्न थाले- "हे भगवान् ! मलाई किन पुरुष बनायौ ? कृपागरी मलाई पनि नारी बनाइदेऊ ।"

उनको दिनानुदिनको पुकारपछि देवताले उनलाई स्त्री बनाइदिए ।

तर, महिला बनेको केही अन्तरालपछि नारीको समस्या, दुःख, कामको बोझ, बुहारीन, सबैभन्दा अघि उठ्नुपर्ने, परिवारमा सबैभन्दा पछि सुत्नुपर्ने, सासूससुराको सुसार, पतिदेव भनाउँदाको सेवा आदिआदि कामले कहिले फुर्सद नपाइने, सधैं अरुको लागि बाँच्नुपर्ने,ठठ सबैलाई खुसी बनाउनुपर्ने समस्याले आजिज भएर चाँडै नै उनी पुनः परमेश्वरको दैलो घच्घच्याउन पुगे, "प्रभु, यो स्थितिको विपर्यय मलाई सह्य भएन । करजोरी बिन्ती गर्छु मलाई फेरि पुरुष बनाइपाऊँ ।"

दिनदिनको उनको अनुनय विनयपछि भगवान् उनको सामु प्रकट भए र उनलाई भने, "वत्स, ठीक छ, यो पटक पनि म तिम्रो इच्छा पूरा गरिदिन्छु, तर यसको लागि तिमीले अर्को नौ महिना कुर्नुपर्छ । किनकि तिमी अहिले गर्भवती छ्यौ ।"

– महाराजगञ्ज

दुई लघुकथा

❑ डा. रवीन्द्र समीर

१. नातो

उसले आफ्ना सम्पूर्ण सुखदुःखहरू मलाई सुनाउँछ । मैले पनि मेरा प्रत्येक क्षणहरू उसलाई सुम्पिन्छु । आफ्नो घर, परिवार तथा श्रीमतीलाई नबताएका गोप्य कुराहरू पनि हामी एक अर्का सामु छरपष्ट पार्छौं, किनकि ऊ र म बीच कुनै पनि नातो छैन ।

२. ऊ र म

उसले रुद्री, चण्डी, गीता, पुराण आदि पढ्न थाल्यो । मैले विज्ञान, चिकित्सा, शिक्षा कानुन आदि पढ्न थालें । उसले शिव, इन्द्र, विष्णु, ब्रह्मा आदिको जिवनी पढ्न थाल्यो । मैले आइन्स्टाइन, मण्डेला, राइट दाजुभाइ, न्यूटन, मदर टेरेसा आदिको जिवनी पढ्न थालें ।

उसले कोठाको भित्तामा ईश्वरका फोटाहरू टाँस्यो । मैले वैज्ञानिकका फोटाहरू टाँसें ।

उसले कर्मकाण्ड, पूजाआजा, प्रवचन आदि गर्न थाल्यो । मैले अनुसन्धान एवं अन्वेषण गर्न थालें ।

उसले विहान उठेर चन्द्रमाको पूजा गर्न थाल्यो । त्यति बेला मेरा पाइनालाले चन्द्रमा टेकिरहेका थिए ।

– गुल्मी

पो.व.नं. १३१४२, काठमाण्डौं ।

⊙ तिम्रो मित्री मन शान्त भयो भने सारा संसार शान्त भएको देख्न सकिन्छ । – योगवाशिष्ठ

⊙ जस्तै मूर्ख पनि प्रेममा बुद्धिमान् हुन्छ । – खलिल जिब्रान

⊙ परिश्रम नगर्नेलाई खाने अधिकार पनि हुँदैन । – बाइबल

⊙ राजनीतिमा लाग्नु आँधीमा उभिनु हो, साहित्यमा लाग्नु फूलबारीमा डुल्नु हो ।

– भीमनिधि तिवारी

व्यङ्ग्य

आधाआधि

❑ युवराज मैनाली

भावको प्रभावले अचेल मलाई यस्तोसंग गोंज्या छ कि साहित्यकारहरूको भावप्रवाह यसको अगाडि केही पनि छैन जस्तो पो लाग्न थाल्या छ। प्रजातन्त्रको श्राद्ध गर्ने पण्डित मौसमी सोह्रश्राद्धको अनिकाल छ भन्छन्। न त यमद्वार न त बागद्वार न हरिद्वार, बसी बसी हिंडी हिंडी गुडी गुडी पनि पिण्ड पिण्ड आफ्नै बत्तिस द्वारैबाट मन्त्र कुमन्त्र श्लोक अश्लोक फलाक्या फल्याक्यै छन्। अमेरिकी कुश भारतीय जौं तिल अनि चाहिने के के सर्वौषधि वा भनुं सरजामले सपिण्ड जोरिजार गऱ्यागऱ्यै छन्। तै पनि श्राद्धको अकाल, सोह्रश्राद्धको अकाल भनेर सन्नीपातका रोगी झैं उफदै छन्। टुप्पी भैंमा पछ्यरेर चाणक्य झैं उफ्रदै छन्। माड नलाग्या पण्डितको भुंडी लाग्या र भान्छामा बसेर चोक्टा चाख्या गृहणीको लुंदा लाग्या तालसुरको भाव प्रभाव टङ्कारै आफूमा पर्दा म पनि अचेल प्रजातन्त्रको भाव बुझ्ने पट्टी पो लाग्न थाल्या छु। लोग्नेलाई स्वास्नीले कान फुकेर घर उमाल्ने प्रजातन्त्र हो वा नन्दले नारिएर आमाजु ससुराज्यू उचाल्ने प्रजातन्त्र हो। खुट्याउने सुरमा हिंड्दा हिंड्दै सडकमा टायरको धुंवा धूप हालिए स्वास्थ्यवर्धक लेवेन्डर मान्नु पऱ्यापऱ्यै छ। दीप प्रज्ज्वलित तेलको साटो डिजेलको मुस्लोको आर ती ग्रहण गर्ने भगवान भन्दा बढी मान खाएर वरदान दिनु परिरहेकै छ। निषेधको बोली बोले थप पूजाको सम्भावना देखेरै पत्रकारको बोली लेखनी समेत टेपले टालिएको बेरिएको हेर्दाहेर्दै देख्दादेख्दै कुन मूर्ख मुख बाओस्। यसैले 'मौनं सम्पत्ति लक्षणम्' नै सर्व कल्याणको सन्मार्ग हो। सायद यो पनि प्रजातन्त्रको भावको प्रभाव हो क्यारे। प्रवाहको भिजाइको यौंटा सानो नमूना हो क्यारे। बुद्ध जन्मिएको देशको निम्ति गान्धी जन्मेको देश र यशुले हुर्काएको भेपको उपहार हो क्यारे। तपाइं भन्नुहोला, नाच्न नजान्नेको आंगन टेढो तेरो खप्परमा छ लेदो, आफ्नालाई सम्हाल्न सक्या हैन अर्कालाई लाउंछस् आंखा टेढो। बडो उपदेश अर्तिलागउंछस् बूढो। अर्ति उपदेश लाउने/पढ्याउने हैसियत नै कहां छ र आफ्नो। गोडा दसेक वर्ष अगाडि खुब हैसियर जोसिएर आफ्नो क्षेत्रको आफैले घाममा राँकिएर लाइनमा जाकिएर स्वस्तिक थप्पा लाएर जितेको नेताको विजय यात्रामा माला अबिर लिएर अगाडि पुग्दा हातै भाँचिने गरी कार्यकर्ता भनाउंदाले च्यापेर निमोठिंदिएको दिन हैसियत आफ्नो नापिन्थ्यो। यसैले साहस दुस्साहस दुवै गर्ने हैसियत गुमाइसकेको मजस्तो न बल्लो न पल्लो खाले मान्छेबाट यतातर्फ आंखा चिम्लेर पनि अघि बढ्ने काम हुनै सक्दैन। तैपनि प्रजातन्त्रको प्रवाह हो अलिकति बोल्न अलिकति लेख्न त किन नपाइएला भनेर मुण्टो माव उठाइएको हो। त्यो पनि प्रजातन्त्रको सिमा डाँडोभन्दा ग्लोवलाइजेसनको संसारिक घाँडो गाँडले गला खसखसाएर मात्र। आफू त यसै पाखे उसै पाखे। हिजोआज सहरिया भनेर जुन डम्म भ्यागुता झैं फुल्ने छन् नि, तिनका धर्नी पुऱ्याउने दुस्साहसलाई खुचिङ भन्न मन लाग्छ। सञ्चारले सिलटिम्बूर बनाईदिएका छन् अरुलाई भन्दा तिनलाई। जब संसारका देश देशबरै गाउं तुल्याइएका छन् भने तिनले आफूलाई सहरिया भनेर धक्कु लाउंदै हिड नभए पनि टालो बाँकि छ भनेर हिंडेका छन्। मेरो बाजेले घिउ खायो मेरो हात सुड् सुड् भनेर धक्कु लगाउन पुगेका हुन्। आखिर घिउ कहां गयो पारी हिजो आज त पकाइन्छ स्वारी जेरी। घिउ नै खाने हो भने कि जानु पऱ्यो सिमा पारी वा समुद्र पारी चिल्लै पार्ने हो भने डालडा नै रहनुहोस् दाढी

जुङ्गा मुसारी । यातायात खुल्ला, अर्थतन्त्र खुल्ला, बजार खुल्ला, सञ्चार साधन खुल्लै खुल्लाले यति झेल्ला गरिसक्यो कि अब आफूनै छोरी पनि आफूनो अङ्कको बीच भाग बाहेक अरु भाग देखाएर हिंडछन् सकेसम्म उघारी । सञ्चारको मायाजालको प्रभाव यति परिसक्यो कि बाटोघाटोमा चल्लाचल्लीहरू पनि आफसमा हिंड्छन् रुख लहरा झैं बटारिई । उहिलेको कुरा खुईलियो हजुर, तालु खुईलिए बिग लाउनु हुन्थ्यो । हिजो आज त मार्न/रोप्न पनि हुन्छ रे ! आलु खुईलिए झनै आलुदम उमाल्न सजिलो भो । कुरा, पुरानो खुईलिए नयां आफसें आफ/उमन्छ/उम्लिन्छ । कुरा खास त आफूलाई खुइल्याउन हुन्न के के देख/भोग्न पाइन्छ के के । देखादेख्दै ठेग्न भेट्न नसकेर टायरको धुवांको सुरक्षार्थ टियररयांस पङ्काउन थालियो तब मौकाको चौका हान्दै विज्ञानको ज्ञान उलियो डाक्टर अनि विषविदका कुरा उलिए । ए बाबा ! एउटाको उपभोग अर्काको प्रतिरोध, अर्काको प्रतिरोध फेरि अर्काको उपभोग । यो सत्ता र महलको जोडाइमा सबैलाई छ हतपत । यसैले प्रजातन्त्र पनि बाराही झैं हिलैमा छ लतपत ।

भावले म यति प्रभावित भएको छु कि मलाई बगिरहुं बगिरहुं लाग्दैछ । बग्ने कुरानै गर्ने हो । जस्तोसुकै भूमण्डलीकरणको कुरा गर्दा पनि खण्डको संस्कार पलाई हालिन्छ । वसुधैव कुटुम्बकम फलाकेको त हामीले पहिले देखिनै हो तर अर्तितर नगएर हामी नै स्वकुटुम्बको सकेसम्म छेदन र नसकेपछि कमसे कम मानमर्दनमा कम्मर कसेरै लागिरहेका नै छौं । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिरका प्रतिपादक पनि हामी नै हौं । बहावसंग बग्दा कुरा अर्कै हुन सक्छ । बहाव विपरीत बग्नुपर्छ हामीमा कला उत्पन्न हुन्छ । त्यो कला संचालनका लागि शक्ति खियाउनु पर्दछ ।

प्रजातन्त्र राज्यको सबभन्दा पुरानो अनि श्रेष्ठ सिद्धान्त हो । इसापूर्वनै युनान अनि रोममा प्रजातन्त्रको सेरोफेरोको घेरो बसेको थियो । दास र कमाराहरू चाहिं त्यो फल हेर्न पाउथे । चाख्न पाउंदैनथे । अनि रोममा त झन् टाठाबाठाका मण्डलीको शासनलाई नै प्रजातन्त्रको ताज पहिराइन्थ्यो । अझ त भारत वर्ष यो भन्दा अगाडि नै गणतन्त्रलाई गलामा पहिरिसकेको थियो । तर पछि हुंदाहुंदा तन्त्र मात्र हावी भएर मन्त्रमा सीमित हुनपुग्यो । शब्दकोश अक्सफोर्डको बोलीमा "जनताको शासन पद्धतिको त्यो रुप जसमा सर्वोच्च सत्ता या प्रभुसत्ता समस्त जनतामा र हुन्छ जसमा सबैको समान अधिकार समान हुन्छ" आदि लेखिएको छ । कुरामा बरदावरदै फेरि बरन छोडेर म शक्ति लगाउंदछु अर्थात् पौंडदै अघिको बाटातर्फ बरन खोज्दछु । राजनैतिक प्रजातन्त्र र बलपूर्वक बोकाइएकोले रगताम्य छ आज । सामाजिक आर्थिक वर्गीय विशेषाधिकारको सर्प, भ्यागुता र बिच्छीको त्रिकोणात्मक वृत्तमा जेलिएको कारणबाटै प्रजातन्त्र जेलिएको छ । जनताको प्रजातन्त्र कुन्नी कहिले आउंछ । अहिले त आएको छ टाठाबाठाको प्रजातन्त्र । शोषक सामन्तीको नव धनाढ्य वर्गको प्रजातन्त्र । यसैले त शिक्षा महत्वपूर्ण अधिकारमा दुई धारा छन् । एकधारा व्याइते सरकारी अर्को ल्याइते । व्याइतेको लागि छुट्टै नियम ल्याइतेको लागि छुट्टै नियम । ल्याइतेको दाइजो यौवन आदिले सम्पन्न । व्याइते उही पुरानो दरांको विपन्न । समाजवादीको एउटा खुट्टा चट बैसाखीले हिंडदछ ट्याक ट्याक । समतावादीका दुईटै खुट्टा मात्र होइन बोली बचने चट् । यसैले साम्राज्यवादी र विस्तारवादी शब्दनै सफाचट् । यसरी नै म भावप्रवाहमा बरदावरदै लक्ष्यमा पुगिरहन नसकेको कारण पनि यही न हो । बरदै गयो, फेरि शक्ति लगाउनै पर्यो । पौंडदै बहावको उल्टोकोल्टो पर्यो, आखिरमा जहांको त्यहीं । लाख्छ कुनै छिमेकीले स्टिमर अर्को मित्रले हेलिकोप्टर ल्याईदिए त प्रजातान्त्रिक लक्ष्यमा म पनि पुगुंला कि ? चाहे मोहकजी बन्धु होस् चाहे माहिनि गामिनी होउन् जो सुकैको गोप्यदानले हुन्छ मेरो महाकल्याण ।

□□□

कविता

काठमाण्डू म तँलाई माया गर्छु

❑ धनराज गिरी

थाहा छ मलाई
यतिखेर काठमाण्डू चेपिएको छ
सबैबाट हेपिएको छ
बिचरो काठमाण्डू !
प्यारो काठमाण्डू !

धान खाने मुसो चोट पाउने भ्यागुतो
तेरो कथा, तेरो व्यथा
पहेको छु साथी !
अरुले जे गरे पनि
म तँलाई माया गर्छु
हृदयदेखि नै माया गर्छु
सकारण माया गर्छु !
एक्लै एक्लै भए पनि
विश्व विद्यालयको अग्निपूजामा गए पनि
गुरु गोविन्द बनेर
मलाई ताते ताते गर्न सिकाउने
मेरो हृदयको देवतालाई
तैंले धेरै माया गरेकोछस्
फर्सीको जरा बनेर
गजपथमा विचरण गर्ने प्राज्ञपतिलाई
मेरो दैलो कुल्चिने बनाएको
अस्नि भर्खरै त हो
लिखित भएर पनि अलिखित हुने
तथाकथित् आख्यान पुरुष
चार भीमको खोजी गर्दै
स्वैरकल्पनामा डुबुल्की मार्दै
साठी वर्षमा भएको
हृदयघातको पीडालाई
छातीमै दबाएर
मीठो सुसेलीको धुनमा रमाउँदै
सुन्दै र सुनाउँदै

बाढी बनेर हामै खेतमा मलिलो पाडो माटो छोडी
हेल्लुस बनी कामदेवका पिना भएकाछन् ।
मधुशाला, सोमरस पारखी
मोराशका प्यारा, हाम्रा आँखाका तारा
भूमिपुत्रले न्यानो स्नेह बर्षाएका छन्
तेरै काखमा कट्टल सरको चोटपटक सहँदै
वासुदेव बनेर हीरादेवीको खोज गर्ने
डापीका बाउलाई यो कलम सलाम गर्दछ
रिसाए पनि खुसाए पनि
राम र लखनको नाता
कहिल्यै तोडिएला र ?

अविरल इन्द्रावती बगाउने काठमाण्डू
नयाँ सडकको गीत गाउने विकल मनभित्र
अथाह माया साँचेर
कुन्पाड काकाको गुरु बन्दै
गौंथली गुंडमा देवासुर सग्राम मच्चाएर
सूर्य नारायणको पूजा गर्दै
काठमाण्डू, म तँलाई माया गरिरहेछु
देवकोटा, सम र शिरोमणि
त्रिमूर्तिलाई शरण दिने
राष्ट्रकविले बास गरेको
पवित्र माटोलाई
म साच्ची नै माया गर्छु
बहिर्गमन र दुर्भिक्ष
जन्माउने नारायणलाई सलामको पनि सलाम

अग्नि पीडित समय रेखा
स्वच्छ छवि !
हाइकू कवि
प्यारा अभि !
कोटी कोटी प्रणाम !

मृगस्थलीमा
नीरोभै बाँसुरी बजाउँदै
खसेको डेस्कोमोनाको रुमाल र आफ्नै
हस्ताक्षर सँकिएर
रोइरहने, रोइरहने, साप्ताहिकमा व्यथा फोइरहने
कुन्सोड काकाका रिपूलाई सलाम !
सबै बादलाई सलाम !
काठमाण्डू, तेरो विवादलाई सलाम !

राजधानी मात्र होइन
आँखाको नानी पनि होस् हासो
कहिले विश्वास, कहिले धोका
कहिले ज्वाला, कहिले रोका
कतै जननेता, कतै टीके
कतै जगदीश घिमिरे, कतै सि.के
हिमाल, नेपाल, प्यारो कान्तिपुरलाई सलाम !

चेतनाको ज्योति जलाउने
प्यारो काठमाण्डू !
अब सक्छस् भने
न्याय नदिए पनि
हामीमाथि जानीजानी अन्याय नगर !
सहयोग नगरे पनि, असहयोग नगर !
फ्याँक बन्दुक, उठा उ कलम
गन घाउ, बाँड मलम
माग सामाजिक न्याय देउ
म अझै माया पनि गर्नेछु !

- *चितवन कविता*

कविता

शिथिल हृदय

❑ **इन्दिरा इन्दु**

शिथिल हृदय, शान्तिको प्रतीक्षामा
दिन प्रतिदिन ढुकढुक भइरहेछ
पहाडका कुना, कन्दरा र जङ्गलहरूमा
बास लिनेहरूलाई !
थकित नयनहरू नेपथ्यको बिम्बबाट
चिहाइरहेछन् ।
कलकल गरी सुन्दर जल बहने
दूधकोसी र सुनकोसीमा रगत मिसाउने
दाजुभाइहरूलाई
मन मस्तिष्कले बुझाउने क्षमता उसमा छैन,
किनकि, ऊ शिथिल छ !
कसैको दर्दनाक पीडा देखेको छ उसले,
त्यसैले ऊ शिथिल छ, अनि-
आँशुका भेलहरूले सृजित छ ।
विकृतिका ज्वालाहरू नियालिरहेछ एक नमासको
र, पनि वियोगान्त कविता कोर्न सकेका छैनन्
उसका हृदयहरू अनि हत्केलाहरू
हृदय शिथिल छ त्यसैले लखराइरहेछन्
हत्केलाहरू ! बाङ्गाटिङ्गा छन् कलमका डिकाहरू !
टोलाइरहेछन् नयनहरू !
निर्दोष नारीको बलात्कारमा
वृद्धका अपमानहरूमा, आक्रोपित छ, अनि-
रगतले लत्पतिएका आँगनहरू हेर्न विवश छ !

- *दियाले-१, ओखलढुङ्गा*

⊙ *बिरालो त्यसबेलासम्म साधु हुन्छ, जबसम्म उसको वरपर मुसा हुँदैन ।* - **जापानी उखान**
⊙ *सावधान ! समुद्रमा जति पानी छ, त्यो भन्दा बढी आँसु बगेको छ ।* - **गौतम बुद्ध**
⊙ *आफूमाथि आफ्नो अधिकार नै स्वतन्त्रताको अर्थ हो* - **हेगेल**
⊙ *दुर्वचनको प्रतिकार सहनशीलताले गर्नुपर्दछ ।* - **महात्मा गान्धी**
⊙ *जसको हृदय द्वेष र झगडाको आगोमा जल्ने गर्छ, उसलाई रातमा निद्रा पर्दैन ।* - **विदुर**
⊙ *उपदेश दिन सजिलो हुन्छ तर उपाय बताउन कठिन हुन्छ ।* - **रवीन्द्रनाथ टैगोर**

कथा

अव्यक्त पीडा

❑ हरिप्रसाद भण्डारी

उनी झस्किन् र झट्ट पछाडि फर्केर हेरिन् । केटाहरू उनलाई जिस्काउँदै हाँसिरहेका थिए । केटाहरूको व्यवहार देखेर उनलाई असह्य पीडा भयो, अनि तिनै मध्येको एउटा केटाका दुवै पाखुरा समाएर भयंकरै झपानं थालिन् ।

'लाज लाग्दैन तँलाई यसरी बाटामा हिँडिरहेकी एउटी महिलामाथि अभद्र व्यवहार गर्न ?' उनी रिसले आगो भएकी थिइन् र त्यस केटालाई काँचै खाउँला जस्तै गरी घुरेर हेरिरहेकी थिइन् ।

उनको आक्रामक शैली देखेर केटो डराएको थियो, लजाएको थियो र भाग्न खोजिरहेको थियो तर उनले बलियोसँग समाएकी हुँदा फुत्केर भाग्न सकिरहेको थिएन । उसले यसो गर्धन मोडेर वरिपरी आफ्ना साथीहरूलाई हेऱ्यो, कोही देखेन, सायद ऊ समातिएको देखेपछि अरुहरू भागिसकेका थिए ।

सहर न हो, बीच बजारमा एउटी वैशालु युवतीले केटा मान्छेलाई समातेर एकोहोरो खान लागेको देखेपछि वरपर रहेका मानिसहरूमा जिज्ञासा त जाग्छ नै । त्यस्तै भयो त्यहाँ पनि । क्षणभरमै रमितेको रूपमा त्यहाँ थुप्रै मानिसहरू जम्मा भए ।

"के भयो बहिनी ? के यसले तपाईको पाकेट मार्‍यो ?" एकजना युवकले जिज्ञासा राख्यो ।

"होइन, हेर्नोस् न ! देख्दा सानै छ तर बाटामा हिड्ने युवतीलाई जिस्काउँदो रहेछ, यसलाई .....!" युवतीको आक्रोस अझै शान्त भएको थिएन ।

"यसले तपाईलाई जिस्काएको ?" अचम्म मान्दै पछाडिबाट अर्को एकजनाले सोध्यो । उसको कुरा सुनेपछि अरु दुईचार जना दर्शकहरू गलल्ल हाँसे ।

"तालुमा सुंध्यो भने ज्वानाको हस्को हराएको छैन होला, तर हेर हेर यती ठूलीलाई जिस्काउन सक्ने ..... !" अर्को एक जनाले भन्यो ।

"के गरेको भाइ तैले ?" त्यही बोल्ने मध्येकै एकजना युवकले कहिले युवतीको अनुहारमा त कहिले केटातिर हेर्दै अलि कडा शब्दमा सोध्यो । उसले युवतीका पक्षमा बोलेर उनको सहानुभूति लिन चाहेको भान हुन्थ्यो । उसको प्रश्न सुनेपछि शुरुदेखि नै मौन रहेको केटो बिस्तारै बोल्यो- "रामले भनेर त हो नि ..... । मैले त केही नगरौं भनेकै थिएँ नि ।"

केटाको कुराले युवतीको रिस शान्त भएन । उनले "तँलाई मूर्ख अझ बोल्छस्" भन्दै रिसले पूर्ववत् दाह्रा बजाइन् ।

"कस्ता मान्तिएका छन् हिजो आजका केटाहरू ! खोई बहिनी कहाँ चिमोट्यो हेरौं त ।" एकजना युवकले ती युवतीको दायाँ कुमनिर मुसार्दै भन्यो र अनुहारतिर हेरेर घुटुक्क थुक निल्दै लामो सास फेऱ्यो । युवतीले चिमोटेको ठाउँ संकेत गर्न लाज मानिन् ।

युवकको व्यवहार देखेर अरु एक दुईजना युवकहरूले उसको डाह गरे । आफूले पहिले युवतीको शरीर मुसारेर सहानुभूति प्रकट गर्न नसकेकोमा पछुतो माने ।

क्षणभरमै त्यहाँ थुप्रै जनाले आ-आफ्नो तरिकाले युवतीप्रति सहानुभूति प्रकट गरेका थिए । तर त्यहाँ दर्शाइएको सहानुभूति युवतीको पीडाको पक्षमाभन्दा उनको यौवन र सुन्दरताका पक्षमा बढी भएको भान हुन्थ्यो ।

मृगस्थलीमा
नीरोमैं बाँसुरी बजाउँदै
खसेको डेस्कोमोनाको रुमाल र आफ्नै
हस्ताक्षर सँभिएर
रोइरहने, रोइरहने, साप्ताहिकमा व्यथा फोइरहने
कुन्सीड काकाका रिपूलाई सलाम !
सबै बादलाई सलाम !
काठमाण्डू, तेरो विवादलाई सलाम !

राजधानी मात्र होइन
आँखाको नानी पनि होस् हाम्रो
कहिले विश्वास, कहिले धोका
कहिले ज्वाला, कहिले रोका
कतै जननेता, कतै टीके
कतै जगदीश घिमिरे, कतै सि.के
हिमाल, नेपाल, प्यारो कान्तिपुरलाई सलाम !

चेतनाको ज्योति जलाउने
प्यारो काठमाण्डू !
अब सच्छस् भने
न्याय नदिए पनि
हामीमाथि जानीजानी अन्याय नगर !
सहयोग नगरे पनि, असहयोग नगर !
फर्याक बन्दुक, उठा उ कलम
गन घाउ, बाँड मलम
माग सामाजिक न्याय देउ
म अझै माया पनि गर्नेछु !

– *बितवन* कविता

कविता

शिथिल हृदय

❑ इन्दिरा हन्दु

शिथिल हृदय, शान्तिको प्रतीक्षामा
दिन प्रतिदिन ढुकढुक भइरहेछ
पहाडका कुना, कन्दरा र जङ्गलहरूमा
बास लिनेहरूलाई !
थकित नयनहरू नेपथ्यको विम्बवाट
चिहाइरहेछन् ।
कलकल गरी सुन्दर जल बहने
दूधकोसी र सुनकोसीमा रगत मिसाउने
दाजुभाइहरूलाई
मन मस्तिष्कले बुझाउने क्षमता उसमा छैन,
किनकि, ऊ शिथिल छ !
कसैको दर्दनाक पीडा देखेको छ उसले,
त्यसैले ऊ शिथिल छ, अनि-
आँशुका भेलहरूले सृजित छ ।
विकृतिका ज्वालाहरू नियालिरहेछ एक तमासको
र, पनि वियोगान्त कविता कोर्न सकेका छैनन्
उसका हृदयहरू अनि हत्केलाहरू
हृदय शिथिल छ त्यसैले लखराइरहेछन्
हत्केलाहरू ! वाङ्गाटिङ्गा छन् कलमका डिकाहरू !
टोलाइरहेछन् नयनहरू !
निर्दोष नारीको बलात्कारमा
वृद्धका अपमानहरूमा, आक्रोपित छ, अनि-
रगतले लत्पतिएका आँगनहरू हेर्न विवश छ !

– *दियाले-१, ओखलढुङ्गा*

⊙ *बिरालो त्यसबेलासम्म साधु हुन्छ, जबसम्म उसको वरपर मुसा हुँदैन ।* – **जापानी उखान**
⊙ *सावधान ! समुद्रमा जति पानी छ, त्यो भन्दा बढी आँसु बगेको छ ।* – **गौतम बुद्ध**
⊙ *आफूमाथि आफ्नो अधिकार नै स्वतन्त्रताको अर्थ हो* – **हेगेल**
⊙ *दुर्वचनको प्रतिकार सहनशीलताले गर्नुपर्दछ ।* – **महात्मा गान्धी**
⊙ *जसको हृदय द्वेष र झगडाको आगोमा जल्ने गर्छ, उसलाई रातमा निद्रा पर्दैन ।* – **विदुर**
⊙ *उपदेश दिन सजिलो हुन्छ तर उपाय बताउन कठिन हुन्छ ।* – **रवीन्द्रनाथ टैगोर**

"यस्ता छाडा केटाहरूलाई यत्तिकै छाड्नु हुँदैन, प्रहरीका जिम्मा लगाउनुपर्छ ।" केही बेर पछि त्यहीं भीडबाटै एउटा नौलो आवाज आयो ।

"हो, हो, यसलाई प्रहरीकै जिम्मा लगाउनुपर्छ ।" सामूहिक समर्थन देखियो ।

यो कुरा युवतीलाई पनि चित्त बुझेछ र यसलाई प्रहरीकै जिम्मा लगाउनु पर्छ भन्दै प्रहरी भएतिर तानिन् । सबै मिलेर त्यस केटालाई नजिकै रहेको प्रहरीठानामा बुझाए ।

सामान्य जाहेरी र बयान सुनेपछि प्रहरीले त्यो केटालाई झपाऱ्यो । अपशब्द समेत मिसाएर एक दुईटा गाली गऱ्यो र बिस्तारै युवतीतिर हेरेर मुसुक्क मुस्कुराउँदै नाम सोध्यो ।

"अञ्जना ।" युवतीले बिस्तारै जवाफ दिइन् ।

"अनि वर्ष .....?" हरेक प्रश्न सोध्दा उसले युवतीलाई तलदेखि माथिसम्म हेर्यो । घुटुक्क थुक निल्यो र बीचमा कहिलेकाहीं लामो सास फेर्यो ।

केहीबेरको छलफलपछि कानुनी रुपमै केटालाई कडा कारवाही गर्ने आश्वासन दिंदै युवतीलाई एक दुई दिन बिराएर त्यहां सम्पर्क राख्न अनुरोध गरियो । यसो भन्दा प्रहरीको नजर युवतीको अनुहारमा गडेकै थियो । युवतीले धेरै बेर उसको अनुहारमा हेर्न सकिनन् ।

"के भएको थियो हं अञ्जना हिजो ?" अर्कोदिन भेट हुंदासाथ आत्तिंदै सिर्जनाले सोधी ।

" के भयो र त्यस्तो ?"

"ल, हिजो तलाई कसले हातपात गऱ्यो रे नि त, होइन र ?"

"हातपात रे !" अचम्म मान्दै अञ्जनाले भनिन् ।

"अनि के त, आजको पत्रिका पढिनस् र तैले ?"

"के लेखेको छ र पत्रिकामा ?" अञ्जनाको मुटु ढुकढुक गर्न थाल्यो ।

'क्याम्पसबाट फर्कंदै गरेकी एउटी अञ्जना नामकी युवतीमाथि एउटा केटाले हातपात गरेको र प्रहरीले उक्त केटालाई समातेर कारवाही चलाइरहेको समाचार प्रकाशित भएको कुरा सुनाई ।

उक्त समाचारले व्यापकता लियो । अनायास अञ्जना चर्चाकी विषय बनिन् । सो घटना उनको लागि ठूलो चिन्ताको विषय बन्यो ।

त्यसको केही दिनपछि अञ्जना प्रजातन्त्र दिवसको कार्यक्रम मनाएर घर फर्कंदै थिइन् । बाटो एकान्त थियो । त्यस्तैमा एक्कासी एकजना रक्सीले मातिएको मान्छेसंग उनको जम्काभेट भयो । उनी उम्कन खोज्दा खोज्दै पनि उसले अञ्जनालाई समात्यो । उनको शरीरमा हातपात गर्न लाग्यो । उसको त्यस्तो व्यवहार देखेर उनी आत्तिइन्, छट्पटाइन् र फुत्कने प्रयत्न गरिन् । त्यससंग तानातान गर्दा उनका कपडा च्यातिए, कपाल अस्तव्यस्त भयो र शरीरको कतिपय भाग चिथोरियो पनि । उनले झट्ट पहिलेको घटना सम्झिन् । त्यसैले उनलाई गुहार गुहार भन्न पनि शाहस आएन । वरु यसो मौका पारेर त्यस अपराधीको पाखुरामा टोकिन् । टोकाइको पीडाले ऊ कराउन शुरु गऱ्यो त्यही मौका छोपेर उनी घरतिर दगुरिन् ।

उक्त घटनाले उनको मनमा अत्यन्तै ठूलो चोट पुऱ्यायो । त्यसप्रकारको गुण्डागर्दी र जङ्याहा प्रवृत्ति देखेर उनका मनमा घृणा जाग्यो । राज्यले त्यस्ता प्रवृत्तिलाई रोक्नका लागि कडा पहल नगरेकोमा मन दुखाइन् । केही पर प्रहरी कार्यालय थियो । तर उनले उक्त घटनालाई प्रहरी वा आफन्तलाई बताएर दोस्रो पटक चर्चाकी पात्र हुन चाहिनन् । मनले नचाहंदा नचाहंदै मनको पीडा मनभित्रै दबाउन बाध्य भइन् ।

साँझ अबेरसम्म पनि निन्द्रा परेन । मनमा पिरलो थियो । अपमानको बदला लिने तीव्र इच्छा थियो र भित्र भित्र विभिन्न प्रकारका विद्रोही भावनाहरू मडारिइरहेका थिए । कसै नभएपछि मन शान्त पार्ने विचारले रेडियो खोलिन् । रेडियोले प्रजातन्त्र, मानवधिकार र नारी स्वतन्त्रताका विषयमा चर्चा परिचर्चा गर्दै थियो ।

- पो.ब.नं. १०८२७, काठमाडौं

केही हाइकु

❑ अरुण खत्री 'नदी'

आजको दिन
म त बेहोस भएँ
तिम्रै यादले ।

आजको काम
आज नै गर्नु ठीक
भोलि बेठीक ।

हे मेरी आमा !
मेरो पिर नगर्नु
म फर्किनेछु ।

देश विकास
गछुं भन्यो नेताले
भोटको लागि ।

कविता लेख्दा
मसी सबै सुकेछ
कलमभित्र ।

पुलिस दाइ
निर्दोष व्यक्तिलाई
केही नगर्नू ।

नेपाली खाना
खाएको थिए मैले
गुन्द्रुक भात ।

गौतम बुद्ध
अशान्ति हटाउन
फर्केर आऊ ।

कविहरूले
कृष्णभीर गएर
शान्ति मागेथे ।

दाउरा घांस
यो छोरीलाई शिक्षा
कस्तो भविष्य !

सयको नोट
खल्तीमा देखाएर
मैले पट्याएं ।

फूलको माला
मलाई लगाउन
सालीले गासीन् ।

तिम्रो गालामा
चुम्बन गर्दाखेरी
म खुसी भएं ।

सडक हिंड्दा
ठेस लाग्यो मलाई
महिलासित ।

साँझको बेला
धुप बत्ति गछुं म
पूजा कोठामा ।

ससुरा बाले
छोरी दिए मलाई
सधैंका लागि ।

राष्ट्रिय झण्डा
फर्फराएको देखें
आफ्नै देशमा ।

जिस्किदा खेरी
भुन्याहा कुकुरले
मलाई टोक्यो ।

– सामाखुसी

⊙ युद्धको फैसला मैदानमा कहिल्यै हुँदैन, दुवै पक्ष वार्ताको टेबुलमा आउनैपर्छ ।
– चाउ एन लाई

⊙ आर्थिक विकास भनेको गाउँको सर्वाङ्गिण विकास हो । – वि.पी. कोइराला

⊙ सुनको सुद्धि वा मिसावट आगोमा नै देखिन्छ । – महाकवि कालीदास

⊙ असल कर्मद्वारा भाग्य पनि बदल्न सकिन्छ । – स्वामी विवेकानन्द

⊙ सबैभन्दा ठूलो कीर्ति प्रतिद्वन्दीद्वारा प्रशंसा गरिनु हो । – टामसयोर

⊙ इनार रित्तिएपछि मात्र पानीको मूल्य थाहा हुन्छ । – थोमस फुलर

समालोचना

'परन्तु यौटै मूर्तिना विराट्' गीतमा राष्ट्रिय चेतना

❑ जयन्ती रुपाखेती (पौडेल)

१.विषय प्रवेश

'परन्तु यौटै मूर्तिमा विराट्' कवि माधव घिमिरेको २०१५ सालमा रचना गरी पछि परिष्कृत गरिएको बुझिने उत्कृष्ट र लोकप्रिय गीतमध्ये एक हो ।[१] राष्ट्रिय एकताको साथै देशभक्तिको स्वर यसमा सुनेलिएको छ । भ्याउरे लयमा रचित ३+२, ३+२, ३+३ वर्णगुच्छको १६ अक्षरे लय पद्धतिमा यो गीत रचना गरिएको छ । किन्नरकिन्नरी गीति सङ्ग्रहमा सङ्कलित यो गीतमा सोह्र हरफ छन् । कविवर घिमिरेका अहिलेसम्म प्रकाशित भएका गीति कविता सङ्ग्रहहरू मध्येको प्रतिनिधि सङ्ग्रह[२] 'किन्नरकिन्नरी' हो । पूर्वार्ध र उत्तरार्ध गरी दुई भागमा विभाजित यस गीति सङ्ग्रह (२०३३) मा १५१ वटा गीत सङ्गृहित छन् र तीमध्ये यो गीत पनि एक हो । यस गीतमा राष्ट्रवादी भावनाको साथै प्रकृति चित्रण, नेपालको संस्कृति, सामाजिक जीवनको चर्चा समेत गरिएको छ ।

सर्वप्रथम यस गीतको बारेका विश्लेषण गर्नुभन्दा कवि घिमिरेको गीतकारको रूपमा परिचय गर्नु आवश्यक देखिन्छ ।

२. गीतकारको रुपमा कवि घिमिरेको परिचयः

नेपाली कविता विधाका विशिष्ट प्रतिभा एवम् अविश्रान्त साधक तथा युगान्तकारी स्रष्टा कवि माधव घिमिरे गीति कविताको क्षेत्रमा पनि अत्यन्त महत्वपूर्ण हस्ताक्षर मानिन्छन् ।[३] घिमिरेले गीति कविताको यात्रा १९९५ मा स्वदेश गीत लेखेर प्रारम्भ गरेका हुन् । उनका कविता सिद्धान्त र गीति मान्यताहरू आफ्नै किसिमका मौलिक, परिष्कृत र मनोहारी छन् । घिमिरे स्वयमकों शब्दमा भन्नु पर्दा "मन्द मुस्कान गीत हो भने गद्गद् वाणी कविता हो । मुस्कुराए मात्र पुग्ने बेलामा बोल्नु बढी हुन्छ । गीतले मात्र पुग्ने भावलाई कवितामा विस्तारित गर्नमा कला हुन्छ । कुनै भाव यति सुन्दर हुन्छ कि भावान्तर सोच्नै मन लाग्दैन । यसैलाई बारम्बार गाएर हृदयङ्गम गर्न मन लाग्छ । एउटै आनन्दलाई पल पल नौलो रूपमा प्रकट गर्ने कला गीत हो ।"[४]

गीतको यसरी परिभाषा दिने कवि घिमिरे लोकलयको कविताबाट यस क्षेत्रमा प्रवेश गरेका हुन् तापनि १९९९ सालको 'क्रोइली करायो' नामक रचना नै उनको स्वर सङ्गीत सहित यथा समयमा गाइन सकिने गायनोदृष्ट प्रथम गीत हो ।[५]

घिमिरे कवितामा गीतितत्व भन्दा विशेष संलग्न देखाउने कवि मात्र होइनन् स्वयम् गीतकार पनि हुन् । यद्यपि घिमिरे सामान्य वा कोरा गीतकार नभएर मूलतः कवितात्मक गीतकार वा काव्यगीतकार हुन् ।[६] उनको तीव्र गीति चेतना, सङ्गीत–प्रेम, लोकगीत गायनको श्रवण, लोकगीतको अनुशीलन र गीत रचनाशीलताले

---

१. डा. वासुदेव त्रिपाठी र अन्य नेपाली कविता भाग ४ (पुल्चोक साझा प्रकाशन पृ.१३८
२. कविवर श्री माधव घिमिरे, राष्ट्रिय अभिनन्दन समारोह समिति, (ललितपुर साझा प्रकाशन। पृष्ठ २७
३. पूर्ववत्
४. भानुभक्त पोखरेल, कवि घिमिरेको रचना योग, (ललितपुर, साझा प्रकाशन। पृष्ठ ३१६
५. पूर्ववत्
६. डा. शैलेन्द्रप्रकाश नेपाल, राष्ट्रकवि माधव

उनलाई गीतकारको शक्ति पनि पर्याप्त दिएका छन् । घिमिरे विशिष्ट श्रेणीका गीति कवि हुनुले गीतकारको रूपमा पनि उनको योगदान र हनगएको छ ।

घिमिरे (नयाँगानेश्वर, गण्डकी सामाजिक गुठी) पृ १७ कविवर घिमिरेले दुईसय लगभग गीत रचना गरेर केहीलाई सङ्गीतबद्ध गराई गायनमा पनि उतारिसकेका तथा अधिकांश प्रकाशमा पनि ल्याइसकेको देखिन्छ ।[७]

राष्ट्रप्रेम, संस्कृतिप्रेम तथा मानवीय व्यथा-वेदना, आशा-निराशा र उत्साह-उत्सुकता जस्ता कुरालाई उनका गीतहरूले आफ्नो विषयवस्तु बनाएका छन् ।[८]

२००३ सालदेखि भने कवि घिमिरेले गहिरो रूचि र अखण्डता कायम राखी स्वर सङ्गीतको सामञ्जस्यका साथ स्थायी अन्तरा र संगीको सन्तुलन मिलाएर लघु कलेवरका गायनोदृष्ट गीतहरू अनवरत रच्दै तथा रचिएका गीतहरू यथासम्भव गायकहरूका गलाबाट स-सङ्गीत गाउन समेत लगाउँदै आएको देखिन्छ ।[९] घिमिरेको सर्वप्रथम गाइएको गीत 'असारको आधारात' हो । यो गीत २००५ सालमा रत्नदासको स्वर-संगीतमा गाइएको थियो ।[१०] घिमिरेको गीतिसङ्ग्रह किन्नर किन्नरी एउटा मात्र छ तर यसमा कवि घिमिरेको १५१ वटा गीत र गीति कविताहरू सङ्कलित छन् । २००२ सालदेखि २०२९ सालसम्मको विभिन्न विषयमा लेखिएका गीत र गीति कविताहरू यसमा समाविष्ट भएका छन् ।

यसरी कविवर घिमिरे कवि, काव्यकार मात्र नभएर गीतकारको रूपमा पनि परिचित छन् ।

३. गीत, गीति कविता र प्रबन्ध गीत एक पहिचानः-

३.१ साहित्यका विभिन्न विधाहरू मध्ये कविता एक विशिष्ट विधा मानिन्छ । यसमा सूक्ति उखानदेखि लिएर गीत, गजल, मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्यजस्ता अनेकौं उपविधाहरू पर्दछन् ।[११]

गीतलाई विभिन्न आकार, प्रकार एवं अभिव्यञ्जनापद्धतिबाट वर्गीकरण गर्ने चलन छ । जस अनुसार गीत-गीतिकाव्य, (गीति कविता) प्रबन्धगीत, भनेर छुट्याइन्छ । गीत र गीति कविता दुवैमा गेयात्मकता हुन्छ तर गीतमा सङ्गीत आवश्यक पर्छ ।[१२] सङ्गीतबिना गायनको वास्तविक आस्वादन गर्न पाइँदैन । गीतले गायनमा सहज, संवेद्य बनेर श्रोताका मनमा सजिलै प्रवेश गर्ने अवसर प्राप्त गर्दछ । गीतिकविता भने साहित्यिक वा कलात्मक गीतको रूपमा देखापर्दछ । गीत साहै छोटो हुन्छ । छोटो हुनु नै यसको संरचनागत स्वरूप र स्वभाव हो ।[१३]

३.२ गीति कविता गीति तत्वलाई प्रमुखता दिएर लेखिएको हुन्छ । नेपालीमा यो गीतिकविता वा गीतिकाव्य अंग्रेजीको 'लिरिक्स' को समानर्थी शब्दको रूपमा प्रयोग भएको देखिन्छ । गीतिकविता, हर्ष, विषाद, करूणा, वीरता आदिका अनुभूतिहरूलाई चुनिएका

शब्दहरूद्वारा गाउन सकिने लयात्मक रूपमा प्रस्तुत गरिने कविताको एउटा विशिष्ट प्रकार हो[१४] । देवकोटाको मुनामदन गीतिकविताको क्षेत्रमा सर्वोत्तम उदाहरण मान्न सकिन्छ ।

३.३ प्रबन्ध गीतमा प्रबन्ध विधानको विस्तार र त्यसको संगै कथातत्व पनि फैलिँदै जान्छ । यसलाई 'आख्यान गीत' पनि भनिन्छ ।[१५] गीतिकाव्यकै एक विशिष्ट रूप यसलाई मानिन्छ ।

माधव घिमिरेको 'मालती मङ्गले' गीतिनाटक अत्यन्तै लोकप्रिय सिद्ध भएको छ । नाट्य, गीत

---

[७] पूर्ववत्

[८] भानुभक्त पोखरेल, पूर्ववत्

[९] पूर्ववत्

[१०] कविवर श्री माधव घिमिरे, ऐजन पृष्ठ ३२

[११] पूर्ववत् पृष्ठ २९

[११] कविवर माधव घिमिरे, पूर्ववत्

[१२] पूर्ववत्

[१३] कविवर श्रीमाधव घिमिरे, पूर्ववत पृष्ठ ३०

[१४] पूर्ववत पृष्ठ ३१

[१५] पूर्वत

र कवित्वको अन्तर संयोजन गरिएको यो कृति प्रबन्ध गीतको पनि उत्तम उदाहरण हो। घिमिरेका अन्य युप्रै 'प्रबन्ध गीत' का कृतिहरू प्रकाशित भएका छन् ।[१६]

४. परन्तु यौटै मूर्तिमा विराट् कवितामा प्राकृतिक, सांस्कृतिक र राष्ट्रिय चेतः-

यो कविता किन्नरकिन्नरी प्रसिद्ध गीति कविता सङ्ग्रहमा सङ्कलित छ। नेपालको प्राकृतिक, सांस्कृतिक र राष्ट्रिय चेतलाई देखाउन यो कविता अत्यन्तै सफल छ। कविताको शीर्षक 'परन्तु यौटै मूर्तिमा विराट्' ले नेपाल आमाको विभिन्न स्वरूपलाई देखाएको छ। कविताको शीर्षकबाटै राष्ट्रिय भावना झल्केको पाइन्छ।

४.१ प्रकृति चेत :- प्रसिद्ध हिमशिखर सगर माथा, धौलागिरी, कञ्चनजङ्घा आदि हिमालहरूको वर्णन गरेर लेखिएको यस कवितामा प्रकृति चेत पाइन्छ। प्रकृति चेत घिमिरेको महत्वपूर्ण काव्य विशेषता हो। खासगरी नेपालको हिमाली, पहाडी हिमचुली, आकास, वन, पहाड, खोलानाला, पोखरी, गाउँबेंसी, वनस्पति र पशुपञ्छी एवम् मौसमी सन्दर्भ आदिको चित्रणका दृष्टिले उनको प्रकृति चेत निकै सूक्ष्म र मर्मस्पर्शी रहेको छ।[१७] नेपाली संस्कृति र जनजीवनका पहाडी वैशिष्ट्यसँग उनको प्रकृति चेत गाँसिएको छ। तराईक्षेत्रतिर कम दृष्टि परे पनि पहाडी नेपालको प्राकृतिक सन्दर्भका सुन्दर, भीषण दुवै पक्षलाई तिनका रङ्ग, रूप, ध्वनि गन्ध, स्पर्श आदि इन्द्रिय संवेद्यता सहित प्रस्तुत गर्ने क्षमता उनमा छ।[१८] प्रकृति भाव, बिम्ब र प्रतीकका रूपमा पनि उनका कवितामा बारम्बार आइरहन्छन् ।

यस कवितामा पनि नेपाल आमाको विभिन्न स्वरूपलाई वर्णन गर्दै प्राकृतिक दृष्टिले कतै अग्ला हिमशिखर, कतै समथर मैदान छन् भन्दै कवितामा भनिएको छ –

"धवलागिरी, कञ्चनजङ्घा, सगरमाथाको
यो देश मेरो, पल पल रङ्ग बदल्ने पाखाको"
(दोस्रो श्लोक)

घिमिरे आफ्ना काव्यकृतिमा प्रकृति चेतको भावनालाई सार्थकता प्रदान गर्दै प्रकृतिको सेरोफेरोमा रमाउने प्रयास गरेका छन् ।[१९]

४.२ संस्कृति चेत :- कवि घिमिरे नेपाली लोकसंस्कृतिका उपासक हुन् ।[२०] आफ्ना काव्यकृतिहरू मार्फत् देशभित्रका विभिन्न जातजाति तथा सम्प्रदाय बीचमा प्रचलित लोक संस्कारको चित्रण गर्नमा उनको कवि प्रतिभा रमाएको पाइन्छ ।[२१] गण्डकी, कोशी, कर्णाली, मेरी र महाकालीजस्ता नदीले सिञ्चित गरेर राखेको यो देशमा सोरठी घाटू, भैलो र ख्याली जस्ता लोक संस्कृति झल्काउने लोक गायन र नृत्यलाई यी पङ्क्तिमा यसरी व्यक्त गरेका छन् ।

"गण्डकी, कोशी, कर्णाली, मेरी र महाकालीको
यो देश मेरो-सोरठी, घाटू, भैलो र ख्यालीको"

आफ्नो देशको कला संस्कृति, तीर्थ, मेला, पर्व, विभिन्न संस्कृति झल्काउने नाचहरू जस्तै सोरठी, घाटू आदिको वर्णन गरिएको यस कवितामा संस्कृति चेतको भावना पनि पाइन्छ। जस्तै :-

"हजार तीर्थ हजार मेला, हजार पर्व हे
परन्तु यौटै आँगनमा खेल्ने सुखको स्वर्ग हे ।"

४.३. राष्ट्रिय चेत :-

यस गीतमा राष्ट्रिय चेतको भावना प्रबल रूपमा सल्बलाएको छ। गीतको शीर्षकले नै राष्ट्रिय

---

१६. समा. वासुदेव त्रिपाठी, दैवराज न्यौपाने, (पुल्चोक साझा प्रकाशन) पृ. १२१
१७. डा. शैलेन्द्रप्रकाश नेपाल, पूर्वबत पृष्ठ ३६
१९. पूर्वबत् पृष्ठ ३५
२०. पूर्वबत
२१. पूर्वबत

चेतलाई प्रस्दयाएको छ । "परन्तु यौटै मूर्तिमा विराट्" यसको अर्थ हुन्छ नेपाल आमालें हजार थरिको रूप धारण गरे पनि उनी एउटै मूर्तिमा अवस्थित छिन् ।

घिमिरेको कवितत्वको महत्वपूर्ण प्राप्ति वा वैशिष्ठ्य राष्ट्रप्रेम वा देशभक्तिको भावना हो । उनी एउटा अनन्य देशभक्त कविको रूपमा पनि परिचित छन् ।[२२] राष्ट्र र राष्ट्रियताको बारेमा चिन्तन गर्नुलाई नै राष्ट्रचेत भनिन्छ । घिमिरे स्वयं रष्ट्रिकवि भएकाले आफ्ना प्रत्येकजसो काव्यमा राष्ट्रचेतको भावना वा रष्ट्रियतालाई देखाएकाछन् । रष्ट्रियता र रष्ट्रियएकताका पक्षधर कविवर माधव घिमिरे समकालीन र नवपुस्ताका लागि प्रेरणाका स्रोत र उत्साह भर्न सफल भएका छन् ।[२३] जातीय स्वाभिमान, आफ्नो गौरवमय इतिहास र वीरताको गुणगान गाएर कहिल्यै नथाक्ने कविले यस गीतमा राष्ट्रियताको जागरणमा सबैलाई उठाएका छन् । अनि नेपाल आमाको वा आफ्नो राष्ट्रको महिमा यसरी गाएका छन् ।

"नेपाल आमा ! कहीं छौ घाम, कहीं छौ छाया हे,
परन्तु सारा सन्तानमाथि एउटै माया हे,"

x x x

"हजार चुली तल्तिर हजार अलकापुरी हे,
परन्तु यौटै सुनको गजुर चाँदीको धुरी हे,"

'नेपाल आमाको विराट् स्वरूपको व्याख्या गर्दै कतै सुख सयलमा घामको उज्यालो दिएर नेपाल आमा हाँसिरहेकी छिन् भने कतै बादल वा छाया पारेकी छिन्, तर देशभरिका सारा जनतालाई आफ्नै छोराछोरी ठानेर समान रूपमा मायागरेकी छिन्' भन्दै कवि आफ्नो देश वा राष्ट्रको महिमा गाउँछन् ।

हजारौं हिमशिखर र हजारौं अलकापुरी समान रमणीय स्थल भएको यो देश एउटा मन्दिर समान छ भनेर कविले नेपालको प्राकृतिक सौन्दर्य अनि नेपाली जातिमा भएको एकताको भावनाको वर्णन गरेका छन् :-

"फुलवारी भरि छत्तिस थरी फूलै र फूलको
यो देश मेरो कठोर पौरख कोमल दिलको [२४]
हजार शिर, हजार हात, हजार पाउ हे
परन्तु यौटै मूर्तिमा विराट्, नेपाली नाउ हे"

यसरी नेपाल आमालाई एउटा विराट्, सुन्दर मूर्तिको रूपमा चित्रण गरेर त्यस मन्दिर को छानाको रूपमा हिमाललाई हेरिएको छ र हजार हात, हजार शिर, हजार पाउ भएकी नेपाल आमा; हजार तीर्थ, मेला, पर्वमा विभाजित रहे पनि अन्त्यमा एउटै स्वरूपकी हुन् भनिएको छ ।

विभिन्न धर्म, संस्कृति, भेशभुषा, विभिन्न तीर्थस्थल, प्राकृतिक सौन्दर्यले भरिएको देश नेपाललाई एक महिला वा आमाको रूपमा हेरेर कविले सिङ्गो नेपाल राष्ट्रको महिमा गाएका छन् । कवितामा नेपालमा भएका खोला, झरना, यहाँ मनाइने विभिन्न पर्व आदिको वर्णन गरेर कविले देशको प्राकृतिक, सांस्कृतिक, सामाजिक र राष्ट्रिय चेतको वर्णन गरेका छन् । गीतका प्रत्येक हरफमा नेपाल राष्ट्रको महिमा गाइएको छ । यो नै राष्ट्रवादी भावना हो ।

५. परन्तु यौटै मूर्तिमा विराट् गीतको समग्र विवेचना :-

५.१ लय यो गीत भयाउरे लयमा रचित छ । ३+२, ३+२, ३+३ वर्णगुच्छको १६ अक्षरे लयपद्धतिमा यो गीत रचिएको छ । यसमा शुरूका दुई पङ्क्ति स्थायीका रूपमा र चार-चार पङ्क्तिका ३ अन्तरा रहेका छन् । स्वर व्यञ्जन वर्णको अनुप्रासीय वितरणका साथै प्रभावकारी अन्त्यानुप्रास योजना र कतै कतै आदि अन्त्य वा मध्यान्तानुप्रासको पनि प्रवृत्ति रहेको छ ।[२५]

---

२२. कविवर श्रीमाधव घिमिरे अभिनन्दन ग्रन्थ, पूर्वोक्त पृष्ठ १२८
२३. सम्पदा, वासुदेव त्रिपाठी, नेपाली कविता सङ्ग्रह भाग ४ पूर्वोक्त १३९
२४. पूर्वोक्त
२५. पूर्वोक्त

५.२ छन्द, भाव, लालित्य

भयाउरे लयमा रचित यो गीतको छन्द संस्कृतको वर्णमात्रिक वा वार्णिक हो । कोमल पदचयनको लालित्यतर्फ पनि कविमा सचेतता र हेको छ । यसले गर्दा यसको आन्तरिक गीतिगुण पनि सम्मृद्ध देखापर्छ । कविताको संरचनामा स्थायी भावका प्रथम पङ्क्तिमा नेपालको घाम-छायाको वैशिष्ट्य भित्रै मायाको एकत्वको जुन समानान्तर भाव ठाँचा रहेको छ त्यसलाई अन्तरा भावमा प्रत्येक अनुच्छेदले पनि प्रकारान्तरले पच्छ्याएका छन् ।[२६] प्रत्येक अन्तराका तीन पङ्क्तिले अनेकत्व र अन्तिम एक पङ्क्तिले एकत्वको भाव ठाँचालाई बढाई यस भाव सञ्चयनबाट शीर्षकमा अङ्कित विराटतामा एकत्वको राष्ट्रिय चेतलाई परिपुष्ट तुल्याएका छन् । छन्द एवं पदलालित्यको सौष्ठवले पनि गीतलाई उत्कृष्ट बनाएको छ ।

६. निष्कर्ष:–

राष्ट्रिय भावनाले भरिपूर्ण यो गीत :-

"मेरो शिल्पी यस सकलमा स्वस्थ आकार देऊ
यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ ।"
(कालीगण्डकी)

भने झैं आकारमा संक्षिप्त भए पनि प्रचुर मात्रामा देशभक्ति वा राष्ट्रियताको स्वर पाइन्छ । किन्नरकिन्नरी गीतिकविता सङ्ग्रहमा सङ्कलित यस गीतमा अङ्कित शीर्षकले नै विराटतामा एकत्वको राष्ट्रिय चेतलाई परिपुष्ट बनाएको छ ।[२७] हिमालका सहस पाखा र चुलीको वैविध्यभित्र सुनौला गजुर र चाँदीका धुरीको एकत्व, त्यस्तै नदी, नाला र गीतिधारा एवं तीर्थ पर्वको सहस्रता भित्र उही स्वर्गीय सुखको प्राङ्गणको एक-एक अनि अनेक फूलको एउटै फूलबारी तथा अनेक कठोर पौरख र कोमल दिलका सहस अङ्गहरूको एउटै विराट् मूर्ति र एउटै नेपालीत्वका नामसूत्रमा यस गीतमा नेपाल आमाप्रतिको देशभक्ति भावलाई द्रवीभूत तुल्याई परिपाकमा पुऱ्याएका छन् ।[२७]

२०६० सालमा 'राष्ट्रकवि'को उपाधि प्राप्तगर्ने एक मात्र साहित्य स्रष्टा कवि घिमिरेको यस गीतमा राष्ट्रियताको स्वर प्रखर रूपमा घन्किएको छ । सिङ्गो नेपाल राष्ट्रलाई नै गीतको विषय बनाई नेपाल आमालाई एउटा मूर्तिमा अवस्थित तर विराट् स्वरूपमा नेपालको कला, संस्कृति, हिमाल, पहाड, नदी, यहाँको सभ्यताको वारमा वर्णन गर्नु नै राष्ट्रप्रतिको अगाध माया रहनु हो । यस गीतमा कविको तीव्र राष्ट्रचेतको भावना रहेको छ ।

सन्दर्भ - ग्रन्थ सूची

१. त्रिपाठी, वासुदेव र दैवज्ञराज न्यौपाने, नेपाली कविता भाग ४, २०४६ पुल्चोक साझा प्रकाशन ।
२. घिमिरे माधव, अभिनन्दन ग्रन्थ, र राष्ट्रिय अभिनन्दन समारोह, २०६० पुल्चोक साझा प्रकाशन ।
३. पोखरेल भानुभक्त कवि घिमिरेको र चनायोग, (समालोचना) २०५९, पुल्चोक साझा प्रकाशन
४. नेपाल, शैलेन्द्रप्रकाश, राष्ट्रकवि माधव घिमिरे, २०६१, नयाँवानेश्वर गण्डकी सामाजिक गुठी ।

२६ पूर्ववत २७ पूर्ववत्

⊙ *तर्क न त विज्ञान हो, न त कला । यो त खुराक हो ।* - **बेन्जामिन**

⊙ *मानिस आकाशको तारा समात्न हात फैलाउँछ, अनि आफ्नै खुट्टामा फुलेका फूलचाहिँ भुल्छ ।*
- **जेरेमी बेथम**

⊙ *पैसा असल नोकर र खराब मालिक हो ।* - **बेकन**

समालोचना

लक्ष्मी उप्रेतीको स्निग्ध अनुभूति: संक्षिप्त अध्ययन

❑ बाबुराम ओझा 'भाइ'

१) विषयप्रवेश

लक्ष्मी उप्रेतीको नाम अब नेपाली कविताको आकाशमा कुनै नौलो नभएर राष्ट्रियस्तरमा स्थापित र परिभाषित सुपरिचित नै ठहऱ्याउनु पर्दछ । बाल साहित्यका कथा र कविता विधाका साथ नेपाली कविताका क्षेत्रमा (बाल वाहेक) एक चौथाइ दर्जन कवितासङ्ग्रहमा झण्डै डेढसय छोटा छरिता कविताकी सिर्जनाकार दरिएकी छिन् अब लक्ष्मी उप्रेती । पचासको दशकबाटै साहित्यलेखन समातेकी उप्रेतीले झण्डै एक दशकभित्र (वि.स. २०५१-२०५९ प्रकाशनका दृष्टिले) बालसाहित्यमा मनेको म्याँ म्याँ (२०५७) नामको बालकविता सङ्ग्रह र कृष्णको पछुतो (२०५७) कर्मको फल (२०५८) तथा बुद्धिमान् बाँदर (२०५९) गरी तीन बालकथासङ्ग्रह प्रकाशित गरेकी छिन् । यसैगरी प्रकाशित कवितासङ्ग्रहतर्फ 'यौटा बाटो खोजिर हेछ जीवन' (२०५१), 'मृदुस्मृतिहरू (२०५६) र स्निग्ध अनुभूति (२०५९) गरी तीन वटा देखिन्छन् ।

उप्रेतिका बालकथाहरूले सरस, सरल र चोटिलो भाषामा बालकलाई ज्ञान र उपदेश सिकाउने, उनीहरूको आत्मविश्वास र जाँगर बढाउन प्रोत्साहन गर्ने अनि कलिला बालबालिकाका मस्तिष्कमा नैतिकताको लेप टँसाउने गर्दछन् भने उनका बालकविताहरूले भर्खरै मस्तिष्कको परिधि बिस्तार गरिरहेका बालकहरूलाई गेयात्मक ढङ्गमा प्रकृति र जगत्का विविध प्राणी तथा पदार्थको बोध गराएर तिनीहरूलाँग रमाउने माध्यम तय गरेको देखिन्छ ।

कवितासङ्ग्रहमा पहिलो 'यौटा बाटो खोजिरहेछ जीवन' भित्रका कविताहरूमा वर्तमानले आर्जित सुख-दुःखका निजात्मक अनुभवहरूलाई जीवन भोग्नुको पीडा भित्रै उजिल्याएर प्रकाशमय कल्पनामा दौडिएका आत्मविश्वासहरू शनै-शनै अभिव्यक्तिएका र भोगाइको हुँडलोले मनबाट निश्चित निकासमार्गको सन्धान गरिरहेका प्रतीत हुन्छन् । दोस्रो कवितासङ्ग्रह 'मृदुस्मृतिहरू'मा तिनै मनका अन्तर्भूत अनुभूतिका छालहरूलाई खोतली नवबान्की दिएर सन्तोषजनक निहाल्ने, वातावरणसँग स्पर्श गराउने तथा आगतदेखि विगतसम्मको जीवनमूल्यलाई तुलनात्मक अङ्कन गर्ने प्रयत्न भएको छ ।

२. शीर्षक :

यस कविता संगालो अथवा लामो कविताको शीर्षक स्निग्ध अनुभूति जुराइएको छ । विभिन्न समयमा लेखिएका एउटै शीर्षकका ६७ वटा अनुभूतिहरू स्निग्ध परिभाषित गरिएको भन्ने कवयित्रीको स्वीकारोक्ति (स्निग्ध अनुभूति: २०५९: पृष्ठ ११) कविता भित्रको वस्तु सर्वेक्षण र त्यसले स्निग्ध शब्दको अर्थ द्योतन गर्न सक्ने सामर्थ्यका सामान्य मापदण्डमा मूल्याङ्कित हुनु आवश्यक हुन्छ । संगालाभित्रका केही अनुभूतिहरू बिरागग्रसित मानसिकताका उपज नरहेका होइनन् तर अनुभूति टुङ्गयाउनीमा रागनिकटता चुम्ने कवितात्मक बान्की कवयित्रीको विशेषता नै बन्न गएको बुझिन्छ । कवितामा प्रेम समाप्तिएर जीवन विरक्तिएर, विश्वास बिक्री भई क्याक्टस उमारेर बाँचेको जीन्दगी साँच्चीकै निरर्थक रहने कुरामा दुई मत गर्ने ठाउँ नभए पनि आशाका अभिव्यक्तिहरू तुरुन्तै छचल्किएका छन् । यसर्थ जीवनको निरर्थकता केवल गुनासोमा सीमाङ्कित भई जीजिविषा मुखरित हुनुले उप्रेतीको कवित्वजीवन प्रतिको प्रेम र अनुरागनिष्ठ रहेको प्रष्ट भएको छ । अधिकांश कविताको शुरुवात जीवन शब्दबाट भएको र अन्य समय, तिमी, म, प्रेम, खुसी, फूल, आस्था, मन, उज्यालो आदिबाट

उच्चारित समस्त कविताहरूमा जीवनदर्शनको आशावादी अभिव्यक्ति मुखरित भएकाले 'स्निग्ध'ले बोक्ने प्रेममय र रागयुक्त भन्ने अर्थसमीप कृतिको शीर्षक सार्थक रहेको ठम्मिन्छ ।

३. संरचना

संरचनात्मक दृष्टिले जम्मा ८० पृष्ठको यस पुस्तककृतिभित्र ६७ पेज ओगटेका ६७ वटै छोटा कवितागुच्छाहरू सामेल भएका छन् । यसमा खण्ड, शीर्षक, उपशीर्षक आदिको विभाजन नगरी मात्र सख्याका आधारमा कवितागुच्छाको गणना गरिएको देखिन्छ । कविता सख्याका आधारमा हेर्दा यो कृति कवितासङ्ग्रह मानिन सक्ने अवस्था भए पनि एकै शीर्षक र एकै प्रकारको विषय संरक्षित अनुभूतिले यो कवितासङ्ग्रह नभएर अरु नै केही हो जस्तो लाग्छ । करीब बाह्रसय कविता पङ्क्तिको यो कृतिकाव्य अवयवका मापदण्डमा हेर्दा खण्डकाव्य स्तरीय रचना पनि हुन सक्ने देखिन्छ । अनुभूति शीर्षकमा जीवन, जगत, मृत्यु, प्रेम, विश्वास, समय आदिका टुक्राटुक्री अन्तर्भावनाका छालहरू निहित यो कृतिलाई लामो कविता भन्नु उपयुक्त हुन्छ र यो परम्परागत संरचनाको विरोधमा निस्केको प्रयोगशील संरचना भएको कविताकृति मानिन्छ ।

४. वस्तु :

'स्निग्ध अनुभूति' (२०५९, वनिता प्रकाशन) उप्रेतीका विगतका अनुभूति र स्मृतिको निरन्तरतासँगै वर्तमान जीवन जगतगत शून्यताभित्र हिजोका तिनै रसिला र बिरसिला वैयक्तिक अनुभवहरूको अभिव्यक्त्याईमा अनुभूति तरङ्गको अस्मिता बिछ्याइएको पछिल्लो कृति मानिन्छ । यस कृति भित्रका कविताहरूमा समयको कठोरतामा जीवन साट्नुपर्ने र विडम्बनापूर्ण जीवनको प्रवाह रचनात्मक रूपमा स्वीकारेर 'बाँच्नुको अहोभाग्य'लाई फुलाउनु पर्ने आवाज प्रवाहित छ ।

कविता हृदयका अनुभूतिको कलापूर्ण लयात्मक प्रस्तुति भएकाले यो भावनाको सुमधुर शाश्वत प्रवाह समेत मानिन्छ । कल्पनाको प्रधानतत्व बोकेर कविता कवि व्यक्तित्वका भाव, विचार र आन्तरिक दर्शनको गहिराई चुम्दै त्यस भित्रका अन्तर्भावनाहरू पाठकसामु अभिव्यक्तिन्छ । यसर्थ सार रूपमा भन्दा कविता कविको ज्ञान/चिन्तनको सुक्ताभिव्यक्ति हो, जो काव्य अवयवहरू समाउँदै अमूर्ततालाई मूर्ततामा अस्तित्व साटेर प्रकटिन्छ ।

कविताहरूमा हुनु र नहुनुको मध्यस्थता गर्न तम्मिएको जीवनको बाँध टुटिसकेकाले जीवन सन्नाटाको अर्थहीन मान्छेको विवशताभै अलपत्र परेको र अस्मिताका लागि भिख माग्दै भौतारिनुको व्यथा पोखिएको छ । आफ्नो छुट्टै पहिचान नहुनु र 'म' को परिचय 'तिमी'मा खोज्नुले कवितामा जीवनको पराधिन अस्मिताको उद्घोष देखिन्छ । आखिर यस्ता विषमावस्था विद्यमान खडा भए पनि विगतका अनुभूतिलाई स्मृतिको रङ्गीन स्वरुपमा जीवन साँचेर वर्तमान विमुख अवस्थामा बाँच्नु, बिताउनु र मृत्युलाई पखेनु पर्ने भाव उप्रेतीका अनुभूतिले पस्केको देखिन्छ । कवयित्रीका विचारमा जीवन विसङ्गत छ । आखिरमा यसलाई जिल्ल र यससँग हार्न नसकिने अवस्थामा आफूलाई आशाले फकाएर क्याक्टसको काँडा भएर जिउने अवस्था आजको मान्छेसँग रहेको छ ।

जीवन सापट दिने क्रममा
कोही मेरो छायाँ बन्यो
आफैसँग हिँड्न सक्ने
यौटा आस्था र माया बन्यो । (पृष्ठ ७९)

जीवनमा यस्तो तिक्तता रहँदैमा पनि यसलाई चम्काएर सौन्दर्यपूर्ण बनाउन सकें जीवनको मूल्यवान् पाटोलाई समाल्न सकिने धारणाकी पक्षधर उप्रेतीका कविताहरू जीवनवादी रहेका र तिनले जिउँनुसँगका विविध समस्या र सम्भावनालाई बिम्ब-प्रतीकादिको पगरी गुथाएर सरल प्रवाहमा छोडेका छन् । आखिरमा जिन्दगीमा पलायनवादी बन्नुको सट्टा भोगाइको नियतिलाई बुझेरै अनवरत संघर्ष गर्न सिक्नुपर्छ । सङ्गतिहीन शून्यताले गाँजेको जीन्दगीलाई सिर्जनाका फूलले

सजाउनु पर्छ र त्यही सुन्दर फूलको मुस्कुरावटसँगै 'नहुनु' मा 'हुनु' गरेर नदीको प्रवाहकै निरन्तरता दौडिरहनु पर्छ । यही वस्तुसत्यलाई कवयित्री यसरी अभिव्यक्त गर्छिन् ।

जीवनको यात्रा भन्नु त
नदीको प्रवाहमै बगिरहनु
अनवरत बगिरहनु
कहीं किनारा तोडेर कहीं किनारा जोडेर
समयसंग लम्किइरहनु हो । (पृष्ठ- ७१)

जीवनको सुन्दर जियाइमा प्रेमको महिमामय भूमिकालाई सर्कानु पर्छ नै । जीवन भन्नु प्रेम, आस्था, विश्वास, आदर्श, उदारता, यस्तै यस्तै तत्वहरूको समिश्रण हुन सक्छ । यी भावनातत्वको अभावमा जीवन विघटित र विशृङ्खलित मात्र बन्ने गर्दछ । प्रेमको फराकिलो आकाशभित्र आस्था र विश्वासको दियो बालेर जीवनसौन्दर्य खोज्नुपर्छ । प्रेमको यो महानता र आन्तरिक रहस्यलाई उप्रेतीले धेरै हदसम्म बुझ्नुले उनका अधिकांश अनुभूतिहरूमा प्रेमको महिमाले सिर्जित 'तिमी' र 'म' को सहअस्तित्वमा बँचाइको सौन्दर्य र एक-अर्काको समर्पण भाव अभिव्यक्तिएको पाइन्छ । कवितामा कवयित्री प्रेमको अभिव्यक्ति यसरी दिन्छिन् ।

प्रेम भनेको आस्था हो
मन हावा भएर डुले पनि
मन नदी बनेर बगे पनि
मन अँध्यारो उज्यालोको खेलमा
समाहित भए पनि
मैले मन तिमीलाई दिएको छु । (पृष्ठ ३२)

प्रकृतप्रदत्त हरेक भौतिक पदार्थहरू सुन्दरताको चमकले सजिएका हुन्छन् । प्रकृतिको मनमोहक छटाले सृष्टिका सम्पूर्ण प्राणीको र विशेष रुपले मानवको हृदय चुम्छ । झन् कवि कलाकारहरू त सौन्दर्यपिपासु भएकाले यस्तो जादुगरी मोहनीरुप समातेर आफ्ना सिर्जनालाई प्रकृतिको त्यही सौन्दर्यको आभा दिन्छन् । कवयित्री पनि यसबाट अछुतो रहन सकेकी छैनन् । जीवनको शाश्वतता र प्रकृति जीवनको तादात्म्यलाई उद्घोष गर्ने क्रममा उनका कवितामा गाउँगाउँमा आकाशको, खोलाको, पूर्णिमामा देखिने चाँदनीको, सौन्दर्यको वर्णन गरिएको छ । वसन्तको ऋतुमाधुर्यको खुँदो पिएर सप्तरङ्गी इन्द्रेणीको मादकतामा संसार चटक्क भुलाउने र सूर्यको अनुहार समुन्द्रमा लुकेको मनमोहक दृश्य अनि हजारौं तारागणका माझमा बसी नीलो आकाशलाई उज्यालो फ्याँक्ने चाँदनीको अनुपम दृश्य कवितामा उतारिएको छ ।

उप्रेतीका कवितामा अनुभूतिभित्र प्रकृतिको मोहनी छटामात्र मिसिएको छैन यहाँ नारी कोमलता र पराधीनताका सङ्केतहरूले वैयक्तिक अनुभूतिलाई झन् उजिल्याएको देखिन्छ । नारी हुनुको स्त्री कोमल स्वभाव, पुरुषसंग एकाकार भएको उसको अस्तित्व र यसैभित्र आएका घात प्रतिघातलाई नारी साहित्यकारको कल्पना प्रस्तुत कोमल र संवेदित हृदयले वस्तुगत रूपमा ग्रहण गरेर लयात्मकता भरेको पाइन्छ । नारी सौन्दर्यकी प्रतिमूर्तिमात्र होइन ऊ करुणाकी खानी समेत हो । कवितामा नारीको कोमल मन औंशीको रातमा एक अञ्जुली चन्द्रमा जीवनका सारा सपनालाई स्वैच्छिक आहुति दिएर भए पनि समर्पण गर्न तयार, आफूभित्रको रागात्मकताको सीमा क्षेत्रभित्रै प्रेमको गुलाफ बनेर फुलेको प्रेमीलाई सम्पूर्ण रूपमा अँगाल्न पाएर आल्हादित अनि तिमीसंगको सामीप्यमा आफ्ना मुस्कान हराएका ओठ र समयले चिथोरेको मुटुको घाउलाई भुल्दै मृदु मुस्कान सहित बाँच्न उद्धत देखिएको छ ।

४. भाषा शैली-शिल्प

भाषा मानवीय विचारको आदानप्रदान गर्ने एउटा सम्बन्ध सूत्र, शैली र विचार अभिव्यक्त गर्न अँगालिने ढङ्ग र शिल्प भाषाका माध्यमले विभिन्न तथ्यको समायोजित मिश्रणद्वारा सिर्जनालाई सजाउने प्रक्रया विशेष मानिन्छन् । कविले आफ्नो काव्यमा जीवन भोगाइको क्रममा अनुभूत कल्पना र यथार्थ भित्रका वैचारिक चिन्तनलाई प्रस्तुत गर्दा यसको सौन्दर्यतत्वको समेत ख्याल गर्नुपर्दछ र कवि यही सावधानीमा

भाषाको माध्यमबाट शब्द, छन्द अलंकार, बिम्ब, प्रतीकादिका सहायताले आफ्नो काव्यकृतिमा सौन्दर्यको सिर्जना गर्छ। यस 'स्निग्ध अनुभूति' भित्रका कविता गुच्छाहरूमा समेत शैल्पिक दृष्टिले अन्तर्निरीक्षण गर्दा प्रसस्तै शैल्पिक पहिचान पाउन सकिन्छ।

उप्रेतीका कवितामा शास्त्रीय छन्दको अनुसरण गरिएको नभएर आधुनिक गद्य कविताका पृथक-पृथक् लयको प्रयोग गरिएको छ। साङ्गीतिकता सहितको प्राज्जल्ल भाषामा कतै अभिधार्थ तहको सरल र कतै व्यञ्जनात्मक वा ध्वन्यात्मक अभिव्यक्ति स्पष्ट रूपमा ठम्मिएको छ। अलंकार प्रयोगका दृष्टिले कवितात्मक अभिव्यक्तिलाई शब्द मिश्रण समायोजन र अर्थ चामत्कारिकता दुवै पक्षबाट सजाउनका लागि शब्दालंकार र अर्थालंकारका विभिन्न रुपहरूलाई यथोचित किसिमले गरिएको प्रयोग त्यहाँ पाइन्छ। अनुप्रास, रुपक, उपमा, उत्प्रेक्षा अर्थान्तरन्यास आदि अलंकारको प्रयोग गरेर जीवन, प्रेम, समय, भविष्य, शब्द आदिका यथार्थता, र महिमालाई उजिल्याउने र अर्थ्याउने प्रयत्न भएको पाइन्छ। जीवनको बाँध टुटिसकेपछि आफैलाई नपाएर आफै खोजिरहेको अन्तर्भाव उत्कृष्ट गद्यलय र अन्त्यानुप्रास समाएर कवितामा यसरी पिजिएको छ।

कहिले भेटिनुमा कहीं कतै
कहिले हराउनुमा कहीं कतै
कुनै शब्दहरूमा
सङ्गीतका झङ्कार बजेनन्
बाँसुरीको धुन पनि बिलायो
सारङ्गीको तार पनि छिनायो
एकाएक स्वर पनि हरायो (पृष्ठ - २१)

कविताभित्र कवयित्रीका अन्तर्हृदयका भावनाहरू मूल रूपमा कविता वस्तु बनेर आएको हुँदा यहाँ बिम्ब र प्रतीकको पनि प्रयोग पर्याप्त पाइन्छ। काव्यलाई सुन्दर बनाउन यहाँ पूरै प्राकृतिक दृश्यहरू दृश्यबिम्बका रूपमा उपस्थित भएको देखिन्छ। आकाशको फराकिलो फाँट, वसन्तको मोहकता, इन्द्रेणीको सुन्दरता, सूर्यको समुन्द्रमा पोखिने मुहार, तिमी को रुप, प्रातकालको मौसम नदीको प्रवाह आदिको बिम्बात्मक सजावट कवितामा देखिन्छ।

उनको कवितामा बिम्बात्मक भाषाको प्रयोग मात्र नभएर प्रतीक योजना पनि उत्तिकै पाइन्छ। जीवनको सुख दुःख र जीवनयात्राको अनवरत दौरानमा अनुभूत अमूर्ततालाई सजीव र सशक्त रूपमा प्रस्तुत गर्न र भाषिक सौन्दर्यको श्रीपेज उँचो गराउन कवितामा प्रयुक्त प्रतीकहरू सहायक बनेको देखिन्छन्। यहाँ पीडा र वेदनाले निराश बनेको भोगाइलाई क्याक्टसको काँडामा प्रतीकीकरण गरिएको छ।

५. निष्कर्ष :

उप्रेती रचित यो 'स्निग्ध अनुभूति' कविता नेपाली कविता क्षेत्रमा एउटा भिन्न मौलिक बर्चश्व बोकेर उदाएको देखिन्छ। खण्डकाव्यस्तरीय लामो कविताको सरचनात्मक ढाँचामा रचित यो कविताकृति प्रयोगशील दृष्टिले समेत महत्वको मानिएको छ। यहाँ स्निग्ध अनुभूतिको एउटै शीर्षकमा रचिएका ६७ अनुभूतिहरूले जीवनका निस्सारता, विसर्जन, मृत्युबोध, शून्यता आदि पक्षहरूको चिन्तन मनन यस्तो असार र असङ्गत जीवन कर्मले फुलाउनु पर्ने कर्मवादी र समग्रमा जीवनवादी स्वर उराले को पाइन्छ। जीवन र प्रेमको परिभाषामा प्रेमको वास्तविक रहस्य खोतलिएको र नारी अन्तर्मनका पीडा र खुसीहरू छर्चल्किएका उप्रेतीका कविताले प्रकृतिको अनुपम सुन्दरताको वर्णन बिम्ब प्रतीकादिका सहायताले गरेको पाइन्छ। गद्य लयमा संरचित छोटा लामा अनुभूतिहरू आलंकारिकता र व्यञ्जनात्मकताले सजिएका छन्।

समग्रमा प्रयोगशील शिल्पमा संरचित लक्ष्मी उप्रेतीको यो 'स्निग्ध अनुभूति' नामको लामो कविताको स्तर पठनीय, संप्रेषणीय र नेपाली कविता क्षेत्रमा उर्ध्वारोहण गर्न प्रयासरत ठम्मिन्छ र भविष्यमा कवयित्रीबाट अझ स्तरीय काव्यकृतिको प्राप्त्या समेत नेपाली साहित्यको राखेको छ।

□□□

कथा

फुपूदिदी

❑ *महादेव अधिकारी*

मसानो छँदा अलि अलि कुरो बुझन र सम्झन थालेदेखिनै मलाई अति माया गर्ने खाना खुवाउने र काखमा लिने व्यक्ति एउटै थिइन् दिदी । हो दिदीको अनुहार मलाई अझै पनि झलक्क आँखाको अगाडि आइरहन्छ । चाउरी परेको गाला, गोलो अनुहार, सेतै फुलेका केशरासीहरू हसिलो मुहार र सुरिलो बोली । मेरी आमा भन्नुहुन्थ्यो- म जन्मँदा सबैभन्दा खुसीहुने व्यक्ति दिदी नै हुनुहुन्थ्यो रे । मलाई अचम्म त के लागेको थियो भने जसलाई मेरा दिदीहरूले दिदी भनेका थिए दिदीहरूको भनाइलाई पच्छ्याएर मैले पनि दिदी भनेको थिए, उहाँलाई मेरा बुवाले पनि दिदी नै भन्नुहुन्थ्यो । विस्तारै म पढ्दै र बढ्दै गएपछि थाहा भयो उहाँ त मेरी फुपूदिदी पो हुनुहुँदो रहेछ ।

एक दिन साँझको गोधुली चढ्दै आएको थियो । बुवा, आमा र दिदीहरू पल्लो पिँढीमा जातांनेर थुपारेर राखेका मकै सन्याईरहनुभएको थियो । म भने फुपूदिदीको काखमा लुटपुटिएर उहाँले छोड्याउँदै दिँदै गरेको पोलेको मकै खाइरहेको थिएँ । फुपूले मेरो गालामा म्वाइँ खाँदै मेरो भाइजस्तो राम्रो त संसारमै कोही छैन भन्नुभयो । भित्र बोलेको दउरावाट निस्केको धुँवा भयालवाट निस्केर पिँढीभरि रहगमडगिएको थियो । स्यान्दिदीले मकै पोल्दा आगो फुक्दा फुक्दा धुँवाले आँसु र सिगान निकाल्दै बाहिर आएर फयात्त बुवाको काखमा पोलेको मकै फाली दिएपछि मकै खाँदै बुवाले भन्नुभयो- के छोरालाई राम्रो भन्नुहुन्छ ! उमेरमा दिदीजत्तिकी राम्री यो खेलाटोलमा कोही पनि थिएन । थाहा छ एकपटक श्री ३ राणाले रामा-रामा केटीहरू खोजेर ल्याउनु भन्ने उर्दी दिएर मानिसहरू पठाएका बेला तिनीहरूले तपाइँलाई लान खोजेका थिए । बुवा आमाले कति बिन्ती गर्दा पनि मानेनन् । पछि उनीहरूलाई नेह्र वर्ष पुगेका केटीहरूमात्र ल्याउनु भन्ने राणाजीको आदेश भएको र तपाइँ एघार वर्षकी मात्र हुनुभएकोले छोडेर गएका थिए । त्यतिबेला तपाइँको उमेर नपुगेपछि वासपानीकी मगरकी छोरी धनमायालाई लगेका थिए ।

दिदीको काखमा बसेको म फुच्चेलाइँ बुवाका कुरा केही थाहै भएन । तर बुवा भने राणामहाराजले पत्याएकी आफ्नी दिदी भनेर गर्वले नाक ठाडो पार्दै सबैसँग सुनाउने गर्नुहुन्थ्यो । विस्तारै बुवाका भनाइ मैले सम्झन थालें । राज्य भरिका रामा केटीहरू खोजेर लगेपछि राणाजीहरूले तिनीहरूलाई के गर्दा हुन् ? त्यसरी लगिएका केटीहरू फेरि फर्केर घरमा आउन पाएकी पाएनन् होला । जे भए पनि मानो छँदा म फुपूदिदीलाइ असाध्यै सताउँथें । कहिले टौबाको परालमा लुकेर बसिदिन्थें । फुपू खोज्दै हिड्नु हुन्थ्यो- । उहाँ थाकेपछि म टौबाबाट हाँस्दै झर्दा दिदी रुँदै भन्नुहुन्थ्यो यसो नगरन बाबु तिमी ! बल्ल बल्ल अपुतालीको बार भएर जन्मेको पिउसो त्यो टौबाबाट ठाडै खस्यौ भने मेरो बाबु तिमी त ज्ञानी बन्नु पछ्ं दिदीलाइँ यसरी सताउनु हुँदैन भन्नुहुन्थ्यो र म पनि दिदीका कुरा बुझेकै गरेर ज्ञानी बनि दिन्थे । दिदी खुशी भएर मेरा गालामा चुम्माको वर्षा गराउनु हुन्थ्यो । अझ बिसँनै नसकिने कुरा त के थियो भने मैले जुठो नहालिदिएसम्म फुपूदिदीलाइँ खाना नै रुच्दैनथ्यो ।

कहिलेकाहीं हाम्रो घरमा ठूलो एकादशी (हरिसयनी र हरिबोधनी) मा चामलको भात पाक्दैनथ्यो । अनि मलाई मकैको भातमा घिउ हालेर दिदै आमाले खाउ बाबु भन्नुहुन्थ्यो । तर जसले जति कर गरे पनि मलाई रुच्दैनथ्यो । फुपूदिदीले आमालाई गाली गर्दै यस्ता अज्ञानले पनि औंशी एकादशी बानुपर्छ र ! खै छड्ड मैं पकाइदिन्छु भनेर हलोटको माने कसौंडीमा भात पकाइदिनु हुन्थ्यो । मलाई त्यति बेला सबैभन्दा ज्ञानी र मायालु फुपूदिदी मात्रै हुनु जस्तो लाग्दथ्यो । अरू त अरू एकादशीको दिनमा चामलको भात खाए पेटमा किरा पर्छन् रे भन्ने पौराणिक कथनलाई विश्वास गर्ने मेरी वृद्धफुपूले एकादशीमा मलाई भात खुवाउँदा म मात्तिएर उहाँलाई जूठो खुवाइ दिंदा मेरो मायाले नाई भन्नै सक्नुहुन्नथ्यो । आ.... कीरा परे पनि मेरै पेटमा परोस् भन्दै खाइदिनु हुन्थ्यो ।

समयसँगै म बढ्दै गएँ भने फुपू असक्त बन्दै जानुभयो । पछि पछि त मलाई फुपूले काखमा लिन पनि नसक्ने भएर नजिकै बस्न थालें फुपूले मेरो टाउको मुसार्दै तानेर मेरो टाउको उहाँको काखमा लगेर राख्नुहुन्थ्यो । अनि फुपूका धमिला खोविल्टे आँखाबाट बरर आँसु खसाउँदै यस्तो भाइलाई छोडेर जानेबेला भयो । दैवको खटनलाई स्वीकार्नै पर्यो भन्दै रुँदै गर्नुहुन्थ्यो । म अबोधले फुपूलाई भन्दथें- दिदी म पनि हजुरसँगै जान्छु । फुपूले त्वाम्लाङ्ग अंगालो हालेर ताई त्यस्तो कुरा गर्नुहुन्न बाबु भन्नुहुन्थ्यो । त्यसको केही दिनपछि नै दिदी ओछ्यान पर्नुभयो । आँगनमा तुलसीको मठ थियो । त्यही लगेर उहाँलाई राखियो । तीन दिनसम्म उहाँलाई चम्चाले पानी खुवाइयो । अलि बिसेक भएको होकि जस्तो देखियो र फेरि पिँढीमा सारियो । त्यही दिन दिदीले चौरासी वर्ष पूरा गर्नुभएछ । उहाँको दाँत सबै झरी सकेका थिए । आँत भरि सकेको थियो । उहाँको मुखबाट बारम्बार हे राम ! हे कृष्ण ! भन्ने शब्दमात्र निस्किइरहेका थिए । मलाई एक क्षण पनि भुइँमा बस्न नदिई काखमा लिइरहने दिदी कति दिन भयो म संग बोल्नु नै भएको थिएन । बुबाले बडाबासँग दिदीको चौरासी पूजा गरिदिने कुरा गर्नुभयो । बडाबाले पनि स्वीकृति दिनुभयो । बाहुन बोलाएर धुमधामले चौरासी पूजा दशदान र बैतर्नी गराइ दिए । त्यसो गरेपछि दिदी पिपैपिप र च्याल सिगान भएको बैतर्नी नदीमा नटेकीकन भुर्र उडेर स्वर्गमा पुग्नुहुन्छ रे । आज मलाई थाहा भयो बैतर्नी भनेको तृष्णा हराएर मृत्युलाई स्वीकार्नु रहेछ । कामधेनु गाई दान गर्नु भनेको सांसारीक मोहमा बाँधेर राख्ने काम वासनालाई त्यागिदिनु रहेछ । तर पनि मेरो आश्रित परिवार र दानशील बुबाले दान दक्षिणामा धेरै खर्च गर्नु भएको थियो । एकदिन बडाबा र बुबाको कानेखुशी मैले पनि सुनें । बडाबाले भन्नुभयो- विवाह गरेर दिएकी बहिनीलाई हामीले काजक्रिया गर्न धर्मले दिँदैन । अब के गर्ने हो कान्छा ! फुपूको विवाह भएको कुरा सुनेर मलाई कुतूहलता जागेर आयो ।

बुबासँग सोधें- बुबा दिदीलाई बिहे गरेर कहाँ दिइएको थियो । जिनाजुले बस्न नदिएको हो बुबा । मेरो कुरालाई बुबाले टार्न खोज्नुभयो । तर पनि मैले जिद्दी गरिरहें । अन्तमा बुबाले भन्नुभयो- दिदीलाई बेलटाडीका थापालाई दिएको थियो । दिदीले दुईवटा भाञ्जाहरूलाई पनि जन्माउनु भएको थियो । तर के गर्नु बाबु ! निष्ठुरी दैवको घनले दिदीकै थाप्लामा हान्यो । सातैदिनको फेर पारेर दुईवटै भाञ्जाहरूलाई ईश्वरले मनपराएर देवलोकतिर लगे । त्यसपछि दिदीले पुत्रशोकलाई वरण गर्न सक्नु भएन । उहाँलाई केही कुराको चेत भएन । बस्त्र वा निर्वस्त्र जेपायो त्यही बोल्दै जता सुकै दौडन थाल्नुभयो । भिनाजू आर्मीमा मेजर हुनुहुन्थ्यो । उहाँले दिदीको उपचार गर्नुको बदला इलामतिर काजमा जाँदा उनै अर्को विहे गर्नु भएछ । दिदीलाई हामीले ल्याएर उपचार गरायौं ।

दवाइले छुँदै छोएन । अन्तमा बिरौंटो खेत बेचेर भारतको राँची लगियो । त्यहाँ तीन महिना राखेर उपचार गराए पछि ठीक भयो र लिएर आयौं पुत्र । वियोग भएको घरमा उहाँ पनि जान मान्नुभएन र भिनाजु पनि फर्केर यता आउनु भएन ।

रातको एघार बजेको थियो । घरभरी सबै टोल छिमेकका दाजुभाइहरू जम्मा भएर बसेका थिए । दिदीको अन्तिम मुख हेर्न आउनेहरूको भीडले पिँढीमा वल्लो छेउदेखि पल्लो छेउसम्म टेक्ने ठाउँ खालि थिएन । आमाले चिया पकाएर सबैलाई बाडदै हुनुहुन्थ्यो । म डरले सुत्न नसकेर बुवाको काखमा बसिरहेको थिएँ । दिदीले तनक्क आड तन्काउनु भयो र पिलिक्क आँखा पल्टाएर दायाँ बायाँ खोज्नु भयो । कसैले केही बुझ्न सकेनन् । बुवाले मलाई दिदीको नजिकै लगेर राखिदिनु भयो । दिदीले मेरो टाउकोतिर हात लम्काउँदै हुनुहुन्थ्यो । उहाँको हात फत्रक्क लत्रियो र मुन्टो झोलियो । आँखा खुले थिए । कसैले दिदीको सास त आँखाबाट गयो भन्न थाले । घरमा रुवाबासी चल्यो । भोलिपल्ट सबैको सल्लाह सर्वसम्मतिले स्वीकृति भयो- दिदीलाई जोगिनी बनाई दिने । हाम्रो धर्ममा किया बस्न नमिल्नेहरूलाई जोगी बनाईदिने प्रथा छ । केही भाइ गोर्खाको भिरकोट गएर जोगीहरू बोलाएर ल्याए । कसैले पहेँलो बस्त्र लिएर आए । दिदीलाई पलेँटी कसाएर राखियो र कपालमुडेर पहेँलो वस्त्र लगाइयो । म दिदीको काखमा बस्छु भन्दै रुन थालें । आमाले आतिएर मेरो बाबु भन्दै च्याप्प मलाई काखमा च्याप्नु भयो । दिदीलाई पारी देउरालीमा लगेर खाडल खनेर राखियो । खाडलमा बसाएर हाम्रा साखा सन्तानजति सबैले नून र चामल राखि दिएपछि पुरेर त्यहाँ माथि चिहान बनाई दिए । मेरी त्यति जाति र ज्ञानी फुपूदिदीलाई निर्दयता साथ पुरेको देखेर म कोक्किइ कोक्किइ रोइरहें ।

– तनहूँ

तिमी र म

❑ *शिला तिवारी*

तिमीले र मैले यात्राको यही शुभ मोडबाट
एउटा उज्यालो भेट्नु पर्छ
संभावनाको खुडकिलो कुँदेर पर्छ
र, यही शृङ्खलाबाट माथि उठेर
पूर्व क्षितिजमा सृजना फैलाउनु पर्छ

प्रत्येक मानिस आफ्नै जीवन जिउँछन्
प्रत्येक मान्छे आफैमा विश्वास राख्छन्
तर, तिमी र म
एक अर्काको जीवन जिउनु पर्छ
एक अर्काको विश्वासमा बाँधिनु पर्छ
असंभव के छ र ?
जब तिमी मेरो प्रत्येक पाइलामा छौ
म तिम्रो हरेक भरोसामा छु
तिमी तिम्रो गोरेटो
यही समय हो हामीले
सुनौलो फूल फुलाउने ।

तिम्रो र मेरो ढुकढुकी
एउटा सुललित सङ्गीत बन्छ
तिमी गाइरहु सुस्तरी
त्यो गीत केवल तिम्रो र मेरो हुनेछ ।

यस समयमा अविश्वास र द्वेषहरू पखालेर
आऊ एउटा संकल्प गरौं
तिमी मलाई आफूमा समेट
म तिमीमा हराउँछु
अबका हरेक क्षण हुनेछन् केवल तिम्रा र मेरा

थुप्रै छन् हामी भित्र संभावनाका अङ्कुरहरू
आऊ यही विश्वासमा
एउटा नयाँ जीवन शुरु गरौं
त्यो सार्थक जीवनमा
उपस्थिति रहनेछ हामी दुवैको ।

❑❑❑

लघुकथा

शुभारम्भ

❑ भक्तकृष्ण 'साकार'

आज करिश्माको १७ औ जन्मदिन । साथै क्याम्पस प्रवेशको पहिलो वर्ष । घरको रौनक निकै बढेको छ । यसै उपलक्ष्यमा रमाइलो गर्न खानपिनको सानो कार्यक्रमको आयोजना गरिएको छ । जता हेर्‍यो उतै झकिझकाउ, रङ्गिचङ्गी बेलुन सजाइएको छ, अनेक रङ्का मधुर प्रकाशका किरण चारैतिर छरिएका छन् । झिलिमिली बत्तीहरू बलिरहेका छन् । बैठक कोठाको बीच भागमा गोलो टेबुल, त्यसमाथि पूरा १७ बटा मैनबत्ती ठड्याएको 'बर्थ-डे केक' सजाइएको छ ।

करिश्मा कविन्द्रकी एक्ली छोरी हुन् । दुई छोरापछिको तेस्रो सन्तानको रुपमा जन्मेकी करिश्मा सानैदेखि पढाइमा जेहन्दार छिन् । मेहनती छिन् । सहनशील, सरल स्वभावका कारण उनलाई दाजुहरूले पनि साह्रै माया गर्थे तर अहिले उनीहरू यहाँ छैनन् । ठूलो अमेरिकामा कम्प्यूटर विज्ञान पढ्न गएको छ भने सानो बेलायतमा डाक्टर पढ्न गएको छ । करिश्माकी आमा ऊ सानो छँदैमा यो संसार त्यागेर गएकी थिइन्, त्यसैले आमा कस्ती हुन्छिन् उसलाई थाहा छैन । तर बुबा कविन्द्रको असीम मायाले आमाको अभाव उसलाई कहिल्यै आभास हुन दिएन ।

धार्मिक विधिअनुसार परम्परागत रूपमा नवग्रह पूजा गरी पुरोहितद्वारा मन्त्र पाठ गराई शुभसाइतमा टीकाटालो गरी सगुन लिने काम बिहानै सम्पन्न भइसकेको थियो । करिश्मा साथीहरूको प्रतीक्षामा बाटो हेरिरहिन् ।

पाहुनाहरूको आगमन शुरु भइसकेको थियो । आफन्तहरू लगायत व्यापारी, बुद्धिजीवी, साथीभाइहरू धमाधम आउन थालिसके । करिश्माका साथीहरूलाई अलग्गै कोठाको व्यवस्था गरिएको थियो । उनका क्याम्पसका साथीहरूमा विशेष गरेर कमल, कमलेश, कविता, कर्ण, कमलाका साथै स्कूलका पुराना साथीहरू पनि आमन्त्रित थिए ।

"ल, अब मैनबत्ती बाल्ने होइन त करिश्मा ?" कमलाले सोधिन् ।

"होइन, सबभन्दा पहिले करिश्माको बुबालाई डाक्नुपर्‍यो । उहाँको अनुपस्थितिमा यो कार्यक्रम कसरी हुन्छ ?" कविताले भनिन् ।

"ल, बुबा पनि आउनुभयो " कमलले भन्यो ।

"के भइरहेछ यहाँ ?" कविन्द्रले आउनासाथ सोधे- "खै त छोरी, तिम्रा सबै साथीहरू आइसके त ?"

"हामी बुबालाई नै पर्खिरहेका हौं, अरु सबै ठीक भइसक्यो ।"

"लौ अब ढिलो नगरौं । छोरी ! मैनबत्ती बाल्न शुरु गरिहाल" कविन्द्रले भने ।

आफन्त, पाहुना र साथीहरू सबै टेबुल वरिपरि चारैतिर भेला भए । बर्थ-डे केकमा ठड्याइएका सबै मैनबत्तीमा करिश्माले दीप प्रज्ज्वलन गरिन् ।

"जन्मदिनको शुभकामना !"

लयमा लय मिलाई सङ्गीतबद्ध ढङ्गले पाहुनाहरू सबैले एकैसाथ जन्मदिनको शुभकामना दिँदै बधाइ दिए । हर्षोल्लास वातावरणमा तालीको करतल ध्वनि धेरै बेरसम्म बैठकमा गुञ्जिरह्यो । हाँसोको लहर गुञ्जियो, बैठकभरि खुसी सञ्चार भयो ।

"भगवान्‌ले सधैं यस्तै खुसी बसाइरहून् ।" कविन्द्रले करिश्माको लागि प्रार्थना गरे । "छोरी ! पहिले मैनबत्ती निभाऊ, अति केक काट र सबैलाई मुख मीठो गराऊ ।"

"हैन बुबा ! म आफ्नो जीवनको ज्योतिलाई निभाउन चाहन्न, यो विसइति हो ।" करिश्मा भावुक भइन् - "भलै हामीले विदेशी सस्कृतिलाई भित्र्याउन जन्मदिन मनाउछौं, यसको अर्थ यो होइन कि हामीले जुनसुकै विकृतिलाई पनि अंगाल्दै जाऔं । तिनीहरूले आफ्नो जन्मदिनमा कुन हिसाबले मैनबत्ती निभाउछन् त्यो भलाई थाहा छैन, तर मेरो विचारमा दीप प्रज्ज्वलन गर्नु भनेको जीवनको अंध्यारो पक्षलाई हटाएर चारैतिर उज्यालो किरण फैलाउनु हो, जीवनरुपी ज्योति जगमगाउनु हो । त्यसैले म यो मैनबत्ती निभाएर होइन जगमगाएर आफ्नो जन्मदिन मनाउछु ।"

"वाह ! कति उत्तम विचार !" खुसीले प्रफुल्ल हुँदै कविन्द्रले भने- "स्याबास् छोरी, तिमीले एउटा नौलो प्रयोगको थालनी गऱ्यौ । तिमीजस्ती बुद्धिमानी छोरीको बाबु बन्न पाएकोमा म आफूलाई गौरवान्वित ठान्छु ।"

करिश्माको निर्णय सुनेर त्यहाँ उपस्थित सबैले कानेखुसी गर्न थाले - "वास्तवमा कुरा सही हो, २१ औं शताब्दिको नाउंमा अर्काको नक्कल गरेर विदेशी विकृति भित्र्याउन हामो समाजलाई गतिलो पाठ हो यो । जीवन उज्यालोतिर पो धकेल्नुपर्छ, अंध्यारोमा होइन । बत्ती निभाएपछि त जीवन अंध्यारो भइहाल्छ नि !"

अब चमेनाको समय भयो । समूह-समूहमा आ-आफ्ना सम्बद्ध व्यक्तिहरूसँग गफ शुरु भए । करिश्माले आफ्ना प्रीयजन, आफन्त लगायत साथीहरूलाई केक बाँडिन् । त्यसको लगत्तै चमेनाका सामग्रीहरू एकपछि अर्को गर्दै ल्याइए । करिश्मा पनि साथीहरूसँगै सहभागी भइन् ।

□□□

कविता

किन ?

❑ उमा मिश्र

अनुहार सबैको उस्तै उस्तै
आँखा सबैको उस्तै उस्तै
हेराइ किन फरक भयो ?
किन तल्लो दर्जा र माथिल्लो दर्जा छुट्टियो ?

रगत सबैको रातो नै छ
मासु, हाड, छाला उस्तै उस्तै छ
शरीरको आकार र बनोट पनि
प्रायः त्यस्तै छ
मन, बुद्धि र मस्तिष्क पनि
उस्तै उस्तै छ
सोचाइ किन फरक भयो ?

एउटाको हातको गास
अर्काको मुखमा गएन
एउटाको घरको पाइलाले
अर्काको घरमा टेक्नु भएन किन ?
परमेश्वरको आवश्यक सबैलाई छ
आत्मा एउटै हो
सबैलाई ज्ञान छ
सबैलाई आफ्नो अन्तिम अवस्थाको ध्यान छ
र, पनि
किन मन्दिरमा सबैका पाइला पस्न सक्तैनन् ?
किन सबैको
हातको पानी सबैले पिउँदैनन् ?
ईश्वर सबैको एउटै हो
किन विचारहरू बेग्लाबेग्लै हुन्छन् ?
लक्ष्य सबैको एउटै हो
किन आचारहरू फरक फरक हुन्छन् ?
किन ?

□□□

कृति परिक्रमा

भावनाका तरङ्ग (कवितासङ्ग्रह)

नेपाली साहित्यमा विधागत उन्नयनका दृष्टि माफत् सूक्ष्म रूपमा केलाउँदा आधुनिक कविताहरूको आफ्नै किसिमको उत्तम छवि पाइन्छ। सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक कुराहरूलाई जीवन र जगत्का विविध पक्षहरूमा समेटेर कविता माफत् व्यक्त गरिएको हुन्छ। २०१२ पौष २९ गतेका दिन गलकोट बागलुङमा जन्मेर राजनीतिशास्त्रमा स्नातकोत्तर अध्ययन गरेकी सुशिक्षित तथा प्रतिभाशाली कवयित्री उन्नती बोहरा 'शिला' को 'भावनाका तरङ्ग' कवितासंग्रहभित्र ७६ वटा राष्ट्रलाई झल्काउने खालका कविताहरू राखिएका छन्। उहाँका कविताले जीवन र मानवताका रचनात्मक मूल्यका शान्तिमय स्पन्दनले प्राञ्जल अभिव्यक्ति पाइरहेको छ। उहाँको भावना मेचिदेखि महाकाली पुगेको छ, हिमालदेखि तराई झरेको छ। उकाली ओराली भन्याङ् चौतारीसम्म पुगेको छ। प्रेम प्रसङ्गदेखि देशभक्ति, मानवीय दुःख पीडा यथार्थमा समर्पित छ। उहाँको कवि हृदयमा दयाको भण्डार भरिएको छ। बल्झेको पुरानो घाउ कविताको माध्यमद्वारा यसरी कोट्टाइएको छ -

उडान भरी आकाश चुम्ने मेरा आकाङ्क्षाहरू
डुबी गहिरो सागरमा मोती चुन्ने रहरहरू
कसरी खसेछु फेरि उड्न नसक्ने गरी
कसरी हलुङ्गो भई छालसँगै बगी गएँछु नभेट्टिने गरी।

जीवन भोगाईको यथार्थ चित्रण मानवीय संवेदनाको उच्चतम प्रगाढता कल्पनाहरू र भावनात्मक बिम्ब प्रतिबिम्बहरूको बेजोड प्रस्तुति राष्ट्र र राष्ट्रियताप्रतिको आलौकिक प्रेम, विकृति र विसंगतिप्रति ज्वारभाटा आदिको कलात्मक संयोजन कविता नै हो।

भावनामा डुबिरहन मन पराउनु हुने कवयित्री उन्नती कहिले खुशीको चरम सीमालाई छुन सफल हुनुभएको छ भने कहिले दुखको पराकाष्ठामा नाघ्नुभएको छ। कहिले प्रेममा डुबुल्की मारी आफैंलाई हराउनुभएको छ, कहिले विछोडका पीडाहरूलाई कविताद्वारा तड्पाइरहनु भएको छ। कहिले. प्रकृतिको सुन्दर रसस्वादन पनि गर्नुभएको छ। कहिले देशप्रेमको अथाह समुद्रमा आफैंलाई पाउनुभएको पनि छ। उहाँको हृदयका पानाबाट निस्केका भावनाका तरङ्गहरूसग जिन्दगीका यात्रामा उहाँले आफैंलाई नै हिँडाइरहनु भएको छ। राष्ट्रिय सोच तथा सार्वभौमसत्ताप्रति समवेत विचारले नै राष्ट्र सुरक्षित रहन सक्छ भन्ने धारणा कवयित्री उन्नतीको अन्तरङ्ग धारणा हो। जुन धारणा यसवेला राजा, जनता, माटो र मुलुकको धारणा हो। कवयित्री उन्नतीले माटोको मायाको सन्दर्भमा यसरी कविता लेख्नुभएको छ -

संकटबाट देश गुज्रिरहेको वेला,
अशान्त र अन्योलको भुङ्गोमा राखिएको वेला,
स्वार्थ र लोभ त्यागी एकताका लागि बढ्औं हातमा हात,
पृथ्वीका दिव्य उपदेशलाई गर्दै आत्मसात्।

छपाई, शुद्धता, स्तरीय कागज अनि आकर्षक साज-सज्जाले पुस्तकको बाहिरी स्वरुप चित्त बुझ्दो छदैछ, कविता र कवितामा प्रस्तुत विषयवस्तु शैली भाषा आदिमा पनि खोट लगाउन मिल्ने ठाउँ छैन। भविष्यका प्रत्येक पलहरूले उहाँको सृजनामा अझ निखरता र परिमार्जन ल्याओस् र सफल कवयित्री बन्ने श्रेय प्राप्त हुन सकोस् यही शुभ-कामना।

सागरका कविताहरू (कवितासङ्ग्रह)

विगत झण्डै साढे तीन दशक अगाडिदेखि साहित्य साधनामा लागेका विजयगोविन्द श्रेष्ठको साहित्यिक नाम हो- विजय सागर। वि.स. २०२० को दशकदेखि नै फाट्टफुट्ट कथा र कविताको माध्यमबाट पत्रपत्रिकामा देखिन थालेका कवि विजय सागरको २०६० सालमा 'सागरका कथाहरू' नामक कृति प्रकाशित भएको थियो र २०६१ सालमा 'सागर का कविताहरू' नामक कवितासङ्ग्रह प्रकाशित भएको छ।

कविको यस कृतिभित्र यौटा जिउँदो यथार्थता, स्वर्णिम भविष्य, परिस्थिति तीन उदगार, आँखाको भाषा, लगायत २९ वटा कविताहरू समावेश गरिएका छन्। उनका कवितामा जतातत्तै देशको माटो दुखेको भेटिन्छ। जतातत्तै आँसु र रगत पोखिएको पाइन्छ। पसिना र आक्रोश, विद्रोह र क्रन्दन गुञ्जेको सुन्न सकिन्छ। विजय सागरको 'जितेर पनि हार्ने युद्ध' शीर्षकको कविता पढ्दा आफ्नै सन्तानलाई मारेर देशलाई अशान्त र भयावह पार्दै हामीले जितेर पनि हार्ने युद्ध लड्न खोजिरहेका छौं भनिएको छ। 'मकै फल्ने वारी र धान झुल्ने गराहरूमा फलामका डर लाग्दा बासहरू उमेका छन्' कविको कथन छ।

कवि सागरका जीवनका अधिकांश क्षण समाजका विभिन्न पेशा, व्यवसाय र वर्गका व्यक्तिहरूको सम्पर्कमा बितेका छन्। त्यसैले अधिकांश कविताहरू पढ्दा कविका वास्तविक जीवनका अनुभवको बारेमा टड्कारो छाप परेको देखिन्छ। 'उनका कविताहरूमा मुलुक र माटोको गन्ध छ। नेपालीले भोग्नुपरेका अप्ठेरा क्षणहरूको गुनासो छ। मानवीय मूल्यमा आएका ह्रासप्रतिको व्यापक चिन्ता छ र देशको सार्वभौमिकतामा आँच आउने आशङ्काप्रतिको व्यग्रता छ' भनी बालकृष्ण भट्टराईले भूमिकामा लेखेका छन्।

सागरका कविताहरूमा सरलता, सहजता र लयात्मकता यसरी छताछुल्ल पोखिएको छ -

वैंसमा मात्तिएर पात्तिएर
सधैं सधैं मस्त रहेर
अतृप्त आफ्ना चेला-चपेटा एवम्
कण्डक्टर र गुरुजीहरूलाई
धोकाउन सम्म धोकाएर
असमयमै जर्जर र बूढा भएका
साझाबस र ट्रलीबसहरू।

कृति : सागरका कविताहरू (कवितासङ्ग्रह)
लेखक : विजय सागर
प्रकाशक : गोविन्द परिवार, पाल्पा
मूल्य : रु. ४०/- संस्करण : प्रथम २०६१

अन्तरद्वन्द्व (लघुकथासङ्ग्रह)

लघुकथाकार राजुराम मुनकर्मीको अन्तर द्वन्द्व नामक लघुकथासङ्ग्रह पहिलो कृतिको रूपमा २०६२ सालमा प्रकाशित भएको छ। उक्त लघुकथासङ्ग्रह भित्र मुनकर्मीका 'यथार्थता', 'वचनबद्धता' 'भिजिट-९८', 'समाजसेवी' लगायत विभिन्न शीर्षकका ३६ वटा लघुकथाहरू प्रकाशित छन्। मुनकर्मीका लघुकथाहरूमा देखेका भोगेका वर्तमानका विभिन्न घटनाहरू रहेका छन्। जेलिंदै गएको सामाजिक र आर्थिक विसङ्गति, कुसंस्कार, राजनीतिक दुर्गन्ध, सामाजिक मान्यता अनि यही परिवेशमा अनेक दुःख सुख भोग्दै बाँच्न पर्ने आजको समयको चित्रण उनका कथामा छ। यही भोगाइलाई हटाउन राजुरामले लघुकथा लेखेर आफ्नो मन प्रसन्न तुल्याएका छन्। चोरले पनि कोक खान खोज्नु, कर्फ्युको रात मूर्ति चोरिनु, नक्कली श्रीमतीको भेद खुल्नु, बट्टाभित्र चुरोटको खिल्लीको साटो आफ्नो जीवन संगिनीको हस्ताक्षरित हृदयविदारक पत्र भेट्टिनु सहिदका छोराछोरीले पाउने कोटा मिचेर विदेश जाने मौका नेताले पाउनुजस्ता विषयलाई रोचक पारले लेखेर उनले आफ्नो लघुकथा लेखन क्षेत्रलाई उचाइमा पुऱ्याएका छन्।

'राजुरामका यस सङ्ग्रह भित्रका लघुकथाहरूले पाठकलाई वर्तमान समयको दुरावस्थाबारे राम्रैसँग खाका देखाए पनि उनले आफ्नो प्रस्तुति र विषयको विविधता देखाउन भने अझै बाँकी छ' धेरु मधिकर्मी भन्छन्। 'वास्तवमा लामा घटनाहरूका मुख्य मुख्य भनाई मात्र राखेर छोटो बनाउन जीवनको कुनै अंश, क्षण वा अनुभूतिलाई उदधृत गरिएको कथात्मक रचना नै लघुकथा हो भन्न सकिन्छ।' राजुरामले आफ्ना मनभित्रका कुराहरू सिधै र सहजरुपमा लघुकथा मार्फत् पाठक सामुन्ने पुऱ्याउँछन्। केही कथाहरूमा उनले पाठकलाई सिधै नभनी रोचक र उत्सुकता जगाउन घुमाउरो पारले कथाको अन्त्य गरेका छन्।

कृति : अन्तरद्वन्द्व
लेखक : राजुराम मुनकर्मी
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रालि.
संस्करण : प्रथम २०६२ जेष्ठ, प्रति : १०००/-
सहयोग : संस्थागत १००/- व्यक्तिगत ३०/-

❑ अरुण 'नदी'

सम्पादकीय

- आज दायित्वका प्रधान सम्पादकले प्रशन्नताबोध गर्नुपर्ने कुरा के छ भने अवदेखि दायित्व पत्रिकाको आर्थिक भार रामप्रसाद पन्तले मात्र बोक्नुपर्ने छैन ।
- हुनत दायित्व वाङ्मय प्रतिष्ठानको गठनपछि (२०५७ साल जेष्ठदेखि) अर्थात् दायित्वको ३८ औं अङ्कदेखि नै पत्रिकालाई प्रतिष्ठानमा भित्र्याइएको थियो । तर प्रतिष्ठानको प्रथम बार्मसराइमा आर्थिक बोझ थपिदिन उपयुक्त नदेखेर यस सम्पादकको नामसँग जोडिएको 'प्रकाशक'लाई प्रतिष्ठानको सम्मानका लागि अर्पण गरी पूरै अर्थिक बोझ आफ्नै काँधमा लिएको थियो । र, पत्रिका प्रकाशनलाई निरन्तरता दिँदै प्रतिष्ठानका सम्पूर्ण सदस्यहरूलाई पत्रिका निःशुल्क उपलब्ध गराउँदै आएको थियो ।
- प्रतिष्ठान गठन हुँदा १४ वसन्त् देखिसकेको दायित्व पत्रिकाले थुप्रै अनुभवहरू अन्तर्गर्भमा संगालिसकेको थियो । त्यस कालखण्डले भोग गरेको तीतोसत्य के थियो भने पत्रिका प्रकाशित गर्नु सजिलो काम होइन । पत्रिकालाई जीवनको सहयात्रामा लगाइरहेको सम्पादकको विवेक बोल्यो - भर्खरै जन्मेको शिशुलाई गर्दा मार काँधमा हालिदिंदा त्यो उठ्नै नसकेर बाङ्गिनसक्छ र यदि उठिहाल्यो भने पनि टाक्सिन सक्छ । यसकारण प्रतिष्ठानलाई हलुका र खुल्ला वातावरणमा सहज, सरल र स्वच्छ बाटोबाट डोऱ्याएर अघि बढाउनुपर्छ ।
- साँच्चै भन्ने हो भने दायित्वका सम्पादकको हृदयको आवाज नै यही थियो कि आखिर कुनै एक दिन दायित्वको उत्तरदायित्व कसैलाई सुम्पनै पर्छ । रामप्रसाद पन्त अजर मानिस पनि होइन, अमर मानिस पनि होइन । तसर्थ दायित्व रामप्रसाद पन्तको निर्विकल्प साधन होइन र हुने अविवेकी धृष्टता पनि रामप्रसाद पन्तले गरेको छैन / गर्नुहुन्न । यस शाश्वत सत्यलाई मनन गरेर नै यस सम्पादकले यस्तो सस्थाको परिकल्पना गरेको थियो- जसले दायित्व पत्रिकालाई अन्तर्गर्भमा लेओस् र पत्रिका जन्माउने प्रसववेदना निरन्तर खपिरहोस् । यसर्थ कि रामप्रसाद पन्तको भौतिक शरीर नरहे पनि रामप्रसादको अस्तित्व बाँचिरहोस् र रामप्रसादले परिकल्पना गरी स्थापित गरेको प्रतिष्ठानले गति लिइरहोस् - अनन्त अनन्तसम्म ।
- प्रतिष्ठान गठन भएको यस पाँच वर्षको यात्रामा दायित्वको सम्पादकले त्यो अवसर खोजिरह्यो, खोजिरह्यो । यस्तो अवसर कि प्रतिष्ठानसँग दायित्व बचाइराख्ने त्यस्तो कोषको व्यवस्था होस या स्रोतको प्रारुप तयार होस् र सञ्चालन गर्ने त्यस्तो विवेकशील कार्यसमिति बनोस्- जसको तादात्म्य सम्बन्धबाट दायित्व पत्रिकाले गति लिइरहोस् ।
- दायित्व पत्रिकाको १९ वर्षे इतिहासमा दायित्व सञ्चालन गर्दा सञ्चालन पक्षले कति दुःख कष्ट सहनुपर्‍यो कति हन्डर खानुपर्‍यो त्यो कष्ट र बोझ अबका सञ्चालकले झेल्नु/भोग्नु नपरोस् भन्ने सदिच्छा लिएर यस सम्पादकले त्यस अवसरको प्रतीक्षा गरिरह्यो ।
- सोचे अनुसार एउटा उज्यालो सङ्केत देखापर्‍यो - गत आर्थिक वर्ष ०६१/६२ मा । अर्थात सरकारका अलिकति आँखा खुले । सायद नेताका घैंटामा घाम लाग्यो कि वास्तवमा साहित्य,

संस्कृति र कलाले मानवीय जीवन र जगतमा सञ्जीवनीको काम गरेको रहेछ । फलस्वरुप साहित्यिक क्षेत्रमा योगदान गर्ने पत्रिका र साहित्यकारको हितका लागि केही रकम छुट्याइयो ।

- जे होस् एउटा असल कामको थालनी भयो । थालनी भैसकेपछि प्रक्रिया चटक्क छाडिहाल्न गाह्रै पर्छ । यस शुरुवातलाई सम्पूर्ण नेपाली साहित्यजगतले स्वागत गऱ्यो । यस पत्रिकाको सम्पादकलाई विशेष खुसी के लाग्यो भने अब प्रतिष्ठान माथि पत्रिकाको आर्थिक भार छोडदा प्रतिष्ठानले थेग्न सक्छ । विगतको घाटाबजेट, व्यक्तिको समर्पण र समयको हिसाबकिताब भने नगरौं/ नकोट्याउं । त्यसको कुनै अन्त्य छैन ।
- तदनन्तर कार्यसमितिको मिति २०६२ ज्येष्ठ २८ मा बसेको सल्लाहकार सहितको पूर्णबैठकले निर्णय गऱ्यो - अब (०६२/६३) देखि दायित्व पत्रिकाको आर्थिक व्यवभार पनि विधिवत् रूपमा प्रतिष्ठानमा रहने छ ।
- तर सरकारले एकातिरबाट आशाको किरण फैलाएर अर्कोतिरबाट साहित्यिक पत्रिकाको गतिमा ठस लगाउने काम गऱ्यो - विज्ञापनमा एकद्वार नीति ल्याएर । यस नीतिले समाचारमूलक पत्रिका मौलाउने भए, साहित्यिक पत्रिकाहरू बैलाउने भए । एक हातले चक्लेट दिने र अर्को हातले कान निमोठ्ने सरकारको यो कस्तो शैली हो ?
- वास्तवमा विगततिर फर्केर हेर्ने हो भने साहित्यको विकास र संरक्षण साहित्यकारहरू र साहित्यप्रेमी समाजबाटै भएको छ । सरकारले साहित्य, संस्कृति र कलाको संरक्षण गर्ने त्यस्तो कुनै दीर्घसोचाई वा दीर्घयोजना बनाएको पनि छैन र चासो पनि लिएको छैन । केही यस्ता शठ पनि देखिएका छन्, जसले साहित्यलाई अनुत्पादक भन्छन् र कर्केआँखा लगाउंछन् । ती दम्भीसंग साहित्योन्नयनमा लागेका वर्गले के आशा गर्ने ?
- त्यसैले अबको स्थिति पनि यसै दिशातिर उन्मुख हुंदैछ । यस्तै देखिदैगएको छ । सरकारी स्तबाट पाएको/पाउंदै आएको विज्ञापनसुविधा पनि खोसिंदै छ, साहित्यिक पत्रिकालाई शोषिंदै छ । अखबारी पत्रिकालाई पोषिंदै छ । अब साहित्यिक पत्रिकाहरूले व्यक्तिगत सम्पर्क भएका निजी उद्योगपति वा व्यवसायी बाहेक सरकारी वा अर्धसरकारी संस्थाको ढोका ढकढक्याउन नगए हुनेभयो । साहित्यिक पत्रिकाप्रतिको यो कस्तो सौतेनी व्यवहार हो ?

अब प्रसङ्ग बदलौं र दायित्व पत्रिकाको भविष्य चिन्तन गरौं ।

- दायित्व सञ्चालन सम्बन्धमा केही यस्ता प्रश्नहरू पनि छन् र ती अनुत्तरित छन् । उत्तरको खोजी हामी परिवारभित्रैबाटै खोज्नुपर्ने छ ।
- रामप्रसाद पन्तको कुरा गर्ने हो भने जागिरे रामप्रसादभन्दा साहित्यकार रामप्रसाद प्यारो भएको छ, साहित्यकार रामप्रसादभन्दा प्रतिष्ठानको अध्यक्ष प्यारो भएको छ र अध्यक्ष रामप्रसादभन्दा पनि दायित्वको प्रधान सम्पादक प्यारो हुनपुगेको छ । अर्थात् दायित्वको १९ वर्षे तपस्याले रामप्रसाद पन्तलाई सबैभन्दा बढी चिनाएको छ । मैले यसोभन्दा हिच्किचाउनु पर्दैन कि जुन पत्रिकाले प्रतिष्ठान जन्मायो, त्यसैले साहित्यकार रामप्रसाद पन्तलाई पनि चिनायो । मलाई लाग्छ - रामप्रसाद पन्तको भौतिक शरीरको अवसानपछि पनि दिवंगत रामप्रसाद पन्तलाई सबैभन्दा बढी दायित्वको प्रधान सम्पादकले नै चिनाउनेछ । त्यसैले यस सम्पादकको दायित्व पत्रिकाप्रति अत्यधिक मोह हुनु स्वाभाविकै हो ।

- प्रसङ्गले कोट्याउन खोजेको स्पष्टोक्ति यही नै हो कि पत्रिका प्रकाशनको औपचारिक जिम्मा प्रतिष्ठानलाई सुम्पे पनि रामप्रसादले बहन गर्दैआएको जिम्मेवारीमा अलिकति पनि तलमाथि पर्नेछैन । तर एउटा अकाट्य कुरा के हो भने प्रतिष्ठानका सदस्य र विशेषगरी कार्यसमितिका सदस्यहरूको मानसिकतामा परिवर्तन आउनुपर्छ, संलग्नता बढाउनुपर्छ र समर्पणभाव देखाउनुपर्दछ ।
- दायित्व भनेको कर्तव्यबोध हो । जब मानिसमा कर्तव्यबोध हुन्छ तब उसमा अपूर्णता, निराशा र अप्राप्ति भन्ने केही रहन्न । यही विश्वासमा रामप्रसाद बाँचेको छ र सन्तुष्ट छ । अब यो सन्तुष्टि प्रतिष्ठानका प्रत्येक सदस्यले लिनुपर्दछ । हिजो दायित्व पत्रिकाप्रति रामप्रसादको जिम्मेवारी बढी थियो होला, अब प्रतिष्ठानको हिस्सा प्रत्येक सदस्यको बराबर भएपछि पत्रिकाको हिस्सा पनि बराबर हुनु स्वाभाविकै हो ।
- विगतको अनुभवलाई सम्झेर मेरो हृदयबाट आवाज उठिरहेको छ- समर्पणभावको विकास अझै पूर्णरूपमा भइसकेको छैन । तर अब हामी सबैले मस्तिष्कको आँखा खोलौं र सोचाइमा परिवर्तन ल्याउं । दायित्व हामी सबैको हो भन्ने भावना राखौं र क्रियाशील संलग्नता प्रदर्शन गरौं । प्रतिष्ठानका सम्पूर्ण सदस्यमित्र र विशेषगरी कार्यसमितिका सदस्यहरूसंग मेरो यही सविनय आग्रह छ ।
- विजयादेशमी तथा शुभ दीपावली २०६२ को उपलक्ष्यमा विश्वकल्याणका लागि हार्दिक मङ्गलमय शुभकामना ।

दायित्व बोल्छ !

* 'दायित्व' मा रचना पठाउंदा रचनाको मूलकपि पठाउनु भई आफूसंग एकप्रति सुरक्षित राख्नु हुन र एकप्रति पासपोर्टसाइजको फोटो (संभवत: श्याम/श्वेत) समेत पठाउनु हुन,
* सफा र बुझिने अक्षरमा कागजको एकतर्फ मात्र लेखी रचना पठाउनु हुन,
* दायित्वमा पठाएका रचना उत्कृष्ट ठहरिएमा र समय सान्दर्भिक देखिएमा पछिल्ला अङ्कहरूमा पनि छपाउन सकिने भएकाले दायित्वमा प्रेषित रचनाहरू सूचना नगरी अन्यत्र नदिनु हुन,
* लेख रचनामा प्रकाशित विषयवस्तु तथा तथ्याङ्कहरूको उत्तरदायित्व सम्पादक एवं प्रकाशकमा नरही स्वयं लेखकमा रहने व्यहोरा अवगत गर्नुहुन,
* कृति परिचय गराउन चाहने महानुभावहरूले परिचयात्मक लेख र एकप्रति किताब वा दुई/दुईप्रति कृति उपलब्ध गराउनु हुन,
* दायित्वलाई सुपाठ्य एवं सर्वप्रिय बनाउनका लागि कविताका अतिरिक्त विविध विधाका सकेसम्म छोटा र गहन लेख रचनाहरू पठाई सहयोग गर्नुहुन,
* 'दायित्व' तपाईंहरूको दृष्टिमा कस्तो लाग्छ/ लाग्ने गरेकोछ ? प्रतिक्रिया लेखी पठाउनु हुन अनुरोध छ ।

तपाईंहरूका किताब हामीले पायौं ।
स्थानको परिधि, समीक्षकको समय र कृतिको गुणस्तरलाई ध्यानमा राखी मूल्याङ्कन हुने नै छ । - सं.

क्र.सं.	किताबको नाम	विधा	लेखक	प्रकाशक	पृष्ठ संख्या	मूल्य
१	कालीगण्डकी	खण्डकाव्य	युवराज शर्मा गौतम	श्रीमती शर्मा गौतम	६८+१२	१००
२	मलाई अध्यारो नै चाहिन्छ	कविता संग्रह	गीता काकी	बाणी प्रकाशन	६६+ २४	व्यक्तिगत ७५ संस्थागत १५०
३	टुक्रा टुक्रा आकाश	गजल सङ्ग्रह	ईश्वरी काकी 'वर्षा'	विवेक सिर्जनशील प्रकाशन	६४	व्यक्तिगत ४० संस्थागत १०५
४	बिधुवा भाउजुहरूको देश	कविता सङ्ग्रह	विष्णु सुवेदी	विवेक सिर्जनशील प्रकाशन	७९	व्यक्तिगत ४० संस्थागत १००
५	स्मृतिका लहरहरू	शोककाव्य	शान्तिनारायण श्रेष्ठ	सुश्री संगीता श्रेष्ठ	१०४+२	१००
६	नानीहरूलाई कोसेली	बालकथासङ्ग्रह	सं. माया ठकुरी, लक्ष्मी उप्रेती	वनिता प्रकान	९२	७५
७	विलापु इनाम (अन्तिम आग्रह)	लघुकथा सङ्ग्रह	आग्रह बनपाली	भक्तपुर साहित्य प्रतिष्ठान	१०२+१४	व्यक्तिगत ७५ संस्थागत १२५
८	पञ्चतन्त्रका कथाहरू	नीतिकथा	भुवनेश्वरी सत्याल	वनिता प्रकाशन	१६०	८०
९	नजुरको जोडी	कथासङ्ग्रह	माया ठकुरी	वनिता प्रकाशन (दोस्रो संस्करण)	७२	७५
१०	व्युहचक्र	उपन्यास	भरत जङ्गम	इन्द्र प्रकाशन	१४०+४	४५
११	काली सूर्य	उपन्यास	भरत जङ्गम	नेपाली आवाज प्रकाशन (घो.स.)	१३०+६	नै.रु. ७५ यूएसडलर २
१२	पोष्टमार्टम	लघुकथासङ्ग्रह	डा.रवीन्द्र समीर	दीपा पाण्डे	१८०+१०	उल्लेख नभएको
१३	गीत हासो	हास्य व्यङ्ग्य	बासुदेव गुरागाई	हासन प्रतिष्ठान	८७+१४	७५
१४	इतिहास अधुरै रहन्छ	कविता सङ्ग्रह	योगेन्द्र रेग्मी	उर्मिला रेग्मी पाण्डे	५२+१६	नै.रु. ९५ भारु. ५९ यु.डलर १.९५
१५	पुष्पलता: क्रान्तिदेखि शान्तिसम्म	गीतिकाव्य	महादेव अधिकारी	पुष्पलता प्रोडक्सन	९२+१५	५१
१६	समय स्पर्श	कविता सङ्ग्रह	लक्ष्मी उप्रेती	वनिता प्रकाशन	५६+१५	१००
१७	पोल्न बाध्य व्यथाहरू	गजलसङ्ग्रह	राजेश खतिवडा	गजल मञ्च नेपाल	७०	व्यक्तिगत ६५ संस्थागत १५०
१८	आँखाको खोजीमा	कवितासङ्ग्रह	दामोदर पुहासैनी 'किशोर'	वसुन्धरा- मान प्रतिष्ठान	९०+२७	नै.रु. २५१ भारु १५० यूएसडलर ७
१९	चमली- चन्द्र	महाकाव्य	गणेशबहादुर खत्री	एकीकृत विकास केन्द्र	१२७+१५	व्यक्तिगत १५० संस्थागत ३००
२०	दशथुङ्गा फूल	कथासङ्ग्रह	"	"	९४+१०	व्यक्तिगत १०० संस्थागत २००
२१	मेरो कवितासङ्ग्रह	कवितासङ्ग्रह	"	"	६४	व्यक्तिगत १०० संस्थागत २००
२२	समाज	सामाजिक नाटक	"	"	५८+१२	व्यक्तिगत १०० संस्थागत २००
२३	निर्धाहरूको बल	बालकथासङ्ग्रह	"	"	६०	१२५